शिक्षा क्षेत्रको आवधिक योजना

(२०८१ देखि २०९०)



स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

शारदा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

खलङ्गा, सल्यान

माघ, २०८१

शिक्षा क्षेत्रको योजना निर्माणमा संलग्न बिभिन्न समिति तथा पदाधिकारीहरू

मुल समिति

संयोजक - सुस्मिता सापकोटा सुनार, उप- प्रमुख

सदस्य - जंग बहादुर बुढामगर

सदस्य - बालकृष्ण बुढाथोकी

सदस्य - प्रकाश हमाल

सदस्य - समाज जागरण केन्द्र (स्याक) नेपाल

सदस्य सचिव - लिलाधर ववाल, शिक्षा युवा तथा खेलकुद शाखा

लेखन समिति

संयोजक - संगिता वुढा, शिक्षा युवा तथा खेलकुद शाखा

सदस्य – बालकृष्ण बुढाथोकी

सदस्य – नन्द बहादुर रोकाय

सदस्य- राम बहादुर भण्डारी

सदस्य सचिव- पुनम राना, कम्प्युटर अपरेटर, शिक्षा युवा तथा खेलकुद शाखा

विषयगत समिति कार्यदल

प्रारम्भिक बालविकास शिक्षा

संयोजक-शान्तीप्रभा पुरी

सदस्य- राम बहादुर भण्डारी

आधारभुत शिक्षा

संयोजक- रेशम गिरी

सदस्य- कृष्ण बहादुर वली

माध्यमिक शिक्षा

संयोजक- नन्द बहादुर रोकाय

सदस्य- संगम शाह

अनौपचारीक र आजीवन सिकाइ

संयोजक- मुना हमाल

सदस्य- उमेश खरेल

प्राविधिक तथा व्यवसायिक शिक्षा

संयोजक- आदित्य वली

सदस्य- माधव क्रम जि. सी.

अन्तरसम्वन्धित क्षेत्र

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याङ्कन

संयोजक- जंग बहादुर बुढामगर

सदस्य- तपेन्द्र वली

सदस्य - ललित पुन

शिक्षक व्यवस्थापन र विकास

संयोजक- वालकृष्ण बुढाथोकी

सदस्य- जंग बहादुर बुढामगर

सदस्य- उमेश खरेल

शिक्षामा समानता र समावेशीकरण

संयोजक- संगिता ववाल

सदस्य- दिपेन्द्र शाही

सदस्य- कृष्ण बहादुर बुढा

विद्यालयमा पोषण तथा स्वास्थ्य

संयोजक- विरेन्द्र हमाल

सदस्य- कमल वली

विद्यालयमा भौतिक पुर्वाधार

संयोजक- खगेन्द्र मल्ल

सदस्य- भगवती वोहोरा

विद्यालय सुरक्षा, विपद् न्युनीकरण तथा उत्थानशिलता

संयोजक- वीरेन्द्र कुमार राई

सदस्य- बालकृष्ण बुढाथोकी

विद्यालयमा सूचना तथा संचार

संयोजक- नन्द बहादुर रोकाय

सदस्य- कृष्ण बहादुर वली

उच्च शिक्षा विकास व्यवस्थापन

संयोजक- तुफानसिंह थापा

सदस्य- माधव विक्रम जि. सी.

शुसासन तथा व्यवस्थापन

संयोजक- डिल्लि रावत

सदस्य- दिपेन्द्र शाही

लगानी र स्रोत व्यवस्थापन

संयोजक- पूर्णभक्त राना

सदस्य- कमल वली

अनुगमन तथा मुल्यांकन

संयोजक- जंङ्ग बहादुर बुढामगर

सदस्य- संगिता बुढा

सदस्य – तपेन्द्र वली

प्राविधिक सहयोग

युनिसेफ/समाज जागरण केन्द्र (स्याक) नेपाल

यु.एस.ए.आइ.डि. समतामूलक र समावेशी शिक्षा

यु.एस.ए.आइ.डि. ईजिएल कार्यक्रम

रुम टु रिड

कार्यकारी साराशं

शारदा नगरपालिकाले गुणस्तरीय, समावेशीरपहुँचयोग्य शिक्षाको प्रत्याभूति गर्नका लागि दीर्घकालीन शिक्षा क्षेत्रको योजना तयार पारेको छ । यो योजना दिगो विकास लक्ष्य (SDG) का चौथो लक्ष्यसँग मेल खाने गरी, स्थानीय चुनौतीहरूको समाधान र शिक्षाको पहुँच विस्तारमा केन्द्रित छ। योजनाले नगरपालिकाभित्रका सबै तहका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिरअभिभावकहरूको सहकार्यमा शिक्षाको गुणस्तर सुधार्नका लागि ठोस रणनीति अघि सारेको छ । यस योजनाले विद्यालयहरूको भौतिक संरचना र शैक्षिक उपकरणहरूको स्तरवृद्धि, वञ्चित वर्गका बालबालिकाहरूलाई शिक्षामा समेट्ने, शिक्षकहरूको क्षमता विकासरडिजिटल शिक्षाको प्रवर्द्धनमा जोड दिएको छ। साथै, छात्रवृत्ति कार्यक्रम र विशेष आवश्यकता भएका बालबालिकाका लागि सहायक पहलहरू पनि समावेश गरीएका छन् । यो योजनाअन्तर्गत विद्यालयहरूको मर्मतसम्भार र नयाँ भवन निर्माण, बालबालिका भर्ना अभियान सञ्चालन, शिक्षकहरूका लागि तालिम, डिजिटल शिक्षामा आवश्यक उपकरणहरू (जस्तै, स्मार्ट बोर्ड, कम्प्युटररइन्टरनेट) को व्यवस्थारछात्रवृत्ति वितरणका कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ । बजेटको व्यवस्थाका लागि नगरपालिकाको आन्तिरिक बजेट, संघीय र प्रदेश सरकारको शिक्षा अनुदान तथा साझेदार संस्थाहरूको सहयोग उपयोग गरीनेछ ।

यस योजनाको लक्षित समूहमा प्राथमिकदेखि माध्यमिक तहका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिरअभिभावकहरू पर्छन् । विशेष रूपमा, आर्थीक रूपमा कमजोर, पिछडिएका र विशेष आवश्यकता भएका समुदायका बालबालिकाहरूलाई यस योजनाले प्राथमिकता दिएको छ । यस योजनाबाट विद्यालय भर्ना दरमा वृद्धि, विद्यालय छोड्ने दरमा कमी, शिक्षकहरूको दक्षता र व्यवस्थापन क्षमतामा सुधार, शिक्षामा प्रविधिको प्रभावकारी उपयोगरसमावेशी शिक्षाको प्रवर्द्धन हुने अपेक्षा गरीएको छ । समाजका हरेक वर्गका बालबालिकालाई शिक्षामा सहभागी गराउन, बालबालिका भर्ना अभियान सञ्चालन गरीनेछ । विशेष गरी आर्थीक रूपमा कमजोर, पिछडिएकारदुर्गम क्षेत्रका बालबालिकालाई लक्षित गर्दै छात्रवृत्ति कार्यक्रम र शिक्षामा पहुँच सहज बनाउने योजनाहरू अगाडि सारिएका छन् । शिक्षणको गुणस्तर सुधारका लागि शिक्षकहरूको क्षमता अभिवृद्धि अत्यावश्यक भएकाले यस योजनाले नियमित रूपमा प्रशिक्षक तालिम र कार्यशालाको आयोजना गर्ने व्यवस्था मिलाएको छ । वित्तीय स्रोतहरूको व्यवस्थापन योजनाको अर्को महत्त्वपूर्ण पाटो हो । नगरपालिकाको वार्षिक बजेटलाई प्राथमिक स्रोतका रूपमा उपयोग गर्दै, संघीय र प्रदेश सरकारको शिक्षा अनुदान तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा यस योजनाका क्रियाकलापहरू कार्यान्वयन गरीनेछ । यसले योजनाका लागि पर्याप्त स्रोत सुनिश्चित गर्दै कार्यक्रमहरूलाई दिगो रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउनेछ ।

यस योजनाको लक्ष्य नगरपालिकाभर शिक्षाको पहुँच विस्तार गर्दै विद्यालय छोड्ने दर घटाउनुका साथै शैक्षिक गुणस्तर सुधार गर्नु हो । शिक्षकहरूको दक्षता र शैक्षिक व्यवस्थापन सुधार गरी विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई उन्नत बनाउनु यसका प्रमुख उद्देश्य हुन् । प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन र समावेशी, समतामूलक शिक्षाको सुनिश्चिततातले दिगो शिक्षाको अवधारणा लागु गर्न मद्दत गर्ने र विद्यालय भर्ना दरमा उल्लेखनीय वृद्धि हुने छ । विशेष आवश्यकता भएका, आर्थीक रूपमा पिछडिएका र दुर्गम क्षेत्रका बालबालिकाहरू शिक्षाको पहुँचभित्र आउने, विद्यालय छोड्ने दरमा कमी आउने, शिक्षकहरूको दक्षतामा वृद्धि हुनेछ। प्रविधिको प्रभावकारी प्रयोगले शिक्षण सिकाइको गुणस्तर बढ्नेछ । शारदा नगरपालिकाको यो शिक्षा क्षेत्र योजना शिक्षाको क्षेत्रमा दीर्घकालीन सुधार र समग्र विकासको लागि कोशेढुंगा सावित हुनेछ । यसले नगरपालिकाभित्रको सामाजिक र आर्थीक विकासलाई पनि सुदृढ बनाउँदै दिगो र समावेशी शिक्षाको प्रवर्द्धन गर्ने अपेक्षा लिएको छ ।

दुई शब्द

शिक्षा प्रत्येक व्यक्तिको आधारभूत अधिकार मात्र नभई समृद्ध र दिगो समाज निर्माणको मूल आधार पनि हो। प्रकृति र समाजको यथार्थलाई बुझ्ने क्रममा मानिसले संगालेका अनुभव एवम् अनुभूतिहरुलाई ज्ञान भनिन्छ । अनुभव, प्रयोग,चिन्तन जस्ता माध्यमबाट मानिसले यस्तो ज्ञान प्राप्ति गर्नुलाई सिकाइ भनिन्छ। ज्ञानको हस्तान्तरण र उत्पादन गर्ने प्रक्रिया शिक्षा हो। तसर्थ शिक्षा र सिकाइ दुवैलाई ज्ञान, सीप, अनुभव प्राप्तिको प्रक्रियाकै रुपमा बुझ्न सकिन्छ। मानव जातीको विकासको प्रारम्भिक चरण देखि नै ज्ञान तथा अनुभवको हस्तान्तरण प्रक्रिया सुरू भएको हो। नयाँ नयाँ खोज र आविस्कारको परिणाम स्वरुप शिक्षाको दायरा फराकिलो बन्दै गएको छ। विज्ञान र प्रविधिले यसलाई थप सवलिकरण गरेको छ। व्यक्तिको सर्वाङ्गीण विकासका लागि अन्तरनिहीत प्रतिभा र क्षमताको प्रस्फुटन गराउने साधनको रूपमा शिक्षालाई केन्द्रित गर्न सुरुवात गरिएको छ। ज्ञान आर्जनका अनिगिन्ति तरिकाहरू प्रयोगमा आएका छन। प्रविधिले सिङ्गो ब्रह्माण्डभरको ज्ञान एवम् जानकारीहरू एउटै कोठाभित्रबाट प्राप्त गर्न सकिने अवसर जुटाउनुको साथै आफ्नो वौद्रिक उन्नयन गर्न सक्ने परिस्थिति सिर्जना गरिदिएको छ। शिक्षाले विश्वका विभिन्न देशको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवर्तनमा महत्वपूर्ण योगदान गरेको छ । शारदा नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकतामा राख्दै सबैका लागि गुणस्तरीय र पहुँचयोग्य शिक्षा सुनिश्चित गर्ने लक्ष्यका साथ यो योजना तयार गरेको छ। यो योजना केवल भौतिक संरचना निर्माणमा सीमित छैन; यसले गुणस्तरीय शिक्षाको प्रवर्द्धन, शिक्षकहरूको क्षमता विकास र विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा पहुँच विस्तार गर्ने ठोस रणनीति समेटेको छ। शिक्षामा डिजिटल प्रविधिको प्रयोगमार्फत नयाँ पुस्तालाई विश्व प्रतिस्पर्धामा सक्षम बनाउने हाम्रो मुख्य उद्देश्य हो। शिक्षाले हरेका समुदायको आफ्नो पहिचान प्रति सजग र गौरवसाली अनुभूति गराउदै सबैको भाषा, धर्म संस्कृतिलाई सम्मानजनक ढङ्गले स्वीकार गर्ने विविधतालाई सम्मान गर्ने कुरालाई सिकाउँछ।

'कसैले पनि शिक्षा प्राप्तिबाट वञ्चित हुन नपरोस्' भन्ने मूलमन्त्रलाई आत्मसात गर्दै हामी सबै नागरिकको सहकार्य र समर्थनका साथ शिक्षा क्षेत्रलाई समृद्ध बनाउने प्रतिवद्धता व्यक्त गर्दछौं। नगरपालिकाको यस योजनाले शिक्षालाई जनताको पहुँचमा ल्याउँदै उज्जवल भविष्य निर्माणको आधारस्तम्भ तयार गर्नेछ। हामी यो यात्रा सफल बनाउन सबै अभिभावक, शिक्षक र समुदायका सदस्यहरूको सक्रिय सहभागिता अपेक्षा गर्दछु। साथै यस योजना निर्माण तथा अद्यावधिक गर्न सहयोग पुराउने हुने सबै सरोकारवाला निकायहरुलाई हार्दिक धन्यवाद दिदै यस योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।

प्रकाश भण्डारी
नगर प्रमुख
शारदा नगरपालिका, सल्यान

मेरो भनाई

शिक्षा प्रत्येक व्यक्तिको आधारभूत अधिकार हो । शारदा नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई दीर्घकालीन समृद्धिको आधार मानेर गुणस्तरीय र समावेशी शिक्षा प्रदान गर्न यस योजनालाई प्राथमिकतामा राखेको छ। शिक्षाले मात्र व्यक्तिको जीवनस्तर सुधार गर्न सक्दैन, यसले समाजमा समानता र स्थायित्व पनि ल्याउँछ । त्यसैले, हाम्रो प्रमुख उद्देश्य शिक्षालाई सबैका लागि पहुँचयोग्य बनाउँदै प्रत्येक बालबालिकालाई विद्यालयसम्म ल्याउनु हो । यो योजना शिक्षामा गुणस्तरीय सुधार ल्याउन केन्द्रित छ। शिक्षकहरूको क्षमता विकासका लागि तालिम कार्यक्रम, विद्यालयहरूको भौतिक संरचना सुधाररडिजिटल शिक्षाको प्रवर्द्धन यस योजनाका मुख्य पक्ष हुन्। विशेष गरी, आर्थिक रूपमा कमजोर, पिछडिएका र दुर्गम क्षेत्रमा बसोबास गर्ने बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम तथा अन्य शैक्षिक क्रियाकलापमार्फत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ । यसले समाजमा समानता र अवसरको सिर्जना गर्ने र विद्यालय छोड्ने दरलाई न्यून गर्दै प्रत्येक बालबालिकाको निरन्तर सिकाइ सुनिश्चित गर्नु हाम्रो अर्को महत्त्वपूर्ण लक्ष्य हो । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्दै डिजिटल उपकरणहरूको उपलब्धता सुनिश्चित गरिनेछ । शिक्षामा आधुनिकता र स्थानीय आवश्यकता बीच सन्तुलन मिलाउँदै, नगरपालिकाले सबै तहका विद्यालयहरूलाई आवश्यक स्रोत र साधन प्रदान गर्ने लक्ष्य लिएको छ ।

म शारदा नगरपालिकाका सबै अभिभावक, शिक्षक र समुदायका सदस्यलाई यस योजनाको सफल कार्यान्वयनका लागि सहकार्य गर्न आग्रह गर्दछु । यो योजना केवल विद्यालयमा सुधार ल्याउने अभियान होइन, यो हाम्रो नगरको भविष्य निर्माण गर्ने प्रयास हो। शिक्षा क्षेत्रमा गरिएको यो लगानीले दीर्घकालीन समृद्धि र सामाजिक समानतामा ठूलो योगदान पुऱ्याउनेछ भन्ने मेरो विश्वास छ । यसै सन्दर्भमा यस योजना निर्माण गर्न व्यवस्थापकीय तथा प्राविधिक सहयोग पुर्याउने समाज जागरण केन्द्र (स्याक), रुम टु रिड, कार्यक्रमलाई हार्दिक धन्यवाद दिँदै योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

सुस्मिता सापकोटा सुनार
उप–प्रमुख
शारदा नगरपालिका, सल्यान

दुई शब्द

शिक्षा भनेको केवल पाठ्यक्रम अध्ययन मात्र होइन, यो जीवन निर्माण गर्ने आधार हो। शारदा नगरपालिकाले अघि सारेको यो शिक्षा योजना हाम्रो नगरको सामाजिक रूपान्तरण र दीर्घकालीन समृद्धिको लागि महत्त्वपूर्ण कोसेढुंगा सावित हुनेछ। यस योजनाले गुणस्तरीय शिक्षालाई सबैका लागि पहुँचयोग्य बनाउँदै, हरेक बालबालिकालाई सिकाइको समावेशी अवसर प्रदान गर्ने लक्ष्य राखेको छ । हाम्रो प्राथमिकता शिक्षा क्षेत्रको समग्र सुधारमा छ । यस योजनाले विद्यालयहरूको भौतिक संरचना सुधार, शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधिमैत्री शिक्षाको प्रवर्द्धनमा केन्द्रित छ । विशेष गरी, दुर्गम क्षेत्रका बालबालिकाका लागि छात्रवृत्ति र विशेष आवश्यकता भएका विद्यार्थीका लागि लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । यसले शिक्षा क्षेत्रलाई थप समावेशी र दिगो बनाउने विश्वास छ ।

नगरपालिकाको यो योजना शिक्षामा नवीनतम प्रविधि र स्रोतहरूको समुचित उपयोगमार्फत शिक्षण–सिकाइ प्रक्रियामा गुणस्तर वृद्धि गर्नेछ। शिक्षक र विद्यार्थी दुवैलाई डिजिटल प्रविधिको उपयोगमा तालिम दिइनेछ, जसले आधुनिक शिक्षाको अवसर सिर्जना गर्नेछ । यससँगै, नगरपालिकाले शिक्षाको पहुँच र गुणस्तरलाई सुदृढ गर्न सबै सरोकारवालासँग सहकार्य गर्नेछ। शारदा नगरपालिकाले शिक्षा क्षेत्रमा गरेको यो प्रयासलाई सफल बनाउन सबै पक्षहरूको साथ र समर्थन अपरिहार्य छ । म नगरका सबै अभिभावक, शिक्षक र समुदायका सदस्यहरूलाई यस योजनाको सफल कार्यान्वयनमा हातेमालो गर्न हार्दिक अपिल गर्दछु । शिक्षा क्षेत्रको सुधारले हाम्रो नगरको समृद्धि र प्रगतिमा दीर्घकालीन योगदान दिनेछ भन्ने मेरो विश्वास छ ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
शारदा नगरपालिका, सल्यान

दुई शब्द

एतिहासिक सभ्यताको परिदृश्यबाट हेर्दा नेपाल दार्शनिक चिन्तन, ज्ञान निमार्ण परम्परा र सिकाइ संस्कृतिको क्षेत्रमा उन्नत र सम्पन्न मलुक हो । शिक्षाले वौद्रिकताको साथै शिल र आचरणलाई पनि सम्यक बनाउन सिकाउनु पर्छ र बाहिरी ज्ञानको साथ आत्मचिन्तन र जीवनको अर्थ खोज्ने तुल्याउनु पर्छ भन्ने एक्काइसौँ शताब्दीको जटिल संसारमा झनै सान्दर्भिक भएको छ । अहिले हामीले हासिल गरेको लोकतन्त्रको सवलीकरणका लागि शिक्षा अपरिहार्य भएको छ भने शिक्षा प्रणाली स्वयम भित्र पनि लोकतान्त्रीकरण उत्तिकै आवश्यक छ । यसका लागि शिक्षाक्षेत्रको व्यापक सुधार र परिवर्तनको खाचो छ । अबको शिक्षाले "समद्ध नेपाल सुखी नेपाली" भन्ने हाम्रो राष्ट्रिय आकाङ्क्षा पूरा गर्नका निमित्त महत्वपूर्ण भुमिका खेल्न सक्नु पर्छ । नागरिक चेतना अभिविद्धि गर्दै मौलिक सभ्यता, संस्कृत, आचरण र व्यवहारको निर्माण एवम् प्रवर्धन गर्नु पर्दछ । गुरुकुल शिक्षा पद्धितिबाट विकसित हुदै प्रविधियुक्त आधुनिक शिक्षा प्रणालीको विकास सम्म आइपुग्दा नेपालको शिक्षा क्षेत्रले विभिन्न आरोह अवरोह पार गरिसकेको छ । यसै क्रममा यस नगरपालिकाले आ व २०७८/२०७९ मा ५ वर्षे शिक्षा शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा रहेको अवस्थामा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) ले स्थानीय शिक्षा योजना निर्माण निर्देशिका २०७९ को पहिलो संस्करण २०८१ अनुसार आ व २०८१ / २०८२ मा अद्यावधिक गरी शारदा नगरपालिकाको १० वर्षे शिक्षा योजनाको विकास गरिएको छ, जसले समानुपातिक, समावेशी शिक्षा र गुणस्तरीय सिकाइलाई मुख्य प्राथमिकतामा राखेको छ । समावेशी शिक्षाका माध्यमबाट जाति, वर्ग, लिङ्ग र आर्थिक अवस्थाका आधारमा कुनै पनि प्रकारको भेदभाव रहित शिक्षाको पहुँच सुनिश्चित गर्न शिक्षा योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति र रणनीति अनुसार कार्यनीतिको विकास गरिएको छ । यसले प्रत्येक बालबालिकालाई शिक्षाको मूल प्रवाहमा समावेश गरी समान अवसर उपलब्ध गराउन सहयोग गर्नेछ ।

गुणस्तरीय सिकाइका दृष्टिकोणले शिक्षण विधिलाई आधुनिक, प्राविधिक, मैत्रिपुर्ण र व्यावहारिक बनाउँदै सिकाइ प्रक्रियामा नवीनतम् प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने योजना रहेको छ । विद्यालय पूर्वाधार सुधार, शिक्षकमूलक तालिम कार्यक्रम, डिजिटल उपकरणहरूको उपलब्धता र शिक्षण सामग्रीको सुधारलाई विशेष प्राथमिकता दिएको छ भने स्थानीय स्रोतसाधनको प्रभावकारी उपयोग, सामुदायिक सहभागिता र विद्यार्थी अभिभावक बीच सहकार्यलाई प्रोत्साहन गरी शिक्षाको गुणस्तरमा व्यापक सुधार ल्याउन योजना केन्द्रित हुनेछ। यस कदमले नगरपालिकाभर शिक्षाको स्तरमा अभूतपूर्व रूपमा उकास्ने विश्वास लिएको छु । यस शिक्षा योजना निमार्ण तथा अद्यावधिक गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबै सरोकारवाला निकायहरु प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा पनि सहयोग र सहकार्यको अपेक्षा गर्दै यस १० वर्षे शिक्षा योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

लिलाधर ववाल
शिक्षा प्रमुख (आठौं)
शिक्षा युवा तथा खेलकुद शाखा, शारदा नगरपालिका

विषय प्रवेश

क) भूमिका

नेपालको संविधान, २०७२ ले समाजवाद उन्मुख राज्य प्रणालीसहितको तीन तहको संरचनालाई सुनिश्चित गरेको छ, जसले प्रत्येक नागरीकलाई आधारभूत शिक्षाको पहुँचको हक प्रदान गर्दछ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। साथै, आर्थीक रूपमा विपन्न तथा अपाङ्गता भएका नागरीकलाई कानुनअनुसार निःशुल्क उच्च शिक्षाको हक सुनिश्चित गरीएको छ। दृष्टिविहीन व्यक्तिहरूलाई ब्रेललिपिमा र बहिरा तथा स्वर वा बोल्न असक्षम व्यक्तिहरूलाई सांकेतिक भाषामा निःशुल्क शिक्षा प्राप्त गर्न सक्ने अधिकार प्रदान गरीएको छ । प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षाको पहुँच सुनिश्चित गर्न र शैक्षिक संस्था स्थापना तथा सञ्चालन गर्न अधिकार प्रदान गरीएको छ। यसबाट गुणस्तरीय शिक्षा, जीवनपर्यन्त सिकाइको अवसररसामाजिक न्यायको प्रत्याभूति हुँदै राष्ट्रको आर्थीक विकास, समृद्धि, समतामूलक समाज निर्माणरशान्ति स्थापनामा टेवा पुग्ने अपेक्षा राखिएको छ।

यस नगरपालिकाले व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिकररोजगार उन्मुख गुणस्तरीय शिक्षालाई प्रोत्साहन गर्न, साथै स्थानीय कला, संस्कृति, परम्परागत ज्ञान, सिपरप्रविधिलाई समावेश गर्न शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु अत्यावश्यक छ। संघीय सरकारले निर्माण गरेको १० वर्षे शिक्षा क्षेत्र योजनालाई स्थानीय तहमा सान्दर्भिक रूपमा स्थानीयकरण गरी प्रभावकारी कार्यान्वयन गर्ने आवश्यकता छ, यसै सन्दर्भमा, सल्यान जिल्लाको शारदा नगरपालिकाले १० वर्षे शिक्षा क्षेत्र योजनाले दीर्घकालीन, समावेशीरपरिणाममुखी शिक्षा प्रणाली निर्माणमा केन्द्रीत रहि यस योजनाको विकास गरेको छ जसले यस नगरपालिकाभित्रका सबै वर्ग, समुदायरभौगोलिक क्षेत्रमा शिक्षा पहुँच र गुणस्तर सुनिश्चित गर्न मार्गदर्शनको रूपमा काम गर्ने र शिक्षा क्षेत्रमा विद्यमान चुनौतीहरूको पहिचान गरी तिनको प्रभावकारी समाधानका उपायहरू प्रस्तुत गर्दै योजना कार्यान्वयनको स्पष्ट खाका तयार गरेको छ ।

यस योजनाले विद्यालयमा पूर्वाधार विकास, आधुनिक शिक्षण विधिहरूको प्रवर्द्धन, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारस्थानीय स्रोतसाधनहरूको उपयोगलाई प्राथमिकतामा राखेको छ भने समानुपातिक समावेशीकरणका माध्यमबाट आर्थीक रूपमा कमजोर, अपाङ्गता भएका, तथा सिमान्तकृत तथा जोखिम उन्मुख समुदायका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउने विशेष प्रयास गरेको छ । त्यसैगरी, योजना सामुदायिक सहभागितामा आधारित र शिक्षाका सबै पक्षधारहरूबीच सहकार्य गरी विकास गरीएको छ जसले गर्दा शिक्षामा लगानी वृद्धि, शिक्षण तालिमका कार्यक्रम, प्रविधिको प्रयोगरदिगो विकास लक्ष्यहरूसँग समन्वय गर्ने दृष्टिकोणले योजनालाई प्राथमिकता प्रदान गरेको छ, यस योजना नगरपालिकाको शिक्षा क्षेत्रलाई उत्कृष्टताको नमुना बनाउने दीर्घकालीन मार्गचित्र बनेको छ । स्थानीय आवश्यकता, विशेषतारसंभावनालाई समेट्दै यो योजना संविधानको भावना अनुरूप सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र स्थानीय समुदायको समग्र विकासमा शिक्षाको भूमिकालाई स्थापित गर्न महत्वपूर्ण कोसेढुङ्गा हुनेछ ।

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षामा २३ वटा अधिकार क्षेत्र प्रदान गरेको छ, जसले शिक्षामा स्थानीय सरकारको भूमिका र जिम्मेवारीलाई स्पष्ट रूपमा परिभाषित गर्दछ । यी अधिकारहरूको प्रभावकारी

कार्यान्वयनले शैक्षिक लक्ष्य तथा उद्देश्यहरूको प्राप्ति सुनिश्चित गर्न मद्दत पुर्याउँछ र स्थानीय अवस्थाहरू, स्रोतहरूरआवश्यकताका आधारमा शिक्षा योजना निर्माण गर्न र तिनको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहलाई सक्षम बनाउँछ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संघीय तथा प्रादेशिक सरकारहरूको १० वर्षे शिक्षा क्षेत्र योजना लगायतका नीति र कानूनी प्रावधानहरूले शिक्षा सुधारका लागि स्थानीय सरकारलाई मार्गदर्शन प्रदान गरेका छन्। यी दस्तोवेजहरूले स्थानीय सरकारहरूलाई शिक्षा क्षेत्रको समग्र सुधार र विस्तारमा स्पष्ट दिशानिर्देशन गर्दै शैक्षिक गुणस्तर, पहुँचरसमावेशिता सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्न प्रेरित गर्छन्। यस शिक्षा योजनाले संघीय र प्रादेशिक सरकारहरूको परिकल्पित उद्देश्यहरूको पूर्ति गर्दै राष्ट्रिय अपेक्षाहरू पूरा गर्नमा योगदान पुर्याउने लक्ष्य राखेको छ। यो योजना स्थानीय स्रोत, पहिचान र परिप्रेक्ष्यको प्रभावकारी उपयोगमार्फत समृद्ध, समतामूलक र दिगो समाज निर्माणको दिशामा प्रगति गर्ने आधार प्रदान गर्दछ। स्थानीय तहको सक्रिय संलग्नता र उत्तरदायित्वले शिक्षामा नवप्रवर्तन, जीवनोपयोगी सीपहरूको विकास र समग्र शैक्षिक सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरीएको छ। यस प्रकार यो शिक्षा योजना राष्ट्रिय स्तरमा शिक्षा सुधारका लागि मार्गदर्शन र प्रेरणा प्रदान गर्दै स्थानीय तहमा लागु गर्नका लागि एक मजबुत ढांचा तयार गर्दछ।

ग) योजना निर्माणका आधारहरु

शारदा नगरपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गर्दा स्थानीय, प्रादेशिक र संघीय स्तरका नीति, रणनीति र कानूनी प्रावधानहरूलाई आधार मानेको छ। अन्य क्षेत्रीय योजना जस्तै: कृषि, स्वास्थ्य, पूर्वाधार र विद्यालय सुधार योजनाहरूसँग समन्वय गर्दै यो योजना निर्माण गरीएको हो। यसले शिक्षा क्षेत्रको सुधारका लक्ष्यहरूलाई निम्नलिखित प्रावधानहरूलाई आधार मानी योजना निर्माण गरेको छ:

१ नेपालको संविधान २०७२
   समावेशी र समान पहुँचको सुनिश्चितता गर्दै प्रत्येक नागरीकलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हकलाई कार्यान्वयन गर्ने।

२ सोह्रौँ आवधिक योजना (२०८०/८१–२०८४/८५)
   शिक्षा क्षेत्रमा गुणस्तर सुधार, सीपयुक्त शिक्षा र समतामूलक शिक्षाको पहुँच विस्तारका प्राथमिकता।

३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
   स्थानीय तहलाई शिक्षाको व्यवस्थापन, पाठ्यक्रम समायोजन र नीतिगत निर्णय लिने अधिकार सुनिश्चित गर्ने कानूनी ढाँचा।

४ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
   संघीय, प्रादेशिक र स्थानीय तहबीचको समन्वय मार्फत शिक्षा क्षेत्रका कार्यक्रमहरूलाई प्रभावकारी बनाउने।

५ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
   हरेक बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने र गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्ने कानूनी व्यवस्था।

६ विद्यालय शिक्षा क्षेत्र योजना (SESP) र द्रुत सिकाइ योजना
   विद्यालय शिक्षालाई सुदृढ बनाउने र आपतकालीन अवस्थाहरूमा सिकाइ निरन्तरताका लागि वैकल्पिक उपायहरू अपनाउने।

७ शिक्षा नीति, राष्ट्रिय शिक्षा नीति २०७६ र शिक्षाको सोचपत्र २०७९
   रोजगार उन्मुख, व्यावसायिकरप्रविधिमा आधारित शिक्षा प्रणाली निर्माण।

८ विद्यालय शिक्षामा समता रणनीति

शिक्षा क्षेत्रमा लैंगिक र सामाजिक समताका सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन।

९ दिगो विकास लक्ष्य (SDG) राष्ट्रिय कार्यढाँचा
दिगो विकास लक्षको ४ नं. लक्ष्य अनुसार गुणस्तरीय शिक्षा र आजीवन सिकाइको सुनिश्चितता।

१० स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
स्थानीय आवश्यकता, स्रोत र प्राथमिकताका आधारमा शिक्षा योजना निर्माणको मार्गदर्शन।

११ विद्यालय सुधार योजना र शिक्षा क्षेत्रसँग सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यक्रमहरू
विद्यालयहरूको भौतिक तथा शैक्षिक सुधार र समुदायको सहभागिता।

घ) शिक्षा योजना निर्माणको प्रक्रिया:

शारदा नगरपालिकाले शिक्षा योजना निर्माणको लागि व्यवस्थित र समावेशी प्रक्रिया अवलम्बन गरेको छ। शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि आवश्यक नीति निर्माण गरी आ.व. ०८०/८१ मा योजना निर्माणको प्रक्रिया औपचारिक रूपमा सुरु गरीएको हो। यस प्रक्रियामा स्थानीय समुदाय, सरोकारवाला र विज्ञहरूको व्यापक संलग्नता सुनिश्चित गरीएको छ।

प्रमुख चरणहरू:

१. प्रारम्भिक तयारी

- नगर कार्यपालिकाको बैठकले योजना निर्माणका लागि आवश्यक नीति र कार्यदिशा तय गरेको।
- पालिका नगर उप प्रमुखको संयोजकत्वमा शिक्षा योजना निर्माण समिति गठन गरीयो। जसमा शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र विज्ञहरूको सहभागिता सुनिश्चित गरीएको।

२. तथ्याङ्क र सुझाव संकलन

- प्रारम्भिक छलफल र योजना तर्जुमा प्रक्रिया सुरु गरीएको।
- लेखन समिति र कार्यदलले समुदाय, विद्यालय, शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूबाट तथ्याङ्क र सुझाव संकलन गरीएको।
- स्थानीय आवश्यकताहरूको विस्तृत अध्ययन गर्दै शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू पहिचान गरीएको।

३. योजना मस्यौदा तयार गर्ने कार्य

- प्राप्त तथ्याङ्क र सुझावहरूको आधारमा योजना लेखन समिति र कार्यदलले शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयार गरीएको ।
- विभिन्न सरोकारवालासँग छलफल गर्दै मस्यौदालाई थप परिस्कृत गरीएको।

४. लेखाजोखा समिती

- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा ५ सदस्य समिति गठन।
- योजनाको पुन:समीक्षा
- समीक्षा सहित थप प्रक्रियाका लागि नगर शिक्षा समितिलाई अनुरोध सहित सिफारिस।

५. बाह्य विशेषज्ञहरूको समीक्षात्मक मूल्याङ्कन

- योजनाको गुणस्तर सुनिश्चित गर्न बाह्य विज्ञहरूद्वारा मस्यौदाको समीक्षात्मक मूल्याङ्कन।

- विज्ञहरूको सुझाव अनुसार आवश्यक संशोधन गर्दै योजना अन्तिम रूप दिइयो।

६. स्वीकृति र कार्यान्वयनका लागि तयारी

- कार्यपालिकाको बैठकमा अन्तिम योजना प्रस्तुत।
- योजना कार्यपालिकाबाट स्वीकृत
- स्वीकृत पश्चात कार्यान्वयनका लागि आवश्यक रणनीति र स्रोत परिचालनका उपायहरू तयार।

ङ) शिक्षा योजनाको लेखाजोख

योजनाको तयारी गरी सके पछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरु समेटेर यसको लेखाजोखा गरीनु पर्छ। जुन योजना कार्यान्वयन गर्नुपूर्व गरीने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। नगरपालिका भित्रका आन्तरिक विभिन्न विषय क्षेत्रका विज्ञहरूको सहभागिता मूलक प्रक्रियाबाट यस योजनाको लेखाजोखा गर्ने कार्य गरीएको छ। यस योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गरीएको छ :

क्र.सं.	लेखाजोखाका पक्ष	विस्तृत विवरण
१	नेतृत्त्व तथा सहभागिता (Leadership and participation)	✓ शिक्षा योजना निर्माण प्रक्रियामा यस पालिकाका नगरप्रमुख, उप-प्रमुख, सामाजिका विकास समिति संयोजक, वडा अध्यक्ष, विभिन्न छाता संगठनका प्रमुख तथा प्रतिनिधि लगायत वि. व्य. स., शिक्षक अभिभावक संघ विद्यालय प्र. अ. तथा वरिष्ठ शिक्षकहरुको सक्रिय तथा अर्थपूर्ण सहभागिता रहेको तथा शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी रुपमा निर्माण गरीएको छ।
२	पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance)	✓ योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नुका साथै सम्पूर्ण सरोकारवालाहरुको सक्रिय सहभागिता तथा बृहत छलफल पश्चात निधार्ण गरीएकाले पर्याप्त तथा सान्दर्भिक छन्।
३	समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality)	✓ शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ, जसमा महिला शिक्षक संख्या / प्रतिशत, प्र.अ, वि. व्य. स अध्यक्षमा रहेका महिला संख्या / प्रतिशत, जनजाति दलित शिक्षक/ महिला शिक्षक, विद्यालयमा रहेका छात्रा संख्या, दलित, जनजाति र अल्पसंख्यक छात्रा को संख्या/ प्रतिशत, उनिहरुको सिकाइ र गुणस्तर अभिवृद्धि र समग्र सक्षमताका मुद्दाहरुको सम्बोधन गरीएको छ।
४	अन्तर सम्बन्ध र तादात्म्य (Coherence)	✓ शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, शिक्षा आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तरसम्बन्ध कायम गरीएको छ। ✓ दिगो विकास लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरीएको छ। ✓ राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, लक्ष्य, उद्देश्यररणनीति अनुरूप क्रियाकलाप निधार्णगरी योजना बनाइएको निर्माण गरीएको छ। ✓ शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तरसम्बन्ध कायम गरीएको छ।

५	सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता	✓ योजनामा भएका विषयको अन्य पक्षसँग तादात्म्य कायम गरीएको छ। ✓ योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरीने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक रुपमा बृहत छलफल पश्चात निर्धारण गरीनुका साथै अनुगमन र मूल्याङ्कनका संयन्त्रहरु निर्धारण गरीएका छन। ✓ योजनालाई स्थानीय विशिष्ट आवश्यकता विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थीक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरीएको छ । ✓ योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई उठान तथा सम्बोधन गरेको छ ।
६	स्रोतको प्रबन्ध	✓ शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका लागि आवश्यक स्रोतको क्षेत्र निर्धारण गरीएको र जिम्वेवारी तोकिएको छ साथै स्रोतको प्रबन्ध कस्ले गर्ने समेत तोकिएको छ। ✓ लक्ष्य प्राप्तिका लागि सञ्चालन गरीने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ। ✓ योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल कायम गरीएको छ। ✓ स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय, सहकार्य र साझेदारी प्रणालिको विकास गरीएको छ जस्ले गर्दा स्रोतको उपलब्धता र प्रयाप्तता रहेको छ।
७	संस्थागत क्षमता	✓ योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरीएको छ। ✓ कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरीएको छ।
८	कार्यान्वयनमा तत्परता	✓ योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरीएको छ। ✓ योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरीएको छ । ✓ योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ।
९	तथ्याङ्क विश्लेषण र प्रक्षेपण	✓ स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरीएको छ। ✓ आधिकारिक रुपमा प्रमाणित प्राथमिक तथा द्वितिय तथ्याङ्ककको प्रयोग गरीएको छ। ✓ तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरीएको छ ।
१०	अनुगमन र प्रतिवेदन	✓ अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरीएको छ। ✓ आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरीएको छ। ✓ अनुगमन सूचकको प्रयोग गरीएको छ। ✓ प्रतिवेदन प्रणाली यकिन गरीएको छ।

च) शिक्षा योजनाको स्वरुप

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) को अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार पारिएको छ। यस योजनाको परिचय खण्ड भन्दा पहिला नगरपालिका प्रमुख, उप- प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृतको शुभकामना तथा भनाइ, योजनाको कार्यकारी सारांश, विषयसूची, विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता, स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य, शिक्षा योजना निर्माणका आधार, शिक्षा योजना निर्माण प्रक्रिया, योजनाको लेखाजोखा र योजनाको दस्तावेजको स्वरुप राखिएको छ र योजनाको परिच्छेद एकमा नगरपालिकाको परिचय र परिच्छेद दुईमा नगरपालिकाको दुरदृष्टि, लक्ष्य, उद्येश्य, रणनीति तथा कार्यनीतिहरुको निर्धारण गरीएको छ भने परिच्छेद तीनमा शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरुको विश्लेषण गरीएको छ । परिच्छेद चारमा मुख्य उपक्षेत्रसंग सम्बन्धित अन्तरसम्बन्धित विषयबस्तुहरुको प्रस्तुतिकरण गरीएको छ भने परिच्छेद पाचँमा शिक्षाका अन्य उपक्षेत्र राखिएको छ साथै परिच्छेद छ मा शिक्षा क्षेत्रको आर्थीक तथा प्रशासनिक सुधारको उद्येश्य सहित सुशासन तथा व्यवस्थापन राखिएको छ । परिच्छेद सातमा योजनाको लगानी र स्रोतको विश्लेषण गरीएको छ भने अन्तिम खण्डमा अनुगमन तथा मूल्यांकन राखिएको छ । अन्तिम खण्डभन्दा पछाडि विभिन्न अनुसूचीहरु राखिएको छ । सबै मुख्य उप क्षेत्र, अन्तर सम्बन्धित क्षेत्र र सान्दर्भिक विषयहरुको वर्तमान अवस्था तथा सम्यस्या र चुनौतिहरुको पहिचान, लक्ष्य उद्येश्य, रणनीतिहरु तथा प्रमुख नतिजा तथा उपलब्धी र क्रियाकलापहरुको अध्ययन, छलपफल तथा विश्लेषण गरी समावेशी तथा समतामूलक सहभागितामा सर्वसहमतिमा निर्धारण गरी यस शिक्षा योजनाको स्वरुप निधार्ण गरीएको छ ।

छ) अपेक्षित उपलव्धि

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने छ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने छ।
- सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने छ ।
- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थीक स्तर सुधार गरेको हुने छ ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने छ ।
- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने छ ।

विषय सूची

परिच्छेद - १: परिचय 1

१.१ पृष्ठभूमि 1
१. २ मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषण 4
१.३ शिक्षा क्षेत्रका चुनौती तथा अवसर विश्लेषण 4
परिच्छेद – २: दूरदृष्टी, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण 6
२.१ नगरपालिकाले शिक्षा योजना निर्माण गर्दा लिएका आधारहरू 6
२.२ दूरदृष्टिः 7
२.३ लक्ष्य 7
२.४ उद्देश्य 7
२.५ रणनीतिहरू 8
२.६ कार्यनीति 11
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण 19
परिच्छेद – ३: विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू 28
३.१ प्रारम्भिक बालविकास र शिक्षा 28
३.१.१ परिचय 28
३.१.२ वर्तमान अवस्था 28
३.१.३ लक्ष्य 29
३.१.४ उद्देश्य 29
३.१.५ रणनीतिहरू 29
३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 30
३.२ आधारभूत शिक्षा 33
३.२.१ परिचय 33
३.२.२ वर्तमान अवस्था 33
३.२.३ लक्ष्य 34
३.२.४ उद्देश्य 34
३.२.५ रणनीतिहरू 34
३.२.६ उपलब्धि, नतिजा, परिमाणात्मक लक्ष्य 36
३.३ माध्यमिक शिक्षा 41
३.३.१ परिचय 41
३.३.२ वर्तमान अवस्था 41
३.३.३ लक्ष्य 42
३.३.४ उद्देश्य 42
३.३.५ रणनीतिहरू 42
३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 43
३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ 45
३.४.१ परिचय 45

३.४.२ वर्तमान अवस्था 46
३.४.३ लक्ष्य 46
३.४.४ उद्देश्य 46
३.४.५ रणनीतिहरू 47
३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 47
३.५ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम 49
३.५.१ परिचय 49
३.५.२ वर्तमान अवस्था 50
३.५.३ लक्ष्य 50
३.५.४ उद्देश्य 50
३.५.५ रणनीतिहरू 51
३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 51
परिच्छेद – ४: अन्तर सम्बन्धित उप- क्षेत्रहरु 53
४.१ पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्यांकन 53
४.४.१ परिचय 53
४.१.२ वर्तमान अवस्था 53
४.१.३ लक्ष्य 54
४.१.४ उद्देश्य 54
४.१.५ रणनीतिहरू 54
४.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 55
४.२ शिक्षामा समता तथा समावेशीकरण 58
४.२.१ परिचय 58
४.२.२ वर्तमान अवस्था 58
४.२.३ लक्ष्य 60
४.२.४ उद्देश्य 60
४.२.५ रणनीतिहरू 60
४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 61
४.३ विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम 65
४.३.१ परिचय 65
४.३.२ वर्तमान अवस्था 65
४.३.३ लक्ष्य 65
४.४.४ उद्देश्य 66
४.३.५ रणनीतिहरू 66
४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 66
४.४ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता 70
४.४.१ परिचय 70
४.४.२ वर्तमान अवस्था 70

४.४.३ लक्ष्य 71
४.४.४ उद्देश्य 71
४.४.५ रणनीति 71
४.४.६ मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य 72
प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य 73
४.५ विद्यालय भौतिक पूर्वाधार विकास 75
४.५.१ परिचय 75
४.५.२ वर्तमान अवस्था 75
४.५.३ लक्ष्य 75
४.५.४ उद्देश्य 76
४.५.५ रणनीतिहरू 76
४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 76
४.६ विद्यालयमा सूचना तथा प्रविधि 78
४.६.१ परिचय 78
४.६.२ वर्तमान अवस्था 79
४.६.३ लक्ष्य 79
४.६.४ उद्देश्य 79
४.६.५ रणनीतिहरू 80
४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 80
परिच्छेद – ५: उच्च शिक्षाको व्यवस्थापन 83
५.१ अवधारणा 83
५.१.१ वर्तमान अवस्था 84
५.१.२ उद्देश्य 85
५.१.३ रणनीति 86
५.१.४ प्रमुख उपलब्धि र नतिजा 86
परिच्छेद – ६: सुशासन तथा व्यवस्थापन 90
६.१ संस्थागत क्षमता विकास **90**
६.१.१ परिचय 90
६.१.२ वर्तमान अवस्था 90
६.१.३ लक्ष्य 91
६.१.४ उद्देश्य 91
६.१.५ रणनीतिहरू 92
६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 92
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 94
६.२.१ परिचय 94
६.२.२ वर्तमान अवस्था 94
६.२.३ लक्ष्य 94

६.२.४ उद्देश्य 94
६.२.५ रणनीतिहरू 94
६.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 95
६.३ अनुगमन तथा मूल्याङ्कन 96
६.३.१ परिचय 96
६.३.२ वर्तमान अवस्था 96
६.३.३ लक्ष्य 97
६.३.४ उद्देश्य 97
६.३.५ रणनीतिहरू 98
६.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 98
परिच्छेद -७: लगानी र स्रोत व्यवस्थापन 100
७.१ लगानी र स्रोत व्यवस्थापन 100
७.१.१ परिचय 100
७.१.२ वर्तमान अवस्था 100
७.१.३ लक्ष्य 101
७.१.४ उद्देश्य 101
७.१.५ रणनीतिहरू 101
७.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 101
७.१.७ लगानी प्रक्षेपण 102
७.२ वित्तीय योजनाको सारांश 102
७.३ क्रियाकलाप अनुसार ५ वर्षको वित्तीय योजना 103
परिच्छेद ८ 145
अनुगमन तथा मूल्याङ्कन 145
८.१ परिचय र वर्तमान अवस्था 145
८.२ लक्ष्य 146
५.३ उद्देश्य 146
८.४ रणनीतिहरू 147
८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 147
सन्दर्भ सामग्रीहरू 150

परिच्छेद - १: परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ४ ले "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भनी परिभाषित गरेको छ। नेपालको संविधानको भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धी कानूनी व्यवस्था गरेको छ। यसअनुसार, नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित तीन तहको संरचनामा विभाजित छ । संघ, प्रदेश र स्थानीय तहहरूको काम, कर्तव्य र अधिकार संविधानले निर्दिष्ट गरेको छ । संविधानको धारा ५७(४) ले "स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लिखित विषयमा निहित रहनेछ । त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाँउ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुनेछ" भनी व्यवस्था गरेको छ । अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकार सूचीबद्ध गरीएको छ, जसमा अधिकार नं. ८ अन्तर्गत आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था समावेश छ । साथै, अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची राखिएको छ, जसमा अधिकार नं. २ ले शिक्षा, खेलकुद र पत्रपत्रिका सम्बन्धी प्रावधान गरेको छ।

संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्ति प्रयोग संविधान र कानूनअनुसार गर्नु पर्ने व्यवस्था छ। राज्यशक्तिको बाँडफाँडका लागि अनुसूची ५, ६ र ८ मा संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची तथा अनुसूची ७ र ९ मा साझा अधिकार सूची समावेश गरीएको छ। शिक्षाको क्षेत्रमा यी तहहरूले सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गर्दै राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्छ।

विगतमा एकात्मक शासन प्रणाली अन्तर्गत शिक्षा क्षेत्रको योजना निर्माण र कार्यान्वयन केन्द्र र जिल्ला स्तरमा हुने गरेको पाइन्छ तर संघीय संरचनाको कार्यान्वयनसँगै शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व स्थानीय तहमा केन्द्रित गरीएको छ । नेपालले सन् २०२६ सम्ममा मध्यम आय भएको राष्ट्र र सन् २०४३ सम्म समृद्ध राष्ट्र बन्ने लक्ष्य लिएको सन्दर्भमा शिक्षा क्षेत्रको सुधार, विकास र पहुँचमा विशेष ध्यान दिइएको छ । चालू विद्यालय शिक्षा क्षेत्रको योजनालाई एकीकृत गर्न, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहका लागि १० वर्षे (२०७९–२०८८) शिक्षा क्षेत्रको योजना निर्माण अगाडि बढाएको छ। यसले शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र दिगो बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

शारदा नगरपालिकाको सङ्क्षिप्त परिचय

शारदा नगरपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार कर्णाली प्रदेशमा पर्दछ । शारदा नगरपालिका विश्व मानचित्रमा ८२°२'४०" देखि ८२°१६'३६" पूर्वी देशान्तरसम्म र २८°१८'५१" देखि २८°२७'४४" उत्तरी आक्षांससम्म फैलिएर शारदा नदीको काखमा प्राकृतिक मनोरम संरचनासहित पहाडी क्षेत्रमा अवस्थित छ । १९८.३४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस शारदा नगरपालिकाको उत्तरमा शिद्दकुमाख गाउँपालिका, पश्चिमतर्फ बनगाडकुपिन्डे नगरपालिका, दक्षिणमा छत्रेश्वरी, त्रिवेणी र कालिमाटी गाउँपालिका, पूर्वमा छत्रेश्वरी गाउँपालिका र बागचौर नगरपालिका रहेका छन् । नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णयबाट सल्यान जिल्लाको तत्कालीन ७ गा.वि.स खलङ्गा, मार्के, हिवल्चा, कजेरी, सेजवालटाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर घोषणा भई २०७१ जेठ २ गतेबाट औपचारिक रुपमा सञ्चालनमा आएको हो । शारदा नगरपालिकाको

नामाकरण यस नगरपालिका भई बग्ने शारदा नदीबाट गरीएको हो । शारदा नदी शारदा नगरपालिकाको मात्र नभई सल्यान जिल्लाको प्रमुख नदीको रुपमा मानिन्छ। यस नदीलाई आर्थीक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ।

जानसाङ्ख क संरचना

राष्ट्रिय जनगणना, २०७८ अनुसार शारदा नगरपालिकाको जनसङ्ख्या ३४,६६३ रहेको छ जसमध्ये पुरुष ४७.३ प्रतिशत अर्थात् १६३८८ जना र महिला ५२.७ प्रतिशत अर्थात् १८,२७५ जना रहेको यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । यस नगरपालिकामा औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। स्थानीय बासिन्दाको आम्दानीको अन्य स्रोतहरूमा व्यापार व्यवसाय, पशुपालन, साना उद्योग, सेवा, वैदेशिक रोजगारी, नोकरी आदि हुन् । यस नगरपालिका भित्र तपसिलमा उल्लेखित जात जातियताको बसोवास गर्दछन जुन निम्नानुसार रहेको छ। जातजाती - क्षेत्री २०७४५ (५९.८%), सन्यासि/दसनामि ४३४३ (१२.५%), कामी २७०३ (७.८%), मगर १९२७(५.६ %), मिजार १०४७ (३ %), ठकुरी ९६९ (२.८%), नेवार ९०६ (२.६%), ब्राम्हण पहाडी ८२३ (२.४%), परियार ५४२ (१.६%), बादी १२५ (०.४%) आदि। धर्म अनुसारको जनसङ्ख्या धर्म - हिन्दु - ३३४९६ (९६.६ %), वौद्ध (०.२ %), इस्लाम ८८ (०.३ %),क्रिश्चियन १००१ (२.९ %) अन्य धर्म मान्य रहेका छन भने बोलिने भाषाका हिसावले नेपालि भाषा ३४५५२ (९९.७ %), अन्य ३७ जना (०.१ %),हिन्दि (०.१ %), अवधि १७ (०.०५ %), नेवारी (०.०५ %), थारु (०.०३ %), भाषा बोल्ने गरीन्छ।

सामाजिक तथा सास्कृतिक अवस्था

परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस नगरपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस नगरपालिकाका स्थानीय विद्यार्थीहरू अन्य छिमेकी जिल्लामा जाने गरेका छन् भने अन्य जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएता पनि केही भौगोलिक क्षेत्रहरुमा भने विद्युतीय उपभोगको पहुँच पुग्न सकिरहेको छैन । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थीक व्यवस्थापनमा कठिनाई हुनुले नगरपालिकाको यस क्षेत्रमा अपेक्षित विकास हुन सकिरहेको छैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्वजस्तै नयाँ वर्ष, साउने सक्रान्ति, कृष्णजन्माष्टमी, तीज, दशै, तिहार, माघे संक्रान्ति, चैते दसैं आदि मनाउने गरीन्छ । नगरपालिका नगरवासिले मनाउने चाड पर्व तथा सास्कृतिक पर्वले धनि रहेको छ जुन तपसिल अनुसार उल्लेख गरीएको छ।

क्र स	चाडपर्वहरु	मनाईने महिना	तिथी मिति	मनाउने जातजाति/धर्म
१	बैशाख पूर्णिमा	बैशाख	बैशाख शुक्ल पुर्णिमा	हिन्दु / बौद्ध
२	इदुल इद फिक्र	असार	इस्लामिक पात्रो अनुसार	मुस्लिम
३	जनै पुर्णिमा	साउन /भदौ	श्रावण शुक्ल पुर्णिमा	हिन्दु
४	गाइ जात्रा	भदौ	भाद्र कृष्ण प्रतिपदा	हिन्दु
५	कृष्ण जन्माष्टमी/ लाखे	भाद्र	भाद्र कृष्ण सप्तमी	हिन्दु
६	हरितालिका तिज	भाद्र	भाद्र शुक्ल तृतिया	हिन्दु
७	तिज पञ्चमी	भाद्र	भाद्रशुक्ल पञ्चमी	हिन्दु
८	विजया दशमी	असोज कात्तिक	घटस्थापना देखि कोजाग्रत पूर्णिमा	हिन्दु
९	तिहार	कात्तिक मंसिर	कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्वितिया	हिन्दु
१०	क्रिसमस डे	पौष	डिसेम्वर २५	क्रिश्चियन

११	माघे सक्रांन्ति	माघ – १	माघ	हिन्दु
१२	महा शिवरात्री	फागुन	फागुन कृष्ण त्रयोदशी	हिन्दु
१३	फागु पुर्णिमा	फागुन	फागुन शुक्ल चतुर्दशी	हिन्दु
१४	चैते दशैँ	चैत्र/ बैशाख	चैत शुक्ल अष्टमी	हिन्दु

शै क्षक अवस्थाः

शिक्षा देशको मेरुदण्ड हो । बर्तमानमा प्रदान गरेको शिक्षाले आगामी आधा शताब्दीलाई प्रभाव पार्दछ । तिव्र विकासको आशा राख्ने बर्तमान समाजमा नविनतम् प्रविधिलाई अँगाल्दै विकासको गतिमा प्रतिस्पर्धात्मक क्षमता सहितको जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई नै भरपर्दो बनाउनु पर्छ भन्नेमा दुईमत छैन । भूतमा भएका प्रगति बर्तमानमा गरीएका प्रयासले मात्र भविष्य सुखद बन्न सक्छ । शिक्षा क्षेत्रमा यस अघि सफल मानिएका विधि पद्धति तथा प्रामाणयोग्य तथ्यहरुलाई साथ लिएर शैक्षणिक गतिविधि अगाडि बढाउन नसक्ने हो भने विश्व बजारमा बिक्ने र टिक्ने जनशक्ति उत्पादन गर्न नसकिने पक्का जस्तै भइसकेको छ । नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्न तहगत र कक्षागत उमेर समेत निर्धारण गरीएको छ । जसअनुसार प्रारम्भिक बालविकास ३-४ वर्ष, आधारभूत तहका लागि ५-१२ वर्ष र माध्यमिक तहका लागि १३-१६ वर्ष उमेर समूह निर्धारण गरेको छ । शैक्षिक हिसाबमा यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ६८ वटा शिक्षण संस्थाहरू सञ्चालित छन् । २०७८ सालको जनगणना प्रतिवेदन अनुसार शारदा नगरपालिकाको साक्षरता ८० प्रतिशत छ । जसमा महिलाको साक्षरता प्रतिशत ७२.५ छ भने पुरूषको साक्षरता प्रतिशत ८८.५ रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ५ वर्ष माथिको जनसंख्यामा पढ्न र लेख्न दुवै जानेका ८० प्रतिशत, पढ्न मात्र जानेका ०.४ प्रतिशत । पढ्न र लेख्न दुवै नजानेका १९.५ प्रतिशत रहेका छन् । ५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसंख्या हेर्दा हाल अध्ययनरत ७२.२ प्रतिशत, कम्तिमा एक पटक विद्यालय गएको २६ प्रतिशत, कहिल्यै पनि विद्यालय नगएको १.६ प्रतिशत रहेको छ ।

१० जोड २ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसंख्या हेर्दा मानविकी तथा समाजशास्त्र तर्फ ८.३ प्रतिशत, व्यवस्थापन तर्फ १९.२ प्रतिशत, शिक्षा तर्फ ४९.७ प्रतिशत, विज्ञान तथा प्रविधि तर्फ ५ प्रतिशत, स्वास्थ/चिकित्साशास्त्र तर्फ ४.४ प्रतिशत, इन्जिनियरिङ तर्फ ३.९ प्रतिशत, कानुन तर्फ ०.९ प्रतिशत, कृषि तर्फ १.४ प्रतिशत, वन तर्फ ०.२ प्रतिशत, पशुविज्ञान/पशुचिकित्सा/मत्स्यपालन तर्फ ०.६ प्रतिशत, कम्प्युटर/सूचनाप्रविधि तर्फ ०.६ प्रतिशत र अन्य ०.८ प्रतिशत रहेको छ (स्रोत : राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन) । शारदा नगरपालिकाले देहायबमोजिमको शिक्षा सम्बन्धी नीति अवलम्बन गरेको छ:

(क) आधारभूत तथा माध्यामिक शिक्षामा गुणस्तरीयता ल्याई निःशुल्क अनिवार्य गर्ने र प्राविधिक शिक्षामा जोड दिने,
(ख) शैक्षिक बेरोजगारी व्यवस्थापन गर्न सिपमूलक तालिम प्रदान गरी शिक्षालाई प्रविधी मैत्री बनाउने
(ग) अनियमित रुपमा सञ्चालित शैक्षिक सस्थाहरुलाई नियमन गरी शैक्षिक सुधारको नीति अवलम्बन गरीने छ ।
(घ) शारदा नगरपालिका अन्तर्गत रहेका सार्वजनिक तथा निजी विद्यालयहरूको शैक्षिक गुणस्तर सहित सुविधा सम्पन्न नमुना विद्यालयहरू १५ वटै वडाहरूमा स्तरोन्नती गर्ने ।
(ङ) नगर क्षेत्रभित्रका विद्यालयबाट सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्ने ।
(च) प्रारम्भिक बाल विकासका शिक्षकहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने ।
(छ) प्रविधिलाई सिकाइसँग जोड्न सबै विद्यालयलाई कम्प्युटरको व्यवस्था गर्ने ।
(ज) प्राकृतिक प्रकोप तथा विभिन्न विपद्को सामना गर्दै विद्यार्थीहरूको लागि वैकल्पिक माध्यमबाट सिकाइको व्यवस्थापन गर्ने,

(झ) शिक्षण सिकाइलाई व्यवस्थित गर्न प्रत्येक विद्यालयको प्रधानाध्यापकसँग करार सम्झौता गर्ने ।

१. २ मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषण

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । राष्ट्रको आर्थीक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यवाहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरीकको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आजको आवश्यकता हो ।

पूर्ण साक्षरता घोषित यस नगरपालिकामा गुणस्तरीय, व्यवसायिक र जीवपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरु विकास हुन सकेको छैन । यस नगरका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त रहेको छैन भने विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ । आधारभुत तह कक्षा १-८ र माध्यमिक तहमा वियगत शिक्षकहरुको अभाव रहेको छाविद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम निर्माण भएता पनि सो संग सम्बन्धित पाठ्यपुस्तक, शिक्षक निर्देशिका जस्ता सन्दर्भ सामग्रीको निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदिलाई शिक्षा क्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

१.३ शिक्षा क्षेत्रका चुनौती तथा अवसर विश्लेषण

चुनौतीहरू

नेपालमा विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरूमा गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, विद्यालय नक्साङ्कन तथा समायोजन गर्नु, विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्नु, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु, पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु, उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु, विद्यालय शिक्षामा सुशासन कायम गर्नु देखिन्छ ।

विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्थापन र बाल तथा अपांगमैत्री पूर्वाधारको व्यवस्था नभएका कारण प्रायजसो विद्यालयमा वालमैत्री संरचना र सिकाइ लागु हुन सकिरहेको छैन । विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु, बालविकास केन्द्रहरुमा बालमैत्री सिकाइ तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रुपमा रहेको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अविभावकहरुमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहिनता अवस्था समेत देखिन थालेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाई रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सूचना प्रविधि साधनहरुको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक संग्रालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको

छ । यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनपयोगी, व्यवसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा पढाइ छाडनेहरुको सङ्ख्या बढेकै छ।

अवसरहरू

शारदा नगरपालिकाले अघि सारेका लक्ष्य तथा उद्देश्यहरूलाई हाँसिल गर्नका लागि धेरै राम्रा अवसरहरू रहेका छन् । यस नगरपालिकाले भौगोलिक, आवासीय, व्यावसायिक र शैक्षिक संगमस्थलको विशेषता बोकेको छ । यसलाई सल्यान जिल्लाको मात्र नभएर प्रदेश तथा नेपालकै नमूना शैक्षिक शहरको रुपमा विकास गर्न सकिने अवस्था रहेको छ।

संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु, तीन तहका सरकारबीच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सकिने अधिकार हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सक्ने अवस्था हुनु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु, तीनवटै सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षाक्षेत्रमा उपलव्ध अवसरका रूपमा लिन सकिन्छ।

परिच्छेद – २: दूरदृष्टी, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ नगरपालिकाले शिक्षा योजना निर्माण गर्दा लिएका आधारहरू

शिक्षा कुनै पनि व्यक्तिको नैसर्गिक अधिकार मात्र नभई आधारभूत सामाजिक, आर्थीक, तथा राजनीतिक विकासको प्रमुख साधन हो । नेपाल जस्तो भौगोलिक, सांस्कृतिक र भाषिक विविधतायुक्त देशमा शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्नु चुनौतीपूर्ण कार्य हो। यहाँ औपचारिक शिक्षा विद्यालयहरूबाट र अनौपचारिक शिक्षा घरपरिवार तथा समुदायबाट प्रदान गरीन्छ । नेपालमा शिक्षाको इतिहास प्राचीन धार्मिक परम्पराहरूबाट सुरु भएको पाइन्छ। गुरुकुल, मदरसा, गुम्बा आदिका माध्यमबाट शिक्षा प्रदान गरीन्थ्यो। बाइसे-चौबिसे राज्य, मल्लकाल, राणाकाल हुँदै आधुनिक शिक्षाको सुरुवात भयो। वि.सं. १९९६ मा जारी गरीएको शैक्षिक इस्तिहारले शिक्षालाई पहिलोपटक कानुनी परिधिमा बाँध्ने प्रयास गऱ्यो। वि.सं. २०११ मा राष्ट्रिय शिक्षा योजना आयोग गठन गरी प्राथमिक (१-५), माध्यमिक (६-१०) र उच्च (११-१७) शिक्षाको संरचना तय गरीयो । वि.सं. २०१७ मा पञ्चायती शासन व्यवस्थाको सुरुवातसँगै शिक्षालाई राजसंस्थाप्रति प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने माध्यम बनाइयो। वि.सं. २०२८-२०३२ को राष्ट्रिय शिक्षा पद्धति योजनाले शिक्षालाई प्राथमिक (१-३), निम्न माध्यमिक (४-७) र माध्यमिक (८-१०) गरी तीन तहमा विभाजन गऱ्यो। यसले व्यावसायिक शिक्षामा विशेष जोड दिएको पाइन्छ । वि.सं. २०४६ पछि प्रजातन्त्र पुनःस्थापना हुँदा शिक्षा संरचना र उद्देश्यहरूमा फेरबदल गरीयो। वि.सं. २०५५ मा राष्ट्रिय शिक्षा आयोग गठन गरी विद्यालय तहलाई प्राथमिक (१-५), निम्न माध्यमिक (६-८), माध्यमिक (९-१०), उच्च माध्यमिक (११-१२) र उच्च शिक्षा गरी पाँच तहमा विभाजन गरीयो । पाठ्यक्रम र मूल्याङ्कन प्रणालीमा पनि सुधार गरीएको छ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गर्दै सबै नागरीकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, अपाङ्गता भएका तथा विपन्न नागरीकलाई निःशुल्क उच्च शिक्षाको पहुँच र मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारको सुनसश्चीत गरेको छ । संविधानको अनुसूची आठले आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन, नियन्त्रण र रेखदेखको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई दुई तहमा विभाजन गरेको छ। आधारभूत तहमा प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म र माध्यमिक तहमा कक्षा ९ देखि १२ सम्म व्यवस्था गरीएको छ। गुरुकुल, मदरसा र गुम्बा शिक्षालाई पनि विद्यालय संरचनामा समावेश गर्दै शिक्षा प्रणालीलाई समावेशी र व्यवस्थित बनाउन कदम चालिएको छ । नेपालमा शिक्षाको गुणस्तर सुधारका लागि विभिन्न चुनौतीहरू कायम छन् । धेरैजसो विद्यालयमा सिकाइ उपलब्धि ५०% भन्दा कम रहेको देखिन्छ। दुर्गम क्षेत्रका विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव, आर्थीक रूपमा विपन्न परिवारका बालबालिकाको शिक्षामा कठिनाइ र गुणस्तरीय शिक्षाको खाडल मुख्य समस्या हुन् । यी चुनौतीहरूको समाधानका लागि विद्यालयहरूको भौतिक पूर्वाधारमा सुधार गर्न, शिक्षक तालिमलाई प्राथमिकता दिन, विद्यार्थी-मैत्री शिक्षण विधि अवलम्बन गर्न र स्थानीय सरकारको सक्रियता तथा केन्द्रीय सरकारको निगरानीलाई बलियो बनाउनुपर्छ ।

नेपालको सात दशकको राजनीतिक परिवर्तनहरूले शिक्षामा व्यापक प्रभाव पारेको छ । संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरे पनि गुणस्तरीय शिक्षाको अभाव कायमै छ । समसामयिक आवश्यकता र विश्वव्यापी प्रतिस्पर्धा अनुरूप शिक्षालाई रूपान्तरण गर्न स्थानीय र केन्द्रीय सरकारको सहकार्यले मात्र सार्थक परिणाम ल्याउन सक्छ ।

नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । स्थानीय तहले समतामूलक पहुँचको सुनिश्चितता मार्फत सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी,

सीपयुक्त एवम उत्पादनशील जनशक्ति तयार पार्न शिक्षा योजना निर्माण गरी शिक्षामा गरीने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नुपर्ने हुन्छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाइ सोको कार्यान्वयन गर्न आवश्यक देखिन्छ । यसै सन्दर्भलाई दृष्टिगत गरी शारदा नगरपालिकाले १० वर्षमा नगरपालिकाको शिक्षा क्षेत्र कस्तो हुने भन्ने प्रतिविम्बन गर्ने प्रयास गरेको छ । योजना प्रभावकारी बनाउन योजनाको सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारण स्पष्ट रूपमा गरीएको छ। यस क्रममा राष्ट्रिय तथा प्रदेशस्तरमा तर्जुमा भएका शिक्षा योजनाले तय गरेका दीर्घकालिन सोचलाई समेत मध्यनजर गरीएको छ । यस परिच्छेदमा योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारण लगायतका पक्ष समेटिएको छ।

राष्ट्रिय दिर्घकालिन सोच

आर्थीक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने।

कर्णाली प्रदेशको दीर्घकालीन सोच

शिक्षा विकासको पूर्वाधारः समृद्ध कर्णालीको आधार

२.२ दूरदृष्टिः

'शारदा नगरपालिकाको समृद्धिको आधारः समावेशी, समतामुलक, प्रविधिमैत्री, गुणस्तरीय सिकाइ, दक्ष मानव पूँजिका लागि दिगो लगानी सहितको उत्थानसिल शैक्षिक पूर्वाधार'

२.३ लक्ष्य

सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने।

२.४ उद्देश्य

- सवै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने।
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने।
- मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरीक तयार हुने
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

- उत्पादनशील जनशक्तिलाई आवश्यकता अनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थीक स्तरमा सुधार ल्याउने ।
- शिक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थीक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने
- उपलब्धिमा सुधारका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउने ।
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने
- सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्ने
- सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्धन हुने ।
- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्धन गर्ने ।

२.५ रणनीतिहरू

२.५.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने ।

- तोकिएको उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास तथा शिक्षालाई भौतिक पूर्वाधारको सबलीकरण गरी बालमैत्री बनाउनु,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

२. ५.२ सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने ।

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्नु
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु
- अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु

२.५.३ मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशीरसुरक्षित बनाउने,
- शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउने ।

२.५.४ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिबृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरीक तयार हुने

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत गराउनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,

२.५.५ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

२.५.६ सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरीकको जीवनस्तरमा सुधार हुने

- सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
- औपचारिक, अनौपचारिक तथा अरितिक शिक्षकाबीच अन्तरसम्बन्ध स्थापित गर्नु,
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु,
- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्नु,

२.५.७ उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थीक स्तरमा सुधार ल्याउने ।

- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,
- स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु,
- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,

२.४.८ शिक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थीक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थीक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु,
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चितता गर्नु।

२.५.९ उपलब्धिमा सुधार गर्नका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउने ।

- बालबालिकालाई स्वस्थ एवम पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्वन्धि सेवाहरूको गुणस्तर वृद्दि गरी बालबाबलिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलव्धिमा सुधार गर्नु ।

२.५.१० विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थीक स्रोतको तयारी गर्नु
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्नु

२.५.११ सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्ने

- विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु
- गुणस्तरीय र सुरक्षित पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु

२.५.१२ सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्धन हुने।

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु

२.५.१३ स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्धन गर्ने।

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्नु,
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु,

२.६ कार्यनीति

लक्ष्य १: सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने।

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य गर्ने,
- ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

- पाठ्यक्रम र मापदण्डलाई समयानुकुल स्थानीयकरणका लागि सुझाव पेस गर्ने,
- अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने,
- बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाउने ।

लक्ष्य २: सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने ।

- विद्यालय नक्साङ्कन गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा न्यूनतम सक्षमता पूरा गराउने
- शिक्षण सिकाइका नवीनतम विधि अवलम्बन गर्ने
- प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्राथमिकता दिने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धीत क्षमता विकास गर्ने
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
- नतिजाप्रति जवाफदेहीता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहीता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने
- विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रुपमा कार्यान्वयन गर्ने

लक्ष्य ३: मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने

- विद्यालयहरूको नक्साङ्कन गर्ने
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने
- माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने
- सक्षम र उत्प्रेरित प्रधानाध्यापक व्यवस्था गर्ने
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

लक्ष्य ४: पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरीक तयार हुने

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरीने

- विकास गरीएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरीने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरीने
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरीने
- शिक्षकको पेसागत सक्षमता विकास गरीने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरीने
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरीने
- विद्यालमा आधारित सहयोग पद्धति विकास गरीने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरीने
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरीने

लक्ष्य ५: गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रफमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरीने
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरीने
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरीने
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धीत गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरीने
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीने
- शारदा नगरपालिकाको शिक्षक दरवन्दी मिलान कार्यदल २०७७ को प्रतिवेदनलाई कार्यान्यवनमा लैजाने

लक्ष्य ६: सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरीकको जीवनस्तरमा सुधार हुने

- मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकिकरण एवम हस्तान्तर सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरीने छ ।
- सामुदायिक सिकाइ केन्द्रहरूकोपुनर्संरचना तथा पुनर्वितरण गरीने
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संसथाहरू, नागरीक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरीने
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरीने
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरीने
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरीने

लक्ष्य ७: उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थीक स्तरमा सुधार ल्याउने

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउनप्रोत्साहन गर्ने
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरीक एवम् आर्थीक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धीत संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

लक्ष्य ८: शिक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थीक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने

- विद्यालय सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने र यसका लागि बालमैत्री विद्यालय प्रारूप तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने।
- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईने
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरीने
- आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरीने
- बालबालिकाहरुमा सामाजिक, मानसिक र शारिरीक कारणले गर्दा हुने समस्याहरुको समाधान गर्न विज्ञ मनोचिकित्सकहरु मार्फत विद्यार्थी मनोपरामर्श तथा सचेतना सेवा उपलब्ध गराउन शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरीने
- आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरीने
- विद्यालयमा अभिभावको सहभागिता बढाइने
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरीने
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने
- महिनावारीको कारण छात्राहरूले कक्षा छोड्ने दर घटाउन सबै छात्राहरूलाई पुग्ने गरी घरमा लिने र विद्यालयमा उपलब्ध हुने गरी सेनेटरी प्याडको भरपर्दो व्यवस्था गर्ने।

लक्ष्य ९: उपलब्धिमा सुधार गर्नका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउने

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माधयमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गर्ने।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गर्ने।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिइने।

- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूॅयाङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

लक्ष्य १०: विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यर पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोनगरन आवश्यक तयारी
- कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङेकन तथा विश्लेषण
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
- विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने

लक्ष्य ११: सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्ने

- विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरीने छ।
- पूर्वाशधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपन, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड विकास तथा अनुशरण गरीने छ।
- विद्यालय पूवार्धार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवम् निकायहरूसँग स्रोत व्यवस्थापनका लागि लागत साझेदारी गरीने छ।

- एक विद्यालयमा पूर्वाधार विकासका सवै कार्य एकैपटक निर्माण गर्नेगरी विद्यालयको सम्पूर्ण निर्माणको अवधारणा विकास तथा कार्यान्वयन गरीने छ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकिकृत प्रणालीको विकास गरी संस्थागत क्षमता विकास गरीनेछ।
- सरोकारवाला र अन्तर सरकारविच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पुर्वाधार उपयोग एवम जनशक्तिको उपयोग सम्वन्धी नीति तयार गरी कार्यान्वयन गरीने छ।

लक्ष्य १२: सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्धन हुने।

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरीने
- सबै शिक्षकहरूको क्षमता विकास गरीने
- विभिन्न कक्षा र विषयका लागि तयार गरीएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गसरने
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरीने
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरीने
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरीने

लक्ष्य १३: स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्धन गर्ने

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने।
- जनशक्तिको प्रेरणात्मक विकासको लागि कार्यक्रम संचालन गर्ने।
- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरीने छ
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरीने छ।
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरीने छ
- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरीने छ
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरीने छ
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरीने छ
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरीने छ

- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने छ
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरीने छ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरीने छ

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

क्र. सं.	सूचक		आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत
१. प्रारम्भिक बालविकास र शिक्षा								
१.१	प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%)	स्थानीय	१०३.४	१०२	१००	१००	ईएमआइएस	
		प्रदेश						
		राष्ट्रिय	८६.२	८९.५	९४.०	९९.०	दि.वि.ल. ४ (ने.रा.का.)	फ्ल्यास रिपोर्ट
१.२	प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%)	स्थानीय	६३.४	७५	९०	९८		एलजिएसइएसपि बेन्चमार्किङ्ग टुलकिट
		प्रदेश						
		राष्ट्रिय	६८.६	७३.०	८५.०	९५.०	दि.वि.ल. ४ (ने.रा.का.)	फ्ल्यास रिपोर्ट
२. आधारभूत शिक्षा (कक्षा १ - ८)								
२.१	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%)	स्थानीय	९६.२	९८.५	९९.५	१००		
		प्रदेश						
		राष्ट्रिय	९६.९	९७.५	९९.०	१००	वि.क्षे.वि.यो. (सामान्य समायोजन)	फ्ल्यास रिपोर्ट
२.२	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%)	स्थानीय	१२७.०	११२	१०५	१००		
		प्रदेश						
		राष्ट्रिय	१२१.९	११५.०	१०७.०	१०५.०	वि.क्षे.वि.यो. (सामान्य समायोजन)	फ्ल्यास रिपोर्ट
२.३	आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%)	स्थानीय	९५.६	९८.५	९९.५	१००		
		प्रदेश						
		राष्ट्रिय	९७.१	९९.०	९९.५	१००	दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा)	फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)

क्र. सं.	सूचक		आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
२.४	आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%)	स्थानीय	११९.६	११०	१०३	१००		
		प्रदेश						
		राष्ट्रिय	११९.२	११५.०			वि.क्षे.वि.यो.	फ्ल्यास रिपोर्ट
२.५	आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	९८.३				फ्ल्यास रिपोर्ट	फ्ल्यास रिपोर्ट
२.६	आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	११३	११०	१०७	१०५.०	दि.वि.ल. ४ (ने.रा.का.)	फ्ल्यास रिपोर्ट
२.७	आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%)	स्थानीय	९८.७३	९९	१००	१००		
		प्रदेश						
		राष्ट्रिय	९३.०				फ्ल्यास रिपोर्ट	फ्ल्यास रिपोर्ट
२.८	आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%)	स्थानीय	९३.८	९५	१००	१००		
		प्रदेश	८२.९					
		राष्ट्रिय	८५.८	९३.१	९५.५	९९.५	दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा)	फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)
२.९	आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%)	स्थानीय	१३.७८	१०	५			
		प्रदेश						
		राष्ट्रिय	२२.२	२०.०	१५.०	१०.०	फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.)	फ्ल्यास रिपोर्ट
२.१०	आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क*	स्थानीय	१.०१	१	१	१		
		प्रदेश						
		राष्ट्रिय	१.०२			१.०१	दि.वि.ल. (रा.समीक्षा)	फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)
२.११	आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%)	स्थानीय	९४.७	९५.५	९६	९८		
		प्रदेश						
		राष्ट्रिय	९३.४	९९.०	१००	१००	इएमआइएस	फ्ल्यास रिपोर्ट

क्र. सं.	सूचक			आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
									दि.वि.ल. (रा.समीक्षा)
२.१२	आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%)		स्थानीय	१२१.५	११५	११०	१०५	इएमआइएस	
			प्रदेश						
			राष्ट्रिय	११०.४				फ्ल्यास रिपोर्ट	फ्ल्यास रिपोर्ट
२.१३	आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%)		स्थानीय	९५.७१	९७	१००	१००		
			प्रदेश						
			राष्ट्रिय	७९.३			९५.०	फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)	फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)
२.१४	आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%)		स्थानीय	८०.६	८५	९०	९५		
			प्रदेश						
			राष्ट्रिय	७२.७			९५.०	दि.वि.ल. ४ (ने.रा.का.)	फ्ल्यास रिपोर्ट
२.१५	आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक*		स्थानीय	१.०२	१.०	१.०	१.०		
			प्रदेश						
			राष्ट्रिय	१.०१			१.०	फ्ल्यास रिपोर्ट	फ्ल्यास रिपोर्ट
२.१६	कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली भाषा	स्थानीय	५७.७	६०	६५	७०		
			प्रदेश						
			राष्ट्रिय					शै.गु.प.के.	शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट
		गणित	स्थानीय	५९.२	६५	७०	७५	पालिका शिक्षा शाखा	
			प्रदेश						
			राष्ट्रिय						
२.१७	कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको	नेपाली भाषा	स्थानीय	६१.६	६२	६५	७०	पालिका शिक्षा शाखा	
			प्रदेश						
			राष्ट्रिय	४५.०	५२.०	६०.०	७०.०	शै.गु.प.के.	शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट
		गणित	स्थानीय	५८.२	६०	६५	७०	पालिका	

क्र. सं.	सूचक			आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
	सङ्ख्या (%)							शिक्षा शाखा	
			प्रदेश						
			राष्ट्रिय	२८.३	४०.०	६०.०	७०.०	शै.गु.प.के.	शै.गु.प.के. रिपोर्ट तथा फल्यास रिपोर्ट
		अङ्ग्रेजी	स्थानीय	५८.७	६१	६४	६६		
			प्रदेश						
			राष्ट्रिय						
२.१८	कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली भाषा	स्थानीय	६२.९	६४	६६			
			प्रदेश						
			राष्ट्रिय	६८.५	७०	७२	७५	शै.गु.प.के.	शै.गु.प.के. रिपोर्ट तथा फल्यास रिपोर्ट
		गणित	स्थानीय	५५.८०	६०.०	६५.०	७०.०		
			प्रदेश						
			राष्ट्रिय	५३.५	६०.०	६५.०	७०.०	शै.गु.प.के.	शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना
		विज्ञान	स्थानीय	६२	६४	६६			
			प्रदेश						
			राष्ट्रिय	४३.८	५०.०	६०.०	७०.०	शै.गु.प.के.	शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना
२.१९	विद्यालय वाहिर रहेका बालबालिका* (%) आधारभूत (कक्षा १-५)		स्थानीय	३.२	२.०	१.०	०	फल्यास रिपोर्ट	
			प्रदेश						
			राष्ट्रिय	२.९	१.०	०.५	०	दि.वि.ल. ४ (ने.रा.का.)	शैक्षिक सूचना तथा फल्यास रिपोर्ट
	विद्यालय वाहिर रहेका बालबालिका* (%) आधारभूत (कक्षा १-८)		स्थानीय	३.७	३	१.५	०	जनगणना २०७८	
			प्रदेश						
			राष्ट्रिय	६.६		१.०	०	दि.वि.ल. ४ (ने.रा.का.)	शैक्षिक सूचना तथा फल्यास

क्र. सं.	सूचक		आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
								रिपोर्ट
२.२०	आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%)	स्थानीय	४६	५०	५५			
		प्रदेश						
		राष्ट्रिय	४३.७	४५.०	५०.०	५०.०	फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना दि.वि.ल. ४ (ने.रा.का.)	शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट
३. माध्यमिक शिक्षा (कक्षा ९-१२)								
३.१	माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%)	स्थानीय	६४.७	७५	८५	९०		
		प्रदेश						
		राष्ट्रिय	४७.६		६५		फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना	पन्ध्रौँ योजनाले वि.सं.२१०० (९५.० %) मा पुऱ्याउने लक्ष
३.२	माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%)	स्थानीय	८०.४	९०	१००	१००		
		प्रदेश						
		राष्ट्रिय	७१.४			९९.०	फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)	शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र दि.वि.ल. (रा.समीक्षा)
३.३	माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२)	स्थानीय	१.७७	१.१०	१.०५	१		
		प्रदेश						
		राष्ट्रिय	१.०२	१.०	१.०	१.०	पन्ध्रौँ योजना वि.क्षे.वि.यो. दि.वि.ल. (रा.समीक्षा)	फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)
३.४	आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%)	स्थानीय	८०.४६	८५	९३	१००		
		प्रदेश						
		राष्ट्रिय	९७.५				फ्ल्यास रिपोर्ट	फ्ल्यास रिपोर्ट
३.५	कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%)	स्थानीय	७२	७४	७६	८०		
		प्रदेश						
		राष्ट्रिय	६०.३				फ्ल्यास रिपोर्ट	फ्ल्यास रिपोर्ट

क्र. सं.	सूचक			आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
३.६	कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)		स्थानीय	…..	…..	…..			
			प्रदेश						
			राष्ट्रिय	२४.०				फ्ल्यास रिपोर्ट	फ्ल्यास रिपोर्ट
३.७	माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%)		स्थानीय	१३.५१	२०	२७			
			प्रदेश						
			राष्ट्रिय	२०.६	२२.०	२७.०	३३.०	फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.)	शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट
३.८	माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%)	स्थानीय	विज्ञान	१.१५	३	५	६	इएमआइएस	
			प्रा.व्या.	६.२५	८	१०	११		
		प्रदेश	विज्ञान						
			प्रा.व्या.						
		राष्ट्रिय	विज्ञान			१५.०		पन्ध्रौं योजना	दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना
			प्रा.व्या.	१०.०	१७.०	३०.०		पन्ध्रौं योजना	दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना
३.९	कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा)	नेपाली भाषा	स्थानीय	६८.८	७०	७२		इएमआइएस	
			प्रदेश						
			राष्ट्रिय						
		गणित	स्थानीय	५७.६	५९	६२		इएमआइएस	
			प्रदेश						
			राष्ट्रिय						
		विज्ञान	स्थानीय	६६.५	६८	७२		इएमआइएस	
			प्रदेश						
			राष्ट्रिय						
		अङ्ग्रेजी	स्थानीय	६९.२	७०	७२		इएमआइएस	
			प्रदेश						
			राष्ट्रिय						
४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा									
४.१	साक्षरता दर (१५ वर्ष भन्दा माथि)		स्थानीय	९६.४	९७	९९			

क्र. सं.	सूचक		आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
	(%)	प्रदेश						
		राष्ट्रिय	५८.०		९५.०		पन्ध्रौं योजना	पन्ध्रौं योजनामा वि.सं.२१०० मा (९९.० %) पुऱ्याउने लक्ष
४.२	साक्षरता दर (६ वर्ष भन्दा माथि) (%)	स्थानीय	७९.८	८५	९३	१००		
		प्रदेश						
		राष्ट्रिय	८२.०	८९.०	९५.०	१००	दि.वि.ल. ४ (ने.रा.का.)	दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना
४.३	साक्षरता दर (१५-२४ उमेर समूह) (%)	स्थानीय	९८.९८	९९.५	१००	१००		
		प्रदेश						
		राष्ट्रिय	९२.०		९९.०		पन्ध्रौं योजना	दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना
४.४	साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि)	स्थानीय	०.९२	०.९५	०.९७	१		
		प्रदेश						
		राष्ट्रिय	०.६५			०.८०	दि.वि.ल. (रा.समीक्षा)	दि.वि.ल. (रा.समीक्षा)
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम								
५.१	प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थीक रूपले सक्रिय जनशक्ति*(%)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	३१.०	४०.०	५०.०	७५.०	पन्ध्रौं योजना	दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना
५.२	प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या)	स्थानीय	छात्रा					
			छात्र					
		प्रदेश	छात्रा					
			छात्र					
		राष्ट्रिय	छात्रा					
			छात्र					
६. सुशासन तथा व्यवस्थापन								
६.१	आधारभूत तह (कक्षा १-५) मा	स्थानीय	१७:१	२२:१	२२:१	२२:१		

क्र. सं.	सूचक		आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
	विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय)	प्रदेश						
		राष्ट्रिय	२४:१		३०:१	३०:१	फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना	शैक्षिक सूचना
६.२	आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय	२५:१	३०:१	३०:१	३०:१		
		प्रदेश						
		राष्ट्रिय	३०:१	३०:१	३०:१	३०:१	फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना	शैक्षिक सूचना
६.३	आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)	स्थानीय	१९:१	२०:१	२२:१	२५:१		
		प्रदेश						
		राष्ट्रिय	३३:१	३१:१	३०:१	३०:१	पन्ध्रौं योजना	शैक्षिक सूचना
६.४	माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)	स्थानीय	३१:१	३१:१	३१:१	३१:१		
		प्रदेश						
		राष्ट्रिय	४०:१		३०:१	३०:१	फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना	शैक्षिक सूचना
६.५	माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात	स्थानीय	९५:१	१: ८०	१: ६०	१: ५०		
		प्रदेश						
		राष्ट्रिय		३५:१	३०:१	३०:१	पन्ध्रौं योजना	शैक्षिक सूचना
७. उच्च शिक्षा								
७.१	उच्च शिक्षामा कूल भर्ना दर (%)	प्रदेश						
		राष्ट्रिय	१२.०	१७.०	२२.०	२५.०	पन्ध्रौं योजना दि.वि.ल. ४ (ने.रा.का.)	पन्ध्रौं योजनमा वि.सं.२१०० मा (४०.० %)पुऱ्याउने लक्ष
७.२	उच्च शिक्षामा महिला सहभागिता अनुपात	प्रदेश						
		राष्ट्रिय	०.९०	०.९४	०.९६	१.०	दि.वि.ल. (रा.समीक्षा) दि.वि.ल. ४ (ने.रा.का.)	दि.वि.ल. (रा.समीक्षा)
७.३	प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर(%)	प्रदेश						
		राष्ट्रिय	२५.०		३३.०		पन्ध्रौं योजना	शैक्षिक सूचना
८. शिक्षामा लगानी								
८.१	कूल बजेटको शिक्षा क्षेत्रमा	स्थानीय	१.४	५	१०	२०		

क्र. सं.	सूचक		आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको श्रोत	कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत
	विनियोजित बजेट*(%)	प्रदेश						
		राष्ट्रिय	१०.६८	१५.०	१७.०	२०.०	दि.वि.ल. ४ (ने.रा.का.)	शैक्षिक सूचना
८.२	आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	१८	२१	२४		पन्ध्रौं योजना	शैक्षिक सूचना
८.३	माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	११	१५	१७		पन्ध्रौं योजना	शैक्षिक सूचना

परिच्छेद – ३: विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.१.१ परिचय

नेपाल सरकारले शिक्षालाई राष्ट्रिय विकासको आधारको रुपमा लिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतासहित विभिन्न नीतिगत, संरचनागत, संस्थागत र व्यवहारिक प्रयासहरू अघि बढाएको छ । नेपालको संविधान,आवधिक विकास योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र वार्षिक नीति तथा कार्यक्रम मार्फत आर्थीक सामाजिक रूपान्तरण गर्ने सङ्कल्प पूरा गर्न शिक्षालाई राष्ट्रिय विकासको महत्त्वपूर्ण क्षेत्रको रुपमा आत्मसात गरीएको छ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालविकास केन्द्रले महत्वपूर्ण योगदान दिने तथ्यमा निर्विवाद छ । प्रारम्भिक बालविकास कार्यक्रम नेपालको 'सबैका लागि शिक्षा' सम्बन्धी राष्ट्रिय कार्ययोजना र सबैका लागि शिक्षा कार्यक्रमको अभिन्न अङ्ग हो । नेपाल सरकार प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षा मार्फत् आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिवद्ध छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बालविकास कार्यक्रमको औचित्यलाई महसुस गरी बालविकास केन्द्र स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रूपमा लिएको छ । प्रारम्भिक बालविकाससम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रमको अनुभव पाएका बालबालिकाहरू विद्यालयको वातावरणमा छिटो तथा बढी घुलमिल हुन सक्ने गरी तयार गरीएका छन् भन्ने कुरा प्रमाणित गरेको छ । विद्यालय क्षेत्र विकास योजना २०७३ देखि २०७९ का अनुसार मुलुकको विविधतायुक्त परिवेश तथा आवश्यकता अनुकूल शिक्षाको पहुँच तथा गुणस्तरीयतालाई सुदृढ गरी वि.सं. २०७९ सम्ममा नेपाललाई अल्पविकसित बाट स्तरोन्नति गर्ने राष्ट्रिय अपेक्षालाई साकार गराउने गरी पाँच वर्षे कार्यक्रम लक्षित गरेको छ । यसका लागि शिक्षा क्षेत्रको संस्थागत क्षमतामा सुधार गर्नु एउटा प्रमुख रणनीति हुने भएकोले यस शारदा नगरपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रुपमा निर्माण गर्ने उद्देश्य लिएको छ ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरीनु र शिक्षा ऐन २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस शारदा नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरीएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् । पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची–२ मा दिइएको छ ।

३.१.२ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि प्रारम्भिक बालशिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको छ । यस शारदा नगरपालिकामा हाल ५६ सामुदायिक विद्यालयहरूमा बालविकास कक्षा सञ्चालनमा रहेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्र काठमेण्डौले विकास गरेको टुलकिट यस नगरपालिकामा सञ्चालित बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर जम्मा ६६.९ प्रतिशत रहेको छ । जसमा विद्यालयमा आधारित बालविकास केन्द्रमा ४ बर्ष उमेर समूहका १ हजार ९ सय ६३ जना मध्य १२५० जना बालबालिका संस्थागत बालविकास तर्फ अध्ययन गरीरहेका छन् भने सामुदायिक बालविकास केन्द्रमा ३८४ छात्रा र ३८० जना छात्रा गरी ७६४ अध्ययनरत छन् । बालविकास शिक्षाको व्यवस्थापनका लागि जम्मा ६२ जना बालविकास सहजकर्ताको दरबन्दी रहेको छ । शारदा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत बालविकास सहजकर्ताहरूको न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. र अधिकतम स्नातक तह रहेको छ ।

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नु पर्ने आवश्यकता देखिन्छ । अझैं ५६ वटा सामुदायिक विद्यालयहरूमध्ये १ वटा विद्यालयमा बालविकास कक्षा सञ्चालन गर्न सकिएको छैन, जसका लागि शारदा नगरपालिकाको दरबन्दी मिलान कार्यदल, २०७७ को प्रतिवेदनको आधारमा दरबन्दी मिलान कार्यलाई सम्पन्न गर्नु पर्ने देखिन्छ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो अनुसार नभई कतै सो भन्दा बढी दुरीमा रहेको अवस्था छ । भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने केहि थप बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानुपर्दछ । नगरपालिकाले पालिकाभित्र रहेका बालविकास केन्द्र जानु पर्ने उमेर समूहका बालबालिकाको जनसङ्ख्याको आधारमा बालविकास केन्द्रको स्थापना गर्ने लक्ष्य लिएको छ । बालविकास शिक्षा सुधार योजना निर्माण गरी वालवालिकाहरूको मूल्याकंन फाराम मार्फत वार्षिक ४ पटक विद्यार्थीको सिकाइ तथा विकास मूल्याकंन गर्ने गरीएको छ । नगरपालिकाका सबै बालविकास केन्द्रहरू विद्यालयले व्यवस्थापन गर्ने गरी व्यवस्था गरीएको छ ।

३.१.३ लक्ष्य

- सवै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने ।

३.१.४ उद्देश्य

- तोकिएको उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास तथा शिक्षालाई भौतिक पूर्वाधारको सबलीकरण गरी बालमैत्री बनाउने,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

३.१.५ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य गर्ने,
- ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्डलाई समयानुकुल स्थानीयकरणका लागि सुझाव पेस गर्ने,
- अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने,

- बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाउने।

३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

प्रमुख नतिजा:

क्र. सं.	प्रमुख नतिजा	आधार वर्ष २०८१	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको अनुभव सहित सहज पहुँच पुगेका बालबालिकाको संख्या	३०	१०	६	५	५	५६
२	प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गराउने विद्यालय संख्या।	५५	५६	५६	५६	५६	५६
३	सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक/ सहजकर्ताको संख्या	५५	५६	५६	५६	५६	५६
४	न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रको संख्या	२०	३०	५०	५६	५६	५६
५	बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएका विद्यालय संख्या	५६	५६	५६	५६	५६	५६
६	भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रम लागु गरेका विद्यालय	१	५	५	१०	१०	३१
७	प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था र विद्यालयहरूसँग सहकार्य गरी सञ्चालन भएका विद्यालयहरुको संख्या।	१८	१०	१०	१०	८	५६

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य (Kee performance Indicator)

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	परिमाणात्मक लक्ष्य(५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
			१	२	३	४	५	जम्मा	
१	५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने प्रारम्भिक बालविकास केन्द्र/कक्षाहरू	संख्या	१					१	
२	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये प्रारम्भिक बालविकासको अनुभव लिई आएका बालबालिकाको प्रतिशत	प्रतिशत							
३	प्रारम्भिक बालविकास केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाइ सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या	विद्यालय							
४	प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण	पटक	१					१	
५	प्रारम्भिक बालविकासमा खुद भर्ना दर (Enrolment rate of 4-year old children)	प्रतिशत							
६	प्रारम्भिक बालविकासमा कूल भर्ना दर (GER in प्रारम्भिक बालविकास)	प्रतिशत							
७	प्रारम्भिक बालविकास को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in प्रारम्भिक बालविकास GER)	प्रतिशत							
८	प्रारम्भिक बालविकास को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in प्रारम्भिक बालविकास NER)	प्रतिशत	१.२१						
९	प्रारम्भिक बालविकास	**पटक**	०						

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	परिमाणात्मक लक्ष्य(५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
			१	२	३	४	५	जम्मा	
	केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या								
१०	प्रारम्भिक बालविकास मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत	पटक	१	१	१	१	१	५	
११	बालबालिकाको अभिलेखीकरण	निरन्तर							
१२	प्रारम्भिक बालविकासमा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत	प्रतिशत							
१३	अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवाशीय योजना	वटा			१			१	
१४	पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन	वटा	१५	१५	१०	१५	३	५८	
१५	शिक्षकको योग्यता क्षमता र पेसागत विकास	पटक	१	१	१	१	१	५	
१६	बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने	पटक	३	३	३	३	३	१५	१५
१७	अभिभावक शिक्षा	पटक	२	२	२	२	२	१०	
१८	परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	परिमाणात्मक लक्ष्य(५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
			१	२	३	४	५	जम्मा	
१९	सहयोगी (आया) को व्यवस्था	वटा	३	१०	१५	१५	१५	५८	

३.२ आधारभूत शिक्षा

३.२.१ परिचय

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरीन्छ । आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ बर्षका बालबालिकाहरूलाई समेटछ । आधारभूत तह विद्यालय शिक्षाको जग हो । यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र अनुकुल सिकाइ वातवरणमा जोड दिनुपर्ने हुन्छ । नेपालको संविधानले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र नि:शुल्क पाउने हकको व्यवस्था गरेको छ । यसैगरी अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरीकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ । प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षालाई उल्लेख गरेको छ ।

३.२.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरीन्छ । उमेर समूहका हिसाबले ४ देखि १२ बर्षका बालबालिकाहरूलाई समेट्छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने व्यवस्था गरेको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरीकको कर्तव्य हुने उल्लेख छ । शारदा नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिकतर्फ कक्षा १-३ सञ्चालन भएका २०, कक्षा १-५ सञ्चालन भएका २२ वटा विद्यालयहरू छन् । त्यसैगरी कक्षा १-८ सञ्चालन भएका ३, कक्षा १-१० सञ्चालन भएका ३ वटा र कक्षा १-१२ सञ्चालन भएका ८ वटा गरी जम्मा ५६ वटा छन् । संस्थागततर्फ कक्षा १-३ सञ्चालन भएका १, कक्षा १-५ सञ्चालन भएका ५, कक्षा १-८ सञ्चालन भएका १, कक्षा १-१० सञ्चालन भएका ४ वटा र कक्षा १-१२ सञ्चालन भएका १ वटा गरी जम्मा १२ वटा विद्यालयहरू छन् । आधारभूत तहमा कुलविद्यार्थी सङ्ख्या ७ हजार १ सय ९३ र विद्यालय विद्यार्थी अनुपात १:२६ रहेको पाइन्छ । यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी सङ्ख्या ४ हजार ६ सय १९ र विद्यालय विद्यार्थी अनुपात १:२२ रहेको छ । । यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी सङ्ख्या २ हजार ५ सय ७४ र विद्यालय विद्यार्थी अनुपात १:४० रहेको छ । यस पालिकामा आधारभूत तहमा जम्मा शिक्षक दरबन्दी सङ्ख्या १ सय ५६ र राहत अनुदानतर्फ ३७ र अन्य निजी स्रोतबाट (संस्थागतसहित) ४९ जना शिक्षकहरू कार्यरत रहेका छन् । न्यून दरबन्दी र शून्य दरबन्दी भएका विद्यालयहरूमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरीएको छ । शैक्षिक पार्श्वचित्र २०७८ अनुसार शारदा नगरपालिकामा आधारभूत तहको खुद भर्नादर ९८.४ रहेको छ । जसमध्ये (१-५) तर्फ खुद भर्नादर ९७.६ र (६-८) तर्फ खुद भर्नादर ९९.२ रहेको छ । यस्तै आधारभूत तहको कूल भर्नादर १०५.२ रहेको छ । जसमध्ये (१-५) तर्फ कूल भर्नादर १०५.२ र (६-८) तर्फ कूल भर्नादर १०५.४ रहेको छ । शारदा नगरपालिकाको कक्षा १ देखि ५ सम्मको उत्तीर्ण दर ९३.८१, कक्षा १ देखि ५ सम्मको कक्षा दोहोर्याउने दर ४.१२ र कक्षा १ देखि ५ सम्मको विद्यालय छोड्ने दर २.०७ छ । यस्तै कक्षा ६ देखि ८ सम्मको

उत्तीर्ण दर ९३.३६, कक्षा ६ देखि ८ सम्मको कक्षा दोहोर्याउने दर ३.१८ र कक्षा ६ देखि ८ सम्मको विद्यालय छोड्ने दर ३.४६ प्रतिशत रहेको छ।

माथि उल्लेख गरीएका विश्लेषणका आधारमा आधारभूत तहमा देहायवमोजिमका चुनौति रहेका देखिएका छन्।

१. आधारभूत शिक्षामा सवै वालवालिकाको पहुँच सुनिश्चित गर्ने ।

२. सूचना तथा संचार लगायत प्रविधिमैत्रि वातावरणको व्यवस्था गर्ने।

३. अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी रुपमा कार्यन्वयन गर्ने।

४. बालबालिकालाई सुरक्षित, भौतिक तथा वालमैत्री वातावरणको व्यवस्था गर्ने।

५. सिकाइको गुणस्तरमा सुधार गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउने।

६. प्रर्याप्त रुपमा शिक्षक दरबन्दी देखियता पनि कक्षा ६–८ मा विषयगत शिक्षकको व्यवस्थापन गर्ने।

७. शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने।

८. लक्ष्यमा आधारित सिकाइ उपलब्धि वृद्धि गर्ने।

३.२.३ लक्ष्य

- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने।

३.२.४ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने
- अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।

३.२.५ रणनीतिहरू

- विद्यालय नक्साङ्कन गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने

- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा न्यूनतम सक्षमता पूरा गराउने
- शिक्षण सिकाइका नवीनतम विधि अवलम्बन गर्ने
- प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्राथमिकता दिने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धीत क्षमता विकास गर्ने
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
- नतिजाप्रति जवाफदेहीता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहीता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने
- विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रुपमा कार्यान्वयन गर्ने

३.२.६ उपलब्धि, नतिजा, परिमाणात्मक लक्ष्य

उपलब्धि:

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य :

क्र स	प्रमुख नतिजा	आधार वर्ष २०८१	२०८२	२०८३	२०८४	२०८५
१	आधारभूत तह (कक्षा १-५) मा कूल भर्ना दर (GER)	११६.४	११०	१०५	१०३	१००
२	आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER)	९५.६	९७	९८	९९	१००
३	आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (GER)	१०५.3	१०४	१०३	१०२	१००
४	आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER)	९३.०	९५	९७	९९	१००
५	आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (GER)	११२	१०५	१०३	१०१	१००
६	आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (GER)	११२.२	११०	१०५	१०३	१००
	न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय					
	न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएका विद्यालय					
	बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने विद्यालय					
	विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन भइ पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएका विद्यालय					
	आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थीक समता सूचकमा सुधार हुने					
	सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने					
	विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने					

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	
१	विद्यालय नक्शाङ्कन तथा समायोजन	पटक	५	१	१	१	१	१	१	५
२	दरबन्दी पुनर्वितरण तथा समायोजन	पटक	१००	०	१०	१०	१०	१०	४०	६०
३	मापदण्ड अनुसार शिक्षक व्यवस्था	पटक	५०	०	१०	१०	५	५	३०	२०
४	सबै बालबालिकालाई विद्यालय भर्नाका लागि भर्ना अभियान संचालन	पटक	१०	१	१	१	१	१	५	५
५	प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था	पटक	१०	१	१	१	१	१	५	५
६	प्रारम्भिक कक्षा शिक्षणसम्बन्धी शिक्षक तालिम	पटक	१०	१	१	१	१	१	५	५
७	विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन	पटक/विद्यालय	५६	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	५६	५६
८	सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास	वटा	५६	२०	१०	१०	१०	१०	५६	५६
९	एक वडा एक नमूना विद्यालय बनाउने	वटा	१५	१	१	१	२	२	७	८
१०	आवश्यकताका आधारमा अपाङ्गता भएका	विद्यालय	५६	५६	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	५६	५६

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	
	विद्यार्थीलाई शैक्षिक सामाग्री सहयोग									
११	आधारभूत तहका सबै बालबालिकाका लागि पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको व्यवस्था	पटक	१०	१	१	१	१	१	५	५
१२	विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि पोशाक, स्टेशनरी र छात्रवृत्ति वितरण	पटक	१०	१	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	५	१०
१३	प्र .अ तथा शिक्षकहरुलाई समावेशी शिक्षा सम्बन्धि क्षमता विकास	पटक	६	०	१	१	१	१	४	२
१४	वि.व्य.स तथा शि.अ.संघका सदस्य सहित प्र.अ. लाई विद्यालय व्यवस्थापनमा क्षमता विकास	पटक	१०	१	१	१	१	१	५	५
१५	कक्षाकोठामा आधारित मूल्याङ्कन	विद्यालय		निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
१६	कक्षा आठको परीक्षा प्रणालीलाई व्यवस्थित उपब्धिमूलक बनाउने	विद्यालय	५	१	१	१	१	१	५	

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	
१७	शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना गरी विव्यस, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास गर्ने	पटक	१०	१	१	१	१	१	५	५
१८	समूह तथा अन्य क्रियाकलाप सञ्चालनकालागि उपयुक्त कोठा / हलको व्यवस्थापन	विद्यालय	३१	०	१०	१०	५	३	२८	३
१९	कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था	विद्यालय	३१	०	१०	१०	५	३	२८	३
२०	कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन	विद्यालय	३१	०	१०	१०	५	३	२८	३
२१	कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना	विद्यालयमा	३१	०	१०	१०	५	३	२८	३
२२	प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन	विद्यालय	३१	५	१०	१०	३	३	३१	

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	
२३	आधारभूत तह १-८ कक्षामा पढाइ मेला सञ्चालन गर्ने	पटक	२०	२	२	२	२	२	१०	१०
२४	आधारभूत कक्षा ६-८ सम्म एक विद्यालय एक स्वास्थ्यकर्मी व्यवस्था	विद्यालय	३१	१	१	१	१	१	५	२६
२५	सबै विद्यालयका बालबालिकालाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यकर्ता मार्फत सेवा उपलब्ध गराउने	विद्यालय	३१	२	५	३	३	३	१६	१५
२६	बुक फ्रि डे मा अभिभावक तथा समुदायका सिपयुक्त सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था	पटक	६०	५	५	५	५	५	२५	३५
२७	स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग			निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
२८	सबै विद्यालयका शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधित	पटक	२०	२	२	२	२	२	१०	१०

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	
	गर्ने									

३.३ माध्यमिक शिक्षा

३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवाती गरीएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरीक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले पनि प्रत्येक नागरीकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सवैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तह देखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

३.३.२ वर्तमान अवस्था

यस शारदा नगरपालिकामा कक्षा ९ देखि १२ को कुल भर्ना दर ७१.९ प्रतिशत रहेको छ । खुद भर्ना दर ४५.८ प्रतिशत छ । कक्षा ९–१२ मा लैंगिक समता सूचक १.१७ रहेको छ । यस पालिकामा सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा सरकारी तथा निजी स्रोतबाट जम्मा शिक्षकको सङ्ख्या ५६ रहेको छ । कक्षा ११ र १२ मा १८ जना शिक्षकहरू कार्यरत रहेका छन् । माध्यमिक तह ९-१० मा कुल विद्यार्थी सङ्ख्या १ हजार ६ सय १४ र शिक्षक विद्यार्थी अनुपात १:२९ रहेको पाइन्छ । माध्यमिक तह ११-१२ मा कूल विद्यार्थी सङ्ख्या १ हजार २ सय १८ र शिक्षक विद्यार्थी अनुपात १:६८ रहेको छ ।

यस नगरपालिकामा जम्मा सामुदायिक माध्यमिक विद्यालय सङ्ख्या ११ वटा रहेका छन् । संस्थागत मा.वि. भने ५ वटा छन् । यस पालिकामा जम्मा प्राविधिक धार तर्फको विद्यालय २ वटा रहेका छन् । प्राविधिक धारतर्फ सिटिइभिटीबाट शिवजन माविमा कृषि, पशु विज्ञान कार्यक्रम सञ्चालन भएको छ । यस पालिकामा संस्थागत र सामुदायिक माध्यमिक तहमा छात्रा सङ्ख्या १ हजार ३ सय ९ र छात्र सङ्ख्या १ हजार १ सय ८२ रहेको छ । यस पालिकाको श्री त्रिभुवन जन माध्यमिक विद्यालय लुहापिङ्ग, खलङ्गा नमुना माध्यमिक विद्यालय हो । कर्णाली प्रदेश सरकारको मेघा विद्यालय एक श्री शिव जन मा.वि. शितलपाटी रहेको छ । अभिभावको कमजोर आर्थीक अवस्थाका कारण परिवार नै रोजगारीका लागि बाहिरिनुपर्ने भएको हुँदा त्यसको प्रत्यक्ष असर बालबालिकाको पठन पाठनमा परेको छ भने विद्यालयहरुमा विषयगत शिक्षकको अभाव झेल्नुपरिरहेको साथै माध्यमिक तह (९-१०) उत्तीर्ण विद्यार्थीहरुलाई ११-१२ अध्ययनका लागि जिल्लामा नै टिकाउन नसकिएक अवस्था रहेको छ । भाषा विषयहरु जस्तै अंग्रेजी र नेपालीलाई भाषिक दक्षता बढाउने विषयका रुपमा नहेरी परीक्षा केन्द्रित रुपमा पठन पाठन गरीनु, अनिवार्य तथा निशुल्क शिक्षालाई पूर्णरुपमा कार्यान्वन गर्न नसकिनु, शिक्षकको पेसागत विकासका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न नसक्नु

तथा गरे पनि त्यसको प्रभाव कार्यक्षेत्रमा नगण्य मात्रामा देखिनु आदि समस्या तथा चुनौतिहरु रहेका छन । यसका बावजुद, नेपालको संविधानले माध्यामिक तहसम्मको शिक्षा निःशुल्क गरीनु, माध्यामिक तहसम्मको विद्यालय सञ्चालनको अधिकार स्थानीय तहलाई दिइनु, धेरैजसो विद्यालयहरुमा पर्याप्त विद्यार्थी संख्या हुनु, नगरपालिका भित्रै ४ वटा प्राविधिक शिक्षालायहरु संचालन भैरहेको अवस्थामा स्थानीय स्तरमै प्राविधिक शिक्षा दिन सकिने विकल्प रहनु, भौगोलिक विविधताका वावजुद घरबाट न्युनतम दुरीमा माध्यमिक विद्यालय हुनु जस्ता अवसरहरु रहेका छ।

३.३.३ लक्ष्य

- मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने।

३.३.४ उद्देश्य

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशीरसुरक्षित बनाउने,
- शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउने।

३.३.५ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने
- माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने
- सक्षम र उत्प्रेरित प्रधानाध्यापक गर्ननकालागि आवस्यक कार्यक्रम व्यवस्था गर्ने
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

- वैकल्पिक माध्यमको रुपमा दक्ष विषयगत शिक्षक र पालिकाको सहयोगबाट श्रव्य दृश्य सामग्री निर्माण गरी अनलाइन तथा अफलाइन रुपमा उपलब्ध गराउने।
- विद्यालयमा सरोकारवाला निकायबाट नियमित अनुगमन गरी सम्वन्धित विद्यालयका शिक्षक तथा प्रधानाध्यापकलाई सकारात्मक पृष्ठपोषण प्रदान गर्ने।
- विद्यार्थी सँख्या तथा शिक्षकको उपलब्ध दरबन्दी विवरण अनुसार दरबन्दी मिलान गरी विषयगत शिक्षकको अभाव कम गर्ने।

३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भइ सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र स	प्रमुख नतिजा	आधार वर्ष २०८१	२०८२	२०८३	२०८४	२०८५
१	नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएका विद्यालय	१०	१०	१०	१०	१०
२	माध्यमिकतह (कक्षा ९-१०) मा कूलभर्ना दर (GER)	८९.६	९५	९७	९९	९९
३	माध्यमिकतह (कक्षा ९-१०) मा कूलभर्ना दर (NER)	८०.८	८८	९३	९७	९९
४	माध्यमिकतह (कक्षा ११-१२) मा कूलभर्ना दर (GER)	७१.७	८०	९०	९५	९९
५	माध्यमिकतह (कक्षा ११-१२) मा कूलभर्ना दर (NER)	४९.३	६५	८५	९५	९९
६	भर्ना दर, कक्षा उपस्थिति र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक लगायतका समता सूचकमा सुधार भएका विद्यालय	३	२	२	२	१
७	माध्यमिक तहको शिक्षामा सुशासन कायम भइ गुणस्तरीय शिक्षा प्रवाह गरेका विद्यालय	२	३	२	२	१
८	विपद, प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति पुर्ण उत्थानशील विद्याय संख्या	१	३	२	२	२
९	सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा बृद्धिगरेका विद्यालय	४	३	१	१	१

प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) बर्ष
			१	२	३	४	५	जम्मा	
१	नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि,	पटक	०	१	-	-	-	१	

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) बर्ष
			१	२	३	४	५	जम्मा	
	निर्देशिकाहरू तयारी								
२	माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालय बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैपल्पिक प्रबन्ध गर्ने	विद्यालय	०	३	४	२	१	१०	
३	विद्यालय सेवाक्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरु भर्नाको सुनिश्चिताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना	पटक	०	१	-	-	-	१	
४	प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास	प्रतिशत	२०	२०	२०	२०	२०	१००	
५	माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ्, कला र गणित शिक्षा जस्ता विषयको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान अध्ययनका लागि अवसर बढाउने कार्यक्रम सञ्चालन गर्ने।	पटक	०	१	निरन्तर	निरन्तर	निरन्तर	१	
६	विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरवार, शौचालय)	विद्यालय	१	३	२	२	२	१०	
७	वि.व्य.स, पि.टी.ए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण	प्रतिशत	२०	२०	२०	२०	२०	१००	
८	विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउन आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन	पटक	१	-	-	-	-	१	
९	प्रविधि तथा व्यवहार कुशल सिपहरुको एकिकरण तथा विद्यार्थी मुल्याङ्कन सम्बन्धि शिक्षक सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास	विद्यालय	२०	२०	२०	२०	२०	१००	
१०	अपाङ्गता भएका विद्यार्थीहरुलाई आवस्यक सहयोग	पटक	१	१	१	१	१	५	

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) बर्ष
			१	२	३	४	५	जम्मा	
११	निःशुल्क शिक्षाको सुनिश्चितताको लागि शैक्षिक सामाग्रि वितरण	विद्यार्थी	१	१	१	१	१	५	
१२	आर्थीक रूपमा विपन्न विद्यार्थिका लागि पोसाक तथा स्टेशनरी सहयोग	सङ्ख्या							
१३	सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान	विद्यालय	सबै	सबै	सबै	सबै	सबै		
१४	कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग	पटक	१	-	-	-	-	१	
१५	बालक्लव गठन तथा परिचालन, विद्यार्थी परामर्श तथा अभिभावक सचेतना कार्यक्रम	विद्यालय	१	१	१	१	१	५	

३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

३.४.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भदा बाहिर मानव जिवनका लागि आवश्यक ज्ञान, सीप र प्रकृयाको प्रशोधन गर्ने जिवनपर्यन्त अर्थात आजिवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धी, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको ,प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सवैका लागि गुणस्तरीय शिक्षा र जीवनप्रयान्त सिकाइ अवसर दिगो विकासको मुल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनप्रयन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागिकार्यमुलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक शिक्षाका वीचमा Cross ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता र अनुकुलतामा आधारित बनाउदै लैजानुपर्ने देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पुर्ण साक्षर मुलुक तुल्याइ । अनौपचारिक, वैकल्पीक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतीको विकास गर्नु सवै प्रकारका अपांगता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जिवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जिवनयापन गर्न सक्षम र प्रतिस्प्रधी नागरीक तयार पार्ने उद्देश्य निर्धारणगरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय

तहलाई प्रदान गरेको छ। सामुदायीक सिकाइ केन्द्रको सञ्चालन एवं व्यवस्थापन सम्वन्धी मापदण्ड २०७८ मा नीतिगत व्यवस्था गरीएको छ।

३.४.२ वर्तमान अवस्था

यस शारदा नगरपालिकामा ७ हजार ३ सय ९१ घरधुरी र जनसङ्ख्या ३ हजार ३ सय ७३० रहेको छ। यस पालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन भने एक वटा खुल्ला विद्यालय कक्षा १० रहेको छ । शारदा नगरपालिकामा सञ्चालनमा रहेको खुला विद्यालय कक्षा १० सञ्चालनमा रहेको र सो विद्यालयको अनुगमन तथा नियमन यस पालिकाबाट भैरहेको छ । यस नगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको स्थलगत अनुगमन, निरक्षण भै परिचालन गरीएको छ। केन्द्रिय तथ्यांक विभागको २०६८ सालको जनगणना अनुसार शारदा नगरपालिकाको साक्षरता दर ७०.८८ रहेको छ । जसमा महिला साक्षारता दर ६१.५३ र पुरूषको साक्षारता दर ८१.९९ रहेको छ। २०७२ साल पुस १४ गते सल्यान जिल्ला नेपालको बाइसौँ साक्षर जिल्ला घोषण भैसकेको छ।

चुनौती र अवसर

- सामुदायिक सिकाइ केन्द्रहरूलाई क्रियाशिल रूपमा परिचालन गर्ने,
- औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिलाई अनौपचारिक शिक्षामा पहुँच पुर्याउने,
- सबैलाई कार्यमुलक साक्षर बनाउने,
- अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग आवद्द गर्नु,
- पर्याप्त पठन सामाग्रीहरूको उपलव्धता गराउनु,
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरीक समाज, संचारमाध्यम, अभिभावक परिचालन गरी साक्षरता स्थीति बढाउने,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७८ लाई प्रभावकारी कार्यान्वयन गर्ने
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामाग्री विकास गर्नु
- महिलाहरूको साक्षरता प्रतिशत वृद्दी गर्नु,
- शिक्षालाई मौलिक हकको रूपमा राखिनु,
- शिक्षा नियमावलीमा अनौपचारिक शिक्षा सम्वन्धी व्यवस्था हुनु,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी नीतिगत व्यवस्था,
- विभिन्न सङ्घसंस्था तथा सरोकारवालाहरूले सवैका लागि शिक्षामा प्रतिवद्दता जनाउनु

३.४.३ लक्ष्य

- सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरीकको जीवनस्तरमा सुधार हुने

३.४.४ उद्देश्य

- सबै नागरीकका लागि समावेशीतथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
- औपचारिक, अनौपचारिक तथा अरितिक शिक्षकाबीच अन्तरसम्बन्ध स्थापित गर्ने
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने

- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने

३.४.५ रणनीतिहरू

- मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम हस्तान्तर सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरीने छ।
- सामुदायिक सिकाइ केन्द्रहरूकोपुनर्संरचना तथा पुनर्वितरण गरीने
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संसथाहरू, नागरीक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरीने
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरीने
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरीने
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरीने

३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

उपलब्धि:

- सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष

क्र स	प्रमुख नतिजा	आधार वर्ष २०८१	२०८२	२०८३	२०८४	२०८५
१	साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु सञ्चालन गर्ने	१	२	२	२	२
२	४ वटै सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइको केन्द्रका रूपमा विकासगर्ने	०	१	१	१	१
३	सामुदायिक सिकाइ केन्द्र प्रत्येक वडामा स्थापनना गर्ने	४	२	२	२	१
४	न्यनतम सुविधा सम्पन्न भएका सामुदायिक पुस्तकालयको स्थापनना	०	१	१	१	१
५	नगरपालिका भित्र रहेका साक्षर कक्षाको निरन्तरता	४	२	२	२	१
६	नगरपालिकाद्वारा स्थापना तथा सञ्चालित आयमुलक कार्यक्रमको सङ्ख्या	२०	२	२	२	२
७	छोटा तथा लामा अवधिका सिपमूलक कार्यक्रम संचालन	०	२	२	२	२
८	विद्यालय बाहिर रहेका किशोर किशोरिहरुको तथ्याङ्क संकलन	१	१	१	१	१

९	विद्यालय बाहिर रहेका किशोर किशोरीहरुलाई२८ हप्ते रुपान्तरण कक्षा सञ्चालन	१	१	१	१	१
१०	विद्यालय बाहिर रहेका किशोर किशोरिहरुकालागि अनौपचारिक शिक्षा कक्षा तह १ र तह २ सञ्चालन गर्ने	०	१	१	१	१
११	कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बीचैमा पढाई छाडेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई संश्लेषित पाठ्यक्रमको आधारमा आधारभुत तह (तह ३) को बैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने	०	१	१	१	१
१२	माध्यमिक शिक्षाको अवसरवाट बञ्चित व्यक्तिलाई लक्षित गरी माध्यमिक तह (तह ४ र तह ५) सम्म अनौपचारिक वा खुला शैक्षिक कार्यक्रम सञ्चालन	०	१	१	१	१
१३	आधारभुत तथा माध्यमिक तहको शिक्षाको अवसरबाट वञ्चित भएका युवा, युवती, किशोर, किशोरी तथा प्रौढहरुको लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रमले व्यवस्था गरे अनुसार ज्ञान, सिप तथा दक्षताको प्रमाणीकरण	०	१	१	१	१
१४	अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयनका लागि सामाजिक विकास समिति संयोजकको संयोजक्त्वमा कार्यन्वयन समितिको गठन गर्ने।	०	१	१	१	१

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	
१	अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ र यसका आगामी मार्ग सम्वन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समुहबाट अवधारणापत्र तयार गराइ अभिमुखीकरण गर्ने	पटक	५	१	१	१	१	१	५	
२	निरक्षरहरूको विवरण संकलन र आजिवन सिकाइका सरोकारवालाहरूको खण्डिकृत तथ्यांकहरूको डाटावेस तयार गर्ने	पटक	१०	१	१	१	१	१	५	५
३	विद्यालय वाहिर रहेका बालबालिका तथा प्रौढहरुको लागि कार्यक्रम सञ्चालन	महिना	९	३	३	३	३	३	३	६
४	सहभागीहरुको मातृविद्यालयबाट मूल्याङ्कन गर्न लगाइ शैक्षिक योग्यताको प्रमाणीकरण गर्ने	पटक								
५	अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ	पटक	१०	१	१	१	१	१	५	५

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
				१	२	३	४	५	जम्मा	
	कार्यान्वयन समिति गठन, मातृविद्यालय, सामुदायिक सिकाइ केन्द्र लगायतका पदाधिकारीलाई पाठ्यक्रम, सिकाइ सामग्री, सिकारु मूल्याङ्कन लगायतका विषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने									
६	कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण एवम् प्रबोधीकरण गर्नु	पटक	१२	१	१	१	१	१	५	७
७	प्रत्यक वडामा सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक अध्ययन केन्द्र सँग आवद्द गर्ने	वटा	११	०	२	२	२	२	८	३
८	सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा संचारप्रविधि मैत्री उपकरणको व्यवस्था गर्ने	वटा	४	०	१	१	१	१	४	
९	बैकल्पिक शिक्षा तर्फ तह १, तह २ र तह ३ को संश्लेषित पाठ्यक्रम अनुसार कक्षा सञ्चालन	पटक	४	१	१	१	१	१	१	३
१०	सङ्घ, प्रदेश र स्थानीय तह बिच समन्वय संयन्त्र विकास गर्ने	पटक	१	०	१	-	-	-	१	
११	अनौपचारिक शिक्षा कक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य रणनीति तथा कार्यविधि तयार गर्ने	पटक	२	०	१	१	१	१		
१२	अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलव्ध गराउने	पटक	५	१	१	१	१	१	५	
१३	जेष्ठ नागरीक, श्रमिक, गृहणी महिला, कैदीहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने	पटक	५	१	१	१	१	१	५	

३.५ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५.१ परिचय

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका वीच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातीका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएतापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिड, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक

तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपांगता, गरीवी, सीमान्तकृत आर्थीक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सवै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा सुधार गर्दै श्रम बजार सँग आवद्ध गर्नुपर्ने देखिन्छ ।वि. सं. २०७२ को संविधान सँगसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरीएको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढंगमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम रोगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

३.५.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निकशिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निकशिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रमर ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६) ।कर्णाली प्रदेशमा ४ वटा आङ्किक, २ वटा साझेदारी, १०४ वटा सामुदायिक विद्यालयहरू, १८ वटा निजी संस्थाहरूरहेका छन् भने यस पालिकामा १ वटा सामुदायिक विद्यालयहरूमा डिप्लोमा कृषि विज्ञान सञ्चालनमा रहेको छन् ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित प्रि डिप्लोमा वालि विज्ञान र पशु विज्ञान अन्तर्रगत शिवजन मावि शितलपाटीमा ५२० जना विद्यार्थी विद्यार्थीहरू अध्ययनरत रहेका छन् भने डिप्लोमा तर्फ वन विज्ञान र वालिविज्ञान अन्तर्रगत ४४ विद्यार्थी अध्ययनरत छन् । यस्तै आरती टेक्निकल इन्स्टिच्युटमा प्रि डिप्लोमा तर्फ पशु विज्ञानमा ४० विद्यार्थी अध्ययनरत छन् । यस्तै शहिद नेत्रलाल अभागि बहुप्राविधिक शिक्षालयमा डिप्लोमा सिभिल इन्जिनियरिङ १६१ विद्यार्थि र पशु विज्ञान तर्फ ८० विद्यार्थी अध्ययनरत छन् । छोटो अवधिका व्यवसायिक र सीपमूलक तालिमहरू जस्तै च्याउ खेति, वेमौसमी तरकारी खेति, वायरिङ, कुक, ड्राइभिङ, कुखुरा पालन, मोवाइल रिपेरिङ, पलम्वर, कुक तालिम पालिकाको समन्वयमा सञ्चालन हुने गरेका छन । कमाउदै पढ्दै अभियानको लागि नगरपालिकाले आ.व २०७८।०७९ २० लाख बजेट विनियोजन गरेको थियो भने हालका वर्षहरुमा उक्त कार्यक्रम भएतापनि रकम विनियोजन गर्ने कार्यले निरन्तरता पाएको छैन ।

३.५.३ लक्ष्य

- उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थीक स्तरमा सुधार ल्याउने ।

३.५.४ उद्देश्य

- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्ने
- स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने
- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने

३.५.५ रणनीतिहरू

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्तिसरोकारवालाहरूसँग समन्वय गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउनप्रोत्साहन गर्ने
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरीक एवम् आर्थीक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धीत संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थीक स्तर सुधार गरेको हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	आधार वर्ष (२०८१)	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमापर्याप्त अवसर प्राप्त गरेका जनशक्तिको तथ्याङ्क संकलन गर्ने	१	१	१	१	१	५
२	बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना गर्ने	०	१	-	-	१	-
३	सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरको परिक्षण, अनुगमन, मुल्यांकन गर्ने।						

४	प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थीक उपार्जनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्ने	०	१	१	१	१	५
५	स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्धन	१	१	१	१	१	५
६	बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना	१	१	१	१	१	५
७	उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जन, नवपर्वर्तन तथा उद्यमशीलतामा अवसरमा वृद्धि	१	१	१	१	१	५
८	प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि गर्न समन्वय सहकार्यका कार्विधि निर्माण तथा कार्यान्वयन	१	-	-	-	-	१

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. सं.	***प्रमुख क्रियाकलाप***	***इकाइ***	***परिमाणात्मक लक्ष्य (५ वर्ष)***						***भौतिक लक्ष्य (१०) वर्ष***
			१	**२**	**३**	**४**	**५**	**जम्मा**	
१	प्रयोगशाला व्यवस्थापन सहयोग	वटा	२	२	२	१	१	८	८
२	सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन	विद्यालय	०	१	-	१	-	२	१
३	छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन	वटा	१५	१५	१५	१५	१५	७५	२५
४	प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी पालिकास्तरीय नीतिको तर्जुमा तथा अद्यावधिक	पटक	-	१	-	-	-	-	१
५	सीप हासिल गरेका युवाहरूको खोजी र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन	सङ्ख्या	१०	१०	१०	१०	१०	५०	१०
६	प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशिलता विकासको लागि सहयोग	सङ्ख्या	१०	१०	१०	१०	१०	५०	
७	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन	पटक	१	२	३	४	४	१४	

परिच्छेद – ४: अन्तर सम्बन्धित उप- क्षेत्रहरु

४.१ पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्यांकन

४.४.१ परिचय

नेपालमा पाठ्यक्रम विकास केन्द्र (CDC), शिक्षा मन्त्रालय अन्तर्गतको एक शैक्षिक केन्द्र, शिक्षाको राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न विद्यालय शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तकहरू र अन्य निर्देशनात्मक सामग्रीहरू विकास गर्ने उद्देश्यले स्थापना गरीएको हो । यसले विद्यालय शिक्षालाई सान्दर्भिक, व्यावहारिक र प्रतिस्पर्धात्मक बनाउन अनुसन्धानमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्छ । विद्यालय शिक्षालाई उत्तरदायी र सक्षम नागरीकको विकासको आधारशिला मानिन्छ । तसर्थ, प्रारम्भमा १९७१ मा पाठ्यक्रम, पाठ्यपुस्तक र सुपरिवेक्षण केन्द्रको रूपमा स्थापना भएको र पछि १९९७ मा पाठ्यक्रम विकास केन्द्र नामकरण गरीएको यो केन्द्रले स्थापनाकालदेखि नै विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रियामार्फत विद्यालय शिक्षामा विद्यार्थीहरूको आवश्यकता र रुचिलाई एकीकृत गर्न कटिबद्ध छ । पाठ्यक्रम विनाको औपचारिक शिक्षा के पढाउने? किन पढाउने? कसरी पढाउने? कहिले पढाउने ? र के प्राप्त गर्ने भन्न जस्ता अनुत्तरित प्रश्नले अन्यौल नै रहने हुन्छ । त्यसकारण पाठ्यक्रम विना व्यवस्थित पठनपाठनको कल्पना गर्न सकिँदैन । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि, विषयवस्तु, शिक्षण प्रक्रिया, क्रम र क्षेत्र, मूल्याङ्कन प्रक्रियासमेत स्पष्ट पारिदिएको हुन्छ । अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चितालाई मार्गदर्शन गर्नु र सिकारूले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि । ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजिकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाईलाई मार्गदर्शन गर्नु समग्रतामा पाठ्यक्रमको उद्देश्य भित्र पर्दछ । विभिन्न अध्ययन अनुसन्धानहरूसँग सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषणसमेतका आधारमा पाठ्यक्रमको विकास गर्ने र राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात गरेर १०/१० वर्षमा पाठ्यक्रमको समीक्षा र परिमार्जन गरेर पाठ्यक्रम विकास र परिमार्जन गर्ने गरीन्छ । विषय विज्ञले विद्यार्थी, शिक्षक, बालमनोविज्ञान र समाजको अपेक्षा तथा समयसापेक्ष आवश्यकताका आधारमा पाठ्यक्रम तर्जुमा गरी विषय समितिमा पेस गरेको खाकामा विषय समितिले अध्ययन गरेर सिफारिस गरेको पाठ्यक्रमलाई पाठ्यक्रम विकास समितिले पारित गरेपछि पाठ्यक्रमले अन्तिम रूप लिने नीतिगत व्यवस्था छ । हाल नेपालमा सामुदायिक विद्यायलयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरीएको छ ।

४.१.२ वर्तमान अवस्था

शारदा नगरपालिकामा वि सं २०७७ सालमा आधारभूत तह १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण भएको हो । भने कक्षा ६ देखि ८ को २०७९ बनेको थियो । २०८० सालमा अधारभूत तहका कक्षा १ देखि ८ सम्म नै स्थानीय पाठ्यक्रम कार्यान्वयन भईरहेको छ । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म नेपाल सरकारले सबै र कक्षा ११-१२ मा अनिवार्य विषयका पाठ्यपुस्तक नि:शुल्क प्रदान गर्ने व्यवस्था गरेको छ । कक्षागत रुपमा हरेक विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरीएको छ । शारदा नगरपालिकामा अन्य समुदाय तथा भाषाभाषी बालबालिकाहरु नभएको हुनाले नेपाली मातृभाषाका पाठ्यपुस्तबाट पठनपाठन भईरहेको छ । कक्षा १ देखि ३ सम्म निरन्तर सिकाइका लागि मूल्याकंन ५६ विद्यालयमा कार्यान्वयन भईरहेको छ । शिक्षकहरुलाई तहगत रुपमा

पाठ्यक्रमको प्रभोविधीकरण समय समयमा भईरहेको छ । कक्षा ४ देखि १२ सम्म विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजन कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। सबै कक्षामा अक्षरांकन पद्दति अनुसार नतिजा निकाल्ने परिपाटि अपनाइएको छ।

चुनौतिहरू तथा अवसरहरू

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु
- स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु
- सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु
- सबै भाषिक समुदायका बालबालिकाको लागि मातृभाषमा पाठ्यसामाग्रीको विकास गर्नु
- अपांगता भएका बालबालिकाको लागि अनुकुलको पाठ्सामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका
- स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक विकास तथा कार्यान्वयन
- शिक्षकलाई प्रश्नपत्र निर्माण सम्बन्धी तहगत रुपमा क्षमता विकास

४.१.३ लक्ष्य

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास भई सक्षम, सृजनशील एवं विश्व परिवेशमा नागरीक प्रतिस्पर्धी तयार हुने

४.१.४ उद्देश्य

- पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धी पुरा गर्नै किसिमका सिकाइ क्रियाकलाप संचालन गर्नु
- पाठ्यक्रमलाई सूचना तथा संचार प्रविधीसँग जोड्नु
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु
- पाठ्यक्रमलाई दैनिक जीवनसँग सम्बन्धीत गराउनु
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु
  - पाठ्यक्रममा नैतिक शिक्षालाई समेट्नु

४.१.५ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरीने
- विकास गरीएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरीने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरीने
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने

- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरीने
- शिक्षकको पेसागत सक्षमता विकास गरीने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरीने
- स्थानीय तह तथा विद्यालमा आधारित सहयोग पद्धति विकास गरीने
- शिक्षकलाई प्रश्नपत्र निर्माण ,विकास र कार्यान्यवन सम्बन्धी क्षमताको विकास।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने
- स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरीने
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरीने

४.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र आधुनिक प्रविधीसँग सम्बन्धित सिपयुत्त विश्व परिवेशमा नागरीक प्रतिस्पर्धी तयार हुने

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र स	प्रमुख नतिजा	आधार वर्ष २०८१	२०८२	२०८३	२०८४	२०८५
१	पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाइ तथा मूल्याङ्कन कार्यान्वयन प्रभावकारी रूपमा हुने विद्यालय संख्या	५६	५६	५६	५६	५६
२	स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गरेका विद्यालय	३१	३१	३१	३१	३१
३	एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या	२०	२०	२०	२०	२०
४	सिकाइ सामाग्री निमार्ण गरी प्रयोग गर्ने विद्यालय संख्या	१०	१०	१०	५	४
५	पाठ योजना बनाइ शिक्षण गर्ने शिक्षक प्रतिशत	२०%	४०%	५०%	७०%	१००%
६	परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या	४५	११			
७	निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय	५६	५६	५६	५६	५६
८	पाठ्यक्रम र पाठ्यसामाग्रीलाई सूचना तथा संचार प्रविधीसँग					

	जोड्दै सृजनात्मक कार्यान्वयन गर्ने					
९	पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको					
१०	सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने					
११	सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत					
१२	स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने					

प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
			१	२	३	४	५	जम्मा	
१	शिक्षकलाई प्रश्नपत्र निर्माण सम्बन्धी तहगत रुपमा क्षमता विकास तालिम	पटक	१२		२	२	२	२	२
२	पाठ्यक्रम अभिमुखीकरण	पटक	५		१	१	१	१	
३	शिक्षक पेशागत सहयोग सम्बन्धी तहगत रुपमा क्षमता विकास तालिम	जना	७५		१५	१५	१५	१५	
४	शिक्षक पेशागत सहयोग विज्ञ समुहबाट अवलोकन तथा पृष्ठपोषण	पटक	३५०		४०	५०	६०	७०	१५०
५	निरन्तर विद्यार्थी मूल्याङ्कन कक्षा १ देखि ३ सम्म	विद्यालय/ पटक	३००	२०	६०	६०	६०	६०	४०
६	आवधिक मूल्याङ्कन	विद्यालय	५६		५६	५६	५६	५६	निरन्तर
७	डिजिटल सामाग्रीको प्रयोग	विद्यालय	५६	०	-	-	-	-	
४	सूचना तथा संचार प्रविधिको प्रयोग	विद्यालय	५६	०	-	-	-	-	
५	स्थानीय पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन	पटक	१		१				
६	विद्यालयमा शिक्षण सिकाइ सामग्री, सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको उपलब्धता, अभिमुखीकरण र प्रयोग	पटक	४	०	१	१	१	१	निरन्तर
७	पढाइमैत्री शैक्षणिक सामग्री खरिद,	सवै	२०	५	५	५	५	निरन्तर	

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०) वर्ष
			१	२	३	४	५	जम्मा	
	सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था	विद्यालयका कक्षा १ देखि ३							
८	सबै बालबालिकालाई(१-५) पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता	विद्यालय	२२	०	२२	२२	२२	२२	
९	स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग	पटक	१२	२	२	२	२	२	२
१०	शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै: पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता र प्रयोग	विद्यालय	५६	१	१	१	१	१	निरन्तर
११	शिक्षकलाई प्रश्नपत्र निर्माण सम्बन्धी तहगत रुपमा क्षमता विकास तालिम	पटक	१२		२	२	२	२	२

४.२ शिक्षामा समता तथा समावेशीकरण

४.२.१ परिचय

नेपालमा विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायको बसोबास रहेको छ । यसरी बसोबास रहेका समुदायको विविधतालाई एकातिर पहिचान र सामर्थ्यको रूपमा लिने गरीएको देखिन्छ भने अर्को तर्फ ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितीकरणमा परेका समुदाय पनि छन् । यस्ता समुदायहरू सामाजिक, ऐतिहासिक, आर्थीक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गइ अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ । जसको प्रभाव शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिमको अपांगता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याइ सहभागि बनाउन थप प्रयास आवश्यक देखिन्छ । यसर्थ शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यक छ ।

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै घरनजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ । बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गीकार गरेको छ ।

अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ । विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थीक–सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिँदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्छन् । नेपाल सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ ।

४.२.२ वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केहि विशेष प्रवन्ध स्वरूप वि.स. २००४ सालमा छात्राहरूका लागि झुट्टे विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.स. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहिन बालबालिकाका लागि एकिकृत विद्यालय शिक्षा प्रारम्भ भइ हाल सम्म संचालित छ । शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भइ अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ ।

समतामूलक एवं समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएकाक व्यक्तिका लागि समतामुलक अवसर सुनिश्चित गर्ने सम्वन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३-२००२, सालामान्का घोषणा सन १९९४, तथा महिला विरूद्द हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिअरूको अधिकार सम्वन्धी महासन्धि सन् २००६ आदिमा प्रतिवद्दता जनाएको छ। यी सम्पूर्ण महासन्धि एवम घोषणाहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन्।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरीकको मौलिक हकको रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थीक रूपले विपन्न नागरीकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकिकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरीएको छ । शारदानगर नगरपालिकाले अपाङ्गता भएका बालबालिका, छात्रा, दलित, जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढाउन मद्दत पुगेको देखिन्छ। नगरपालिकामा रहेको विशेष विद्यालयबाट समेत अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन्। दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, छात्रा तथा सिमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स आदि कार्यक्रमहरू कार्यान्वयन गरीए तापनि अझै विद्यालय शिक्षामा पूर्ण रूपमा समता र समावेशिता कायम गर्न सकिएको छैन।

शारदा नगरपालिकामा अनाथ, घरेलु हिंसा पिडित, द्धन्द पिडित, सहिद परिवार, बेपत्ता, घाइते , अपाङ्गता भएका लगायत सबै किसिमका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउनका लागि नगरपालिकाले विभिन्न कामहरू गरीरहेको छ। छात्रवृत्ति, विद्यालयहरूलाई अपाङ्गमैत्री एवं बालमैत्री बनाउने, दिवा खाजाको व्यवस्था लगायतका कामहरू नगरपालिकाले गरीरहेको छ। तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ। यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरूका लागि श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मुलधारमा पुग्न सकेको देखिँदैन।

विद्यालय वाहिर रहेका, विचैमा विद्यालय छाडि तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलव्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ। विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतिका विषयहरू हुन्।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपाङ्गता भएका बालबालिकाहरूलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवस्था छ। छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको

पाटो सशक्त बन्दै जानु, नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागु गरीनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

४.२.३ लक्ष्य

- सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थीक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने

४.२.४ उद्देश्य

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थीक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु।

४.२.५ रणनीतिहरू

- विद्यालय सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने र यसका लागि बालमैत्री विद्यालय प्रारूप तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने।
- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईने
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरीने
- आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरीने
- बालबालिकाहरुमा सामाजिक, मानसिक र शारिरीक कारणले गर्दा हुने समस्याहरुको समाधान गर्न विज्ञ मनोचिकित्सकहरु मार्फत विद्यार्थी मनोपरामर्श तथा सचेतना सेवा उपलब्ध गराउन शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरीने
- आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरीने

- विद्यालयमा अभिभावको सहभागिता बढाइने
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरीने
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने
- महिनावारीको कारण छात्राहरूले कक्षा छोड्ने दर घटाउन सबै छात्राहरूलाई पुग्ने गरी घरमा लिने र विद्यालयमा उपलव्ध हुने गरी सेनेटरी प्याडको भरपर्दो व्यवस्था गर्ने।

४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	आधार वर्ष (२०८१)	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थीक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूको तथ्याङ्क आवधिक गर्ने	१	१	१	१	१	५
२	विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार गर्ने	१	१	१	१	१	५
३	पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने गरी निर्माण तथा कार्यान्वयन गर्ने	१	१	१	१	१	५
४	वि. व्य. स, पि. टि. ए प्र.अ तथा विद्यालय शिक्षकहरुलाई समावेशिक्षामा क्षमता विकास गर्ने	१	१	१	१	१	५
५	आधारभूत तहमा लैङ्गिक समता सूचक	०.९१	०.९५	०.९८	०.९९	१.0	१
६	माध्यमिक तहमा लैङ्गिक समता सूचक	१.०८	१.५	१.३	१.२	१.१	१
७	विद्यालय महिला शिक्षक अनुपात						
८	महिला शिक्षक र छात्राको अनुपात						

९	आधारभूत तहमा दलित छात्राको लैङ्गिक समता सूचक	०.९६	०.९७	०.९८	०.९९	१	१
१०	माध्यमिक तहमा दलित छात्राको लैङ्गिक समता सूचक	१.३४	१.३	१.२	१.१	१.०	१
११	माध्यमिक तहमा जनजाति छात्राको लैङ्गिक समता सूचक	०.८७	०.९	०.९५	०.९८	१.०	१
१२	माध्यमिक तहमा जनजाति छात्राको लैङ्गिक समता सूचक	१.०७	१.०५	१.०३	१.०१	१.०	१

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	
१	स्थानीय तहहरूमा जोखिममा परेका बालबालिका तथा व्यक्तिको तथ्यांक वडा वाल संरक्षण समिति तथा नगर वाल संरक्षण समिति मार्फत संकलन गरी उनिहरूको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने र सहयोग गर्ने।	पटक	१०	१	१	१	१	१	५
२	विद्यालय बाहिर रहेका तथा शिक्षाको अवसरबाट वञ्चित भएका किशोर किशोरि सहित सबैको कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धि शैक्षिक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गराउने।	पटक	१०	१	१	१	१	१	५
३	विद्यालय बाहिर रहेको सवै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने।	पटक	१०	१	१	१	१	१	५
४	विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने	विद्यालय	५६	१०	१०	१०	१०	४०	१६
५	सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार कार्यगत सिमितता/अपांगता एवं लैङ्गीकमैत्री बनाउने	विद्यालय	३१	१०	५	५	५	२५	६
६	बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्वन्ध विकास, सिकाइमुखि शिक्षण पद्दति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्वन गर्ने।	विद्यालय	५६	५	१५	१०	१०	४०	१६
७	शिक्षकहरूलाई समावेशि शिक्षा र लैंगिक तथा सामाजिक समावेशीकरण सम्वन्धि तालिम दिने	जना	३००	२५	५०	५०	५०	१७५	१२५
८	पाठ्यक्रम तथा सिकाइ सामाग्रीलाई अपाङ्गमैत्री तथा	विद्यालय	३१	५	१०	१०	६	३१	

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	
	लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने।								
९	आजिवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागिहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामाग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका सिकाइ केन्द्रका व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने।	पटक	५	१	१	१	१	१	३
१०	समकक्षाता परीक्षणका लागि बैकल्पिक कक्षा संचालन	संख्या	८			१	१	१	५
११	पाठ्यतक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्द गर्ने।	पटक	६	१	१	१			३
१२	स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सवै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाउने।	पटक	१				१		
१३	विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्वन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने।	विद्यालय	५६	५	१५	१०	१०	४०	१६
१४	पाठ्यक्रम, पाठ्यसामाग्री, विद्यालय वातावरण तथा सिकाइ प्रकृयालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने	पटक	२	०	१	-	-	१	१
१५	विद्यालयमा जोखिममा परेका बालबालिका पहिचान गरी विभिन्न प्रोत्साहन मूलक क्रियाकलाप मार्फत औपचारिक शिक्षा र विद्यालयमा टिकाउने	पटक	४	०	१	१	१	४	-
१६	अभिभावक बिहीन बालबालिकाहरूका पहिचान तथा संरक्षकत्व प्रदान गरी शिक्षा प्रदान गर्ने	विद्यायल	१०	०	१	१	१	४	६

४.३ विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम

४.३.१ परिचय

विद्यालयमा पहुँच बढाउन होस अथवा विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन विद्यालय स्वास्थ्य र पोषणको एकदमै महत्वपुर्ण भूमिका हुन्छ र यो बालबालिकाको विकास र सिकाइसँग प्रत्यक्ष जोडिएको हुन्छ । विद्यालयमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा बालबालिकालाई सिकाइ सहभागिता बढाउन र उपलव्धि सुधार गर्न सहयोग गर्दछ । विद्यालयमा आधारित स्वास्थ्य र पोषण सम्वन्धि कार्यक्रमहरूले विद्यार्थी भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा विचैमा विद्यालय छोड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालको संविधनले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्य सम्वन्धी अधिकारहरू, खाद्य सम्प्रभुता सम्वन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्वन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुता सम्वन्धी अधिकार स्थापित गरेको छ ।

४.३.२ वर्तमान अवस्था

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यन्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हालसम्म संचालन हुँदै आएको छ । हाल सामुदायिक विद्यालयमा पूर्व प्राथमिक देखि ६ कक्षासम्मका सवै विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरीएको छ । दिवा खाजाले शिक्षा, स्वास्थ्य, पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केहि महत्वपुर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन् । यद्यपी नीति तथा नियामक ढाँचा, संगठनात्मक संरचना तथा समन्वय र कार्यक्रम डिजाइन तथा कार्यान्वयनको अवस्था भने सन्तोषजनक देखिदैन । अपर्याप्त बजेटका बावजुत दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न सकेमा आवश्यक बृहत् तथा सुक्ष्म पौष्टिक तत्व समावेश भएका बिभिन्न किसिमका मेनुहरू स्थानीय स्तरमै तयार गर्न सकिन्छ ।

सिमित श्रोत साधनका बावजुद नगरपालिकामा हाल १५ वटा स्वास्थ्य संस्थाहरूले समुदायमा स्वास्थ्य सेवा प्रवाह गरीरहेका छन् । माध्यमिक तहका कूल १० वटा विद्यालयहरूमा स्कूल नर्सको व्यवस्था हुन सकेको छ । नगरपालिकाको पहलमा ५ वर्ष माथिका सबै बालबालिकाहरूलाई वर्षको २ पटक जुकाको औषधि खुवाउने तथा किशोरीहरूका लागि आइरन तथा फोलिक एसिड खुवाउने कार्यक्रम सुचारू रहेको छ । सामान्य प्राथमिक उपचारका लागि सबै विद्यालयहरूलाई प्राथमिक उपचार बाकस उपलव्ध गराई कम्तिमा १ जना शिक्षकलाई प्राथमिक उपचारको तालिम पनि प्रदान गरीएको छ ।

हालसम्म पनि किशोरीहरूमा महिनावारी सम्बन्धी गलत धारणा विद्यमान रहेको तथा यौनिकता एवम् प्रजनन् शिक्षाको अभावमा बाल विवाह गर्ने एवम् किशोरावस्थामा आमा बन्नुपरेका अवस्था देखिन्छ ।

४.३.३ लक्ष्य

- सिकाइ उपलब्धिसुधारका लागि तथा सिकाइमा सहभागिता बढाउन बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउने ।

४.४.४ उद्देश्य

- बालबालिकालाई विद्यालयमा स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्वन्धि सेवाहरूको गुणस्तर वृद्दि गरी बालबाबलिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलव्धिमा सुधार गर्नु।

४.३.५ रणनीतिहरू

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माद्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गर्ने।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्जिङ रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय सरसफाइको प्रबन्ध गर्ने।
- बालबालिकालाई विद्यालयमा प्रदान गर्न सकिने स्वास्थ्य सेवा विद्यालयमा नै उपलव्ध गराउने।
- बृहत्तर यौनिकता शिक्षा मार्फत किशोरकिशोरीमा प्रजनन् तथा शारिरिक स्वास्थ्यका बारेमा जनचेतना अभिबृद्धि गरी बाल बिवाह तथा किशोरी आमा बन्ने बाध्यता कम गर्ने।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिने।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- विद्यालयमा अद्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	आधार वर्ष (२०८१)	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूलाई स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजाको व्यवस्था गर्ने	१	१	१	१	१	५
२	विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्जिङ रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन स्थल, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध	५	१५	१५	१५	६	५६
३	माध्यामिक विद्यालयहरूमा विद्यालय नर्स सहित प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण	२	२	२	२	२	१०
४	पोषण, स्वास्थ्य तथा सरसफाइ सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन	५	१५	१५	१५	६	५६
५	बुक फ्रि डे का दिन पोषण युक्त खाजा तथा सरसफाइ र स्वास्थ्य सम्वन्धि व्यवहारिक कक्षा सञ्चालन गर्ने	५	१५	१५	१५	६	५६
६	कम पोषिला बजारिया खाद्य पदार्थलाई विद्यालय क्षेत्रभित्र प्रवेश निशेध कडाइका साथ लागु गर्ने	५	१५	१५	१५	६	५६
७	विद्यालय क्षेत्रमा हरित विद्यालय निर्माण गर्ने तथा प्लास्टिक निषेध र फोहरलाई कुहिने नहुने फोरह छुट्याइ सहि व्यवस्थापन गर्ने	५	१५	१५	१५	६	५६
८	विद्यालयमा वास मेला सञ्चालन गर्ने जहा खाना खानु अघि र पछि शौचालय प्रयोग गरी सके पछि सहितरिकाले हात खुट्टा धुने तरिका, हाछ्यु गर्ने, खोक्ने माक्सको प्रयोग र महत्ववारे प्रयोगात्मक प्रतिसपर्धा	५	१५	१५	१५	६	५६

	सञ्चालन गर्ने ।						

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	
१	स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास	पटक	२		१				१
२	विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन	पटक	१०	१	१	१	१	१	५
३	दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध	पटक	१०	१	१	१	१	१	५
४	माध्यामिक तह (९-१०) सम्मका सबै बालबलिकाका लागि स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध	विद्यलाय	१०	१	१	१	१	१	५
५	तालिम प्रचार–प्रसार मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप	पटक	१०	१	१	१	१	१	५
६	दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग	पटक	४		१			१	२
७	कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा तथा विभिन्न मोडालिटीहरूको अध्ययन	पटक	२		१				१
८	विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध	विद्यालय	५६	५	१५	१५	१५	६	५६
९	कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था	विद्यालय	१०	१	१	१	१	१	१०
१०	किशोर किशोरीहरूका लागि यौनिकता तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम	विद्यालय	४२	१	१	१	१	१	निरन्तर
११	आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान)	पटक	२०	२	२	२	२	२	१०
१२	विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन	पटक	१०	१	१	१	१	१	५
१३	विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा	विद्यालय	४२	१	१	१	१	१	निरन्तर
१४	बालविकास सहित विद्यालयमा वास मेला सञ्चालन गर्ने जहा खाना खानु अघि र पछि शौचालय प्रयोग गरी सके पछि सहितरिकाले हात खुट्टा धुने	विद्यालय	५६	१	१	१	१	१	निरन्तर

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	
	तरिका, हाछ्यु गर्ने, खोक्ने माक्सको प्रयोग र महत्ववारे प्रयोगात्मक प्रतिसपर्धा सञ्चालन गर्ने ।								

४.४ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता

४.४.१ परिचय

युद्ध, द्वन्द महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरीन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्य व्यक्तिहरूको जिवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्वस्थापन, सामाजिक द्वन्द तथा हिंशा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपत्कालिन तथा संकटपुर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रुपमा स्वीकार गरीएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण, महामारी, युद्ध, द्वन्द व्यवस्थापन आदि कुराहरू समावेश गरीन्छ ।

४.४.२ वर्तमान अवस्था

नीतिगत व्यवस्था

नेपालको वर्तमान संविधानले बालबालिकामाथि हुने सबै किसिमका विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्ट्रय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहार र शोसनबाट मुक्त राख्ने कुरा उल्लेख गरीएको छ । कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ निरन्तरता कायम गरीयो । यसका लागि बिपदमा शिक्षालाई निरन्तरता दिनका लागि सिकाइ सहजिकरण निर्देसिका २०७७ , विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजन २०७७ , विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्वस्तु समायोजन ढाँचा २०७७, एस इ इ नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि २०७७ जस्ता नीतिहरू जारी भएका छन् । शारदा नगरपालिका सल्यानले कोभिड-१९ तथा अन्य महामारीको अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिन प्रतिकार्य योजना बनाई लागु गरेको छ ।

चुनौतिहरू तथा अवसर

आपतकालिन अवस्थामा लागु गरीने पाठ्यवस्तु, छुटटै योजना बनाउने की योजनाको हरेक अंगमा यसलाईर समावेस गर्ने, योजना तत्कालिन बनाउने कि दीर्घकालिन, योजनामा संकटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतिहरू रहेका छन । नेपालको संविधानले सबैलाई अनिवार्य, तथा निशुल्क आभारभूत शिक्षा र माध्यमिक तह सम्म निशुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छत्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र राष्टिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत

राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव, दुर्व्यवहार र शोसणबाट मुक्त राख्ने जस्ता नीतिगत व्यवस्था हुनु आदि अवसरहरू रहेका छन्।

४.४.३ लक्ष्य

- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने

४.४.४ उद्देश्य

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थीक स्रोतको तयारी गर्ने
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने
- अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्ने

४.४.५ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यर पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने
- बिपद एवम् प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने
- कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङकन तथा विश्लेषण गर्ने
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने
- विद्यालयस्तरीय विपद प्रतिकार्य योजना तयार गर्ने
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने

- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने

४.४.६ मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य

उपलब्धि

- आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधकारलाई सुनिश्चित हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य :

क्र.सं.	सूचक	आधार वर्ष (२०८१)	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना निर्माण तथा अद्यावधिक गर्ने	०	१	१	१	१	४
२	विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थानमा शिक्षक विद्यार्थि तथा वि. व्य .स, पि .टि .ए. हरुको क्षमता विकास गर्ने	०	१	१	१	१	४
३	भौतिक, मानवीय र आर्थीक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील बनाउने	०	१	१	१	१	४
४	Real plan निर्माण तथा अद्यावधिक गर्ने	०	२०	१६	१०	१०	५६
५	विपद् तथा प्रकोप उत्थानशिल भवन निर्माण निर्देशिकाको निर्माण, कार्यान्वयन तथा अद्यावधिक गर्ने	०	१	१	१	१	४
६	बालबालिकालाई आधारभूत जीवन-सिप सहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या	०	२०	१५	१५	६	५६
७	हरित विद्यालय सङ्ख्या						
८	जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या	०	२०	१५	१५	६	५६
९	नमुना अभ्यास गर्ने विद्यालय सङ्ख्या	०	२०	१५	१५	६	५६
१०	विपद प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय						
११	विपद समिति गठन र फोकल पर्सन तोकिएका विद्यालय	१६					
१२	जोखिम क्षमता लेखाजोखा गरी जोखिम नंसाङ्कन र मौसमि पात्रो निर्माण गर्ने र सबैले देख्ने ठाउमा राखेका विद्यालय	०	२०	१५	१५	६	५६
१३	विपद प्रतिरोधी विद्यालय भवन प्रतिशत	३०					

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. सं.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	जम्मा	
१	उत्थानसिलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने	पटक	५७०	५७	५७	५७	५७	५७	२८५	२८५

क्र. सं.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	जम्मा	
२	शिक्षक तथा विव्यस तालिम	पटक	१०	१	१	१	१	१	५	५
३	स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण	पटक	२	१					१	१
४	निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समुह निर्माण र परिचालन	समुह	१००	०	२०	२०	२०	२०	८०	२०
५	प्राथमिक स्वास्थ्य उपचारको ज्ञान सहितको स्वास्थ्य शिक्षक/ कार्यकर्ताको व्यवस्था	जना	१०	१	१	१	१	१	५	५
६	हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन	वटा	५७	५७	५७	५७	५७	५७		५७
७	आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षासँग सम्बन्धीत विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने	पटक		१						१
८	शिक्षाका सवै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने	पटक	२	१						१
९	नगरपालिकाका मुख्य प्रकोपहरूमा विद्यालय बालबालिकाहरूको ड्रिल गराउने	संख्या	५७०	५७	५७	५७	५७	५७		२८५

४.५ विद्यालय भौतिक पूर्वाधार विकास

४.५.१ परिचय

बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न विद्यालयको भौतिक पूर्वाधार विकास भएको हुनुपर्दछ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रतिविद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

भौतिक पूर्वाधार विकास अन्तर्रगत सुरक्षित विद्यालय, पढ्नका लागि कोठा, खेल्नका लागि खेलमैदान, चर्पि, सफाइ र पिउनका लागि खानेपानी जस्ता कुराहरू पर्दछन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूरमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, चर्पी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखियुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरीएको छ ।

४.५.२ वर्तमान अवस्था

यस शारदा नगरपालिकामा ५७ वटा सामुदायिक विद्यालयहरू रहेका छन् । यस नगरपालिकाका विद्यालयमा जम्मा ४५ वटा पक्की भवन छन् । ती भवनहरूमा जम्मा २०५ वटा पक्की कक्षाकोठा रहेका छन् भने ६० वटा कक्षाकोठा अपुग छन् । थप ४२ वटा विद्यालय भवनका १९० कक्षाकोठा मर्मत गर्नुपर्ने अवस्थामा छन् भने २० विद्यालयका ४६ वटा कक्षाकोठा प्रयोग गर्न नमिल्ने अवस्थामा छन् । केहि विद्यालयहरूमा प्रधानाध्यापकको लागि बेग्लै कोठा, अलग्गै कम्प्युटर कोठा, चर्पि र खानेपानीको उचित व्यवस्था, स्टाफ कोठा, पुस्तकालय कोठा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप कोठा तथा ल्याव कक्षाको व्यवस्था भएपनि सबै विद्यालयमा त्यसो हुन नसक्दा त्यसको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

संघियता कार्यान्वयन भन्दा अघि तत्कालिन जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापन तथा शिक्षा विभागबाटै विद्यालयमा भौतिक विकासको काम हुनेगरेकोमा हाल कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा रहेको छ भने भवन निर्माणमा संघीय तहबाट तय भएको निर्माणको मापदण्ड अवलम्बन हुँदै अएको छ । जसबाट योजना र कार्यान्वयनमा तालमेल मिल्न सकेको छैन । विद्यालय भौतिक पूर्वाधार विकासका सन्दर्भमा एकरूपता नभएको अवस्थामा के कस्ता संरचनाहरू आवश्यक हुन् र ति आवश्यक पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ ।

४.५.३ लक्ष्य

- सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापन गर्नु
- सबै विद्यालयमा स्वच्छ खानेपानी, पुर्वाधारयुक्त खेलमैदान, सुरक्षित घेरावार साथै छात्र र छात्राका लागि छुट्टा छुट्टै शौचालय निर्माण गर्नु ।

४.५.४ उद्देश्य

- विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु
- गुणस्तरीय र सुरक्षित पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु

४.५.५ रणनीतिहरू

- विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरीने छ।
- पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड विकास तथा अनुशरण गरीने छ।
- विद्यालय पूवार्धार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवम् निकायहरूसँग स्रोत व्यवस्थापनका लागि लागत साझेदारी गरीने छ।
- एक विद्यालयमा पूर्वाधार विकासका सवै कार्य एकैपटक निर्माण गर्नेगरी विद्यालयको सम्पूर्ण निर्माणको अवधारणा विकास तथा कार्यान्वयन गरीने छ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता विकास गरीनेछ।
- सरोकारवाला र अन्तर सरकारविच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पुर्वाधार उपयोग एवम जनशक्तिको उपयोग सम्वन्धी नीति तयार गरी कार्यान्वयन गरीने छ।

४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- प्रत्येक आधारभुत तह (१-५) का विद्यालयमा कम्तिमा ८ कोठा, आधारभुत तह (१-८) का विद्यालयमा कम्तिमा ११ कोठा, माध्यामिक तह (१-१०) का विद्यालयमा कम्तिमा १३ कोठा र माध्यमिक तह (१-१२) का विद्यालयमा कम्तिमा १५ कोठाको फर्निचरयुक्त सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग पुगेको हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य :

क्र.सं.	सूचक	आधार वर्ष (२०८१)	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था निर्माण तथा पुनरनिर्माण गर्ने	१	१	१	१	१	५
२	विद्यालयमा संरचनाहरूको सम्वर्धन तथा मर्मत सम्भारका लागि कार्यविधि तथा निर्देशिका निर्माण तथा अद्यावधिक गर्ने	१	१	१	१	१	५

३	भूकम्प प्रतिरोधी विद्यालय %						
४	नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या						
५	सबलीकरण तथा मर्मत गर्नुपर्ने कक्षाकोठा सङ्ख्या						
६	नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या						
७	बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या						
८	हरित बिद्यालय स्थापना	०	२०	१६	१०	१०	५६

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. सं.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	जम्मा	
१	पूर्वाधार विकास गुरूयोजना निर्माण गर्ने	पटक	२	१					१	१
२	विद्यालय शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको र भुमिका परिभाषित गर्ने	पटक	२	१					१	१
३	एक विद्यालय सम्पूर्ण पूर्वाधार अनुरूप भौतिक पूर्वाधारको विकास गर्ने	विद्यालय	५७	९	१२	१२	१२	१२	५७	५७
४	अपाङ्गमैत्री लैङ्गिक मैत्री संरचनाको विकास	निरन्तर								
५	विद्यालयमा बनेका संरचनाको सम्वर्धन तथा मर्मत सम्भार	विद्यालय	५७	१०	१०	१०	१०	१०	५०	३०
६	बालविकास सहितका विद्यालयहरुमा सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था, बालविकासमा बालमैत्री व्यवस्थापन, बालविकासका पूर्वाधार, पाठ्यक्रम अनुसारको सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने	विद्यालय	५७	१०	१२	१२	१४	१०	५७	५७
७	आधारभूत विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास	वटा	३१	४	५	४	५	५	१९	१२
८	माध्यमिक विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार,	विद्यालय	१०	२	३	२	२	१	१०	१०

क्र. सं.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	जम्मा	
	शौचालय)									
९	उच्च शिक्षा प्रदायक संस्थामा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) विकास गर्न सहयोग गर्ने	सङ्ख्या	२	१	१	२	१	२	२	२

४.६ विद्यालयमा सूचना तथा प्रविधि

४.६.१ परिचय

सबै नागरीकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्येश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच वढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुद्रिढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरीकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाईसुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । तयसैगरी नेपालकोसूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरीएको छ । उक्त शिक्षा नीतिमा

सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरीएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३–२०१७ ले १० हजार विद्यालयमा शिक्षण सकाइका लागि इनटरनेट कनेक्टिभिटीसहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगगर्ने; सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार ग्रने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरीएका थिए।

४.६.२ वर्तमान अवस्था

आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०७७ मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ। शारदा नगरपालिकामा ५ वटा संस्थागत र ४ वटा सामुदायिक विद्यालयहरूमा प्रोजेक्टर र ४ विद्यालयमा स्मार्ट वोर्डको माध्यमबाट शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरीएको छ। सवै विद्यालयहरूमा इन्टरनेट जडानकाको प्रकृया अगाडि बढिरहेको छ । नगरभित्रका हाल ६८ विद्यालयहरूमा इन्टरनेट सुविधा उपलद्वध भएको छ। सवै मावि आधारभूत विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरीएको छ। ५ वटा माध्यमिक तहमा इ हाजिरीको ब्यवस्था गरीएको छ। आर्थीक वर्ष २०८०/८१ मा १८ वटा आधारभूत विद्यालयमा ल्याप्टप प्रदान गरीएको छ। सबै माविहरूमा कम्प्युटर सहायकको ब्यवस्था गरीएको छ। कक्षा ४ देखि कक्षा १२ सम्मका सबै विद्यार्थीहरूको सि यु जी मार्फत सहजीकरण गरीएको छ ।कोभिडको समयमा रेडियो कार्यक्रम, अनलाईन कक्षा (Zoom, Google meet, Microsoft team) तथा सामाजिक संजालमार्फत प्रविधिको प्रयोग गरी सिकाइलाई निरन्तरता दिइएको अवस्था छ।

४.६.३ लक्ष्य

- सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्धन हुने।

४.६.४ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने
- पालिका भित्र कार्यरत सम्पूर्ण शिक्षकहरुलाई सूचना प्रविधिको प्रयोगमा निपुण बनाउने
- सूचना तथा संचार प्रविधिको सकारात्मक प्रयोगका सम्बन्धमा शिक्षक तथा विद्यार्थीमा सचेतना जगाउने
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने

- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने

४.६.५ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरीने
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा सबै शिक्षकहरूको क्षमता विकास गरीने
- विभिन्न कक्षा र विषयका लागि तयार गरीएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरीने
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरीने
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरीने
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरीने

४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	आधार वर्ष (२०८१)	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गरेका विद्यालय	०	१६	२०	१०	१०	५६
२	विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच भएका विद्यलय	०	१६	१५	१५	१५	५६
३	सामुदायि सिकाइ केन्द्र सहित सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएका विद्यालय						
४	सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली						
५	इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या	५६	सबै	सबै	सबै	सबै	५६
६	कम्प्युटर ल्याव भएका विद्यालयको संख्या	५६	सबै	सबै	सबै	सबै	५६
७	कम्प्युटर शिक्षकको व्यवस्था भएको विद्यालयको संख्या						
८	कम्प्युटर ल्याबको लागि छुट्टै कोठा व्यवस्थापन भएका विद्यालयको संख्या						
९	शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या						
१०	ई-लाइवेरी स्थापना भएको विद्यालयको संख्या	०	२०	१६	१०	१०	५६
११	मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या	०	२०	१६	१०	१०	५६
१२	व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या	०	२०	१६	१०	१०	५६
१३	विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या	५६	सबै	सबै	सबै	सबै	५६
१५	आफ्नै वेबसाइट हुने बिद्यालय संख्या	०	१६	२०	१०	१०	५६

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	जम्मा	
१	विद्यालयमा ICT संरचना विस्तार	वटा	५६	१०	१०	१०	१०	५	४५	१२
२	प्रत्येक विद्यालयमा Internet	विद्यालय	५६	१०	१०	१०	१०	३	४३	१४

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
				१	२	३	४	५	जम्मा	
	Connectivity को व्यवस्था									
३	शिक्षकहरूको क्षमता विकास	प्रतिशत	१००	२०	२०	२०	२०	२०	१००	१००
४	विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता	विद्यालय	५६	५	१०	१०	५	१५		१२
५	IEMIS व्यवस्थापन	पटक	५६	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		निरन्तर
६	सामुदायिकसिकाइ केन्द्रहरूका परिचालिकाहरूको क्षमता विकास	पटक	१०	१	१	१	१	१		५
७	विद्यालमा इ हाजिरी व्यवस्थापन	वटा	५७	१५	१०	१०	१०	१२		५७
८	माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन	मावि		सवै	सवै	सवै	सवै	सवै		
९	प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन	वटा	५७	५	५	५	५	५		३२
१०	प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था	जना	५७०	५७	५७	५७	५७	५७		२८५
११	सवै विद्यालयलाई IEMIS व्यवस्थापन तालिम	पटक	१०	१	१	१	१	१		५
१२	प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागि साप्ताहिक रेडियो शिक्षा कार्यक्रम	पटक	२६०	४८	४८	४८	४८	४८		निरन्तर

परिच्छेद – ५: उच्च शिक्षाको व्यवस्थापन

५.१ अवधारणा

मानिसलाई बाँच्नका लागि गाँस बास र कपास चाहिन्छ, त्यसरी नै बर्तमान परिप्रेक्ष्यमा विश्वसँग प्रतिष्पर्धा गरी समयानुकूल अगाडी बढ्न र सफलता प्राप्त गर्न नभई नहुने चिज हो, शिक्षा । विज्ञान र प्रविधिको यो युगमा कसैले शिक्षा विना अगाडी बढ्छ भन्छ भने त्यो दिवा स्वप्न मात्र हो । प्रतिष्पर्धात्मक युगमा शिक्षामा दिन प्रतिदिन आइरहेको परिवर्तनमा त नपढीकन जिवन चलाउँछु भन्नु कोरा कल्पना मात्र भएकोले नै हामीले विकासको मेरुदण्डका रुपमा शिक्षालाई राखेका छौं ।

नेपालको शैक्षिक इतिहासको कुरा गर्दा बि.सं. १९०३ मा जंगबहादुर राणाले शासन सत्ता हातमा लिएर बेलायत भ्रमण पछि अंग्रेजी शिक्षाबाट प्रभावित भई बि.सं. १९१० मा अंग्रेजी प्रारम्भिक स्कुल (दरबार हाइ स्कूल) को स्थापना गरेपछि शिक्षाको थालनी भएको पाइन्छ । पहिलो कलेजका रुपमा त्रिचन्द्र कलेज स्थापना भएको छ । त्यसपछि समयसापेक्ष राजनीतिक, आर्थीक र सामाजिक परिवर्तनसँगै शिक्षामा पनि विस्तारै परिवर्तनहरु देखा परे । विद्यालय, कलेज खुल्ने क्रम बढे । २०४६ साल पछिको राजनीतिक परिवर्तनपछि मुलुकको सर्वाङगीण विकासका लागि शिक्षा महत्वपूर्ण आवश्यक्ता मनन गरीयो र, नेपालको शिक्षामा नीजि क्षेत्रलाई प्रवेश दिइयो । फलस्वरुप बर्तमान अवस्थामा नेपालको शिक्षा प्रणालीमा सरकारी, निजी र अन्तराष्ट्रिय गरी तीन तहबाट अध्ययन अध्यापन हुने गरेको पाइएको छ । बर्तमान शिक्षाको अवस्थानेपाली शिक्षाले स्थापनाको १७२ वर्ष लामो यात्रा तय गर्दा यसको विकासक्रम लाई सरसर्ती नियाल्दा विश्व परिप्रेक्षमा हामी अहिले पनि कछुवाकै गतीमा अगाडी बढिरहेका छौं । देशभर निजी, सरकारी र अन्तराष्ट्रिय तहका विद्यालय, कलेज र विश्वविद्यालयहरुको उपस्थिति रहेको छ । जसमा गुणस्तरीय शिक्षाको कुरा गर्दा निजी तह र अन्तराष्ट्रिय तहबाट दिइने शिक्षाको तुलनामा सरकारी स्तरबाट प्राप्त शिक्षा कमजोर भएको छ । अहिले हामीसँग ९ ओटा पूर्ण विश्वविद्यालय सहित देशभर उच्च शिक्षा दिनखोलिएका कलेजहरुको संख्या हज्जारौंको संख्यामा रहेको छ । जसमा उच्च शिक्षाकै लागि भनेर खोलिएका कलेज र विश्वविद्यालयहरुको संख्या पनि कम छैन । परीक्षा प्रणालीलाई लेटरग्रेडिङ प्रणालीमा लैजानु, विश्वविद्यालय तहमा समेष्टर प्रणाली लागु हुनु, प्रयोगात्मक शिक्षण विधिलाई आत्मसात गर्नु बर्तमान शिक्षा प्रणालीका उपलब्धी हुन् । अहिले संरचनागत कुरा गर्दा नेपालको शिक्षा प्रणाली आधारभूत, माध्यामिक र विश्वविद्यालयगत रुपमा सञ्चालनमा आएको छ । जहाँ निजी, सरकारी गरी लाखौं विद्यार्थीहरु गुणस्तरीय शिक्षाका लागि अध्ययनरत छन् ।

नेपालको शिक्षाको संरचनामा माध्यमिक तह पश्चात विश्वविद्यालय स्तरबाट प्रदान गरीने शिक्षालाई उच्च शिक्षा मानिन्छ। उच्च शिक्षाले देशको आर्थीक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारउन्मुख तथा गुणस्तरीय उच्च तहको जनशक्ति उत्पादन गर्ने उद्देश्य राखेको हुन्छ । माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र क्षमताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुका लागि विभिन्न क्याम्पस तथा विश्वविद्यालयले उच्चस्तरको शिक्षा दिइरहेका हुन्छन् । नेपालमा उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । नेपालको संविधान,२०७२ ले महिला, दलित तथा अपाङ्गता भएका र आर्थीक अवस्था कमजोर भएका नागरीकहरुलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भनी नागरीकको मौलिक हकमा व्यवस्था गरेको छ । साथै संविधानले केन्द्रीय विश्वविद्यालयहरुलाई संघीय सरकारको र प्रदेश स्तरका विश्वविद्यालयहरुलाई प्रदेश सरकारको अधिकार सूचीमा राखेको छ । हालको सन्दर्भमा उच्च शिक्षालाई गुणस्तरीय बनाई त्यसमा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षालाई समय सापेक्ष रूपमा विकास र विस्तार गर्नु आजको आवश्यकता हो । कुनै पनि देशले विकासमा फड्को मार्नका लागि त्यस देशका उच्चस्तरीय दक्ष जनशक्तिको अहम भूमिका रहेको हुन्छ । त्यसका लागि उच्च शिक्षालाई विशिष्टिकृत बनाइनुपर्छ जसले गर्दा विद्यार्थीले

आफ्नो रुचिको विषयमा उच्च स्तरको विशेष ज्ञान, सीप र दक्षता हासिल गर्न सक्छन र ती उत्पादित जनशक्तिबाट देश र समाजले अनेकौँ फाइदा पाउन सक्छन्। तर नेपालमा अहिले आवश्यकताको पहिचान नगरी रहरमै विद्यालयहरुमा क्याम्पस खोल्ने प्रबृत्तिले एकातिर उच्च शिक्षाको गुणस्तर खस्कदै गएको छ।

यस खण्डमा उच्च शिक्षामा समावेशी पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि शारदा नगरपालिकाको उच्च शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरीएको छ।

५.१.१ वर्तमान अवस्था

शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने, उच्च शिक्षालाई सिपसँग आवद्ध गर्ने प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरू वृद्धि गर्दै लैजानु पर्ने सन्दर्भमा उच्च शिक्षालाई व्यवस्थित गर्दै लैजान सरकारका साथै निजी क्षेत्र, सहकारी, गुठि, स्थानीय निकाय एवैम समुदायलाई समेत उत्तरदायी बनाइ समग्र शैक्षिक प्रक्रिया तथा कार्यक्रमहरुलाई प्रभावकारी, सान्द्रभिक र गणस्तरिय बनाउन पर्ने आवश्यकि छ। उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्न हरेक उच्च शिक्षा प्रर्दायक संस्थाहरूको न्यूनतम दायित्व भित्र पर्दछ। शैक्षक संस्थाहरू निश्चित मापदण्ड गुणस्तरयुक्त शिक्षा प्रर्दान गर्ने उत्कृष्ट प्राज्ञिक थलो हुने स्थापित मान्यता स्वरुप गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन (Quality Assurance and Accreditation-QAA) प्रणालीको थालनी भएको छ। यस प्रणालीलाई सदृढ एवम् सबल बनाइ सबै उच्च शिक्षा प्रर्दायक संस्थाहरूलाई समेट्नेगरी प्रणालीगत विकास गर्ने कार्य अझै बाकि नै छ। उच्च शिक्षालाई गुणस्तरीय बनाइ समतामूलक पहुँच सुनिश्चित गर्न र आधुनिक,ज्ञान,सिप विज्ञान, कला एवम प्रविधिमा दक्ष, प्रतिश्पर्धि जनिशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रुपमा विकास र विस्तार गर्न गर्न आवश्यक छ। नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपछि विदेशी उच्च शिक्षा प्रर्दायक संथथाहरू तथा तिनका सम्बन्धनमा उच्च शिक्षा संस्थाहरू खुल्ने क्रम बढेको छ। यस क्रममा हाल सञ्चालनमा रहेका र भविष्यमा खोलिने उच्च शिक्षा प्रर्दायक संथथाहरूको विकास, व्यवस्थापन र नियमनका लागि उच्च शिक्षा नीति २०७२ तर्जुमा गरीएको छ। देशको आर्थीक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारउन्मुख तथा गुणस्तरीय उच्च तहको जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ हाल यस शारदा नगर नगरपालिका त्रिभुवन विश्वविद्यालयवाट सम्बन्धन प्राप्त श्री सल्यान बहुमुखि क्याम्पस र श्री शिवजन क्याम्पस शितलपाटी क्याम्पस सञ्चालनमा रहेको छ। श्री सल्यान बहुमुखि क्यापसमा बाणिज्य मानविकि संकाय मा स्नातक र स्नाकोत्तर तहमा तहको अध्यापन भइरहेको छ भने श्री शिवजन क्याम्पस शितलपाटी बाणिज्य शिक्षा मा स्नातक र स्नाकोत्तर तहको अध्यापन हुने गरेको छ उक्त क्याम्पसमा नेपाली, अंग्रेजी, जनसंख्या शिक्षा र स्वास्थ्य तथा शारिरीक शिक्षा जस्ता विषयहरु अध्यापन हुँदै आएको छ। यहाँ ४१८ जना छात्र र ७३४ जना छात्रा अध्ययनरत छन भने पूर्णकालीन रुपमा २२ जना र आँशिक रुपमा ९ जना प्राध्यापकहरुले अध्यापन गराउनुहुन्छ। महिला प्राध्यापकको संख्या नरहेको उक्त क्यामपसको प्राध्यापक विद्यार्थि संख्या १:३६ र क्याप्पस प्राध्यापक संख्या १५.५ रहेको उक्त क्याम्पसलाई भौतिक रुपमा सुबिधा सम्पन्न बनाएर गुणस्तरीय उच्च शिक्षा प्रदायक संस्थाको रुपमा विकसित गर्नु आजको आवश्यकता रहेको छ। २०७१ साल सम्मको तथ्याङ्क अनुसार उच्च शिक्षा प्रर्दायकका रूपमा ९ ओटा विश्वविद्यालयहरू र ४ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू रहेका छन्। नेपालि उच्च शिक्षाको विकास र विस्तरमा सरकारका साथै समुदाय र निजी क्षेत्रको लगानी र प्रयास रहेको छ। यसका लागि लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभातगि, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्वविद्यालयबाट आयस्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि स्थानीय निकाय, समुदाय र निजी क्षेत्रहरूलाई पनि उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गररएको छ। यसको परिमाणस्वरुप हाल उच्च शिक्षा प्रर्दान गर्ने १२७६ क्याम्पसहरू मध्ये ९६ ओटा आङ्गिक क्याम्पसका रूपमा र ४२९ ओटा समुदायबाट सञ्चालित छन भने ७५१ ओटा निजी लगानीमा सञ्चातलि छन। अहिले नेपालको उच्च शिक्षाको कुल भर्नादर १७.१ % पुगेको छ।

उच्च शिक्षामा भर्ना ज्यादै खुकुलो हुनु, क्याम्पसहरु जागिर खोज्ने वा जागिरमा बढुवा हुन चाहनेहरुका लागि प्रमाणप्रत्र वितरण गर्ने संस्थाका रुपमा मात्र संचालित भएको गुनासो सुनिनु, सञ्चालित क्याम्पसबाट स्थानीय समुदायको आवश्यकता अनुसारका अध्ययन अनुसन्धानका कामहरु भएको नपाइनु, नियमित कक्षाहरु संचालन हुन नसक्नु, उच्च शिक्षामा गरीब, दलित, अपाङ्गता भएका तथा सामाजिक रुपमा पछाडि पारिएका समुदायको पहुँच पुग्न नसक्नु, जस्ता विविध समस्याहरुका कारण उच्च शिक्षा गुणस्तरीय बन्न नसकिरहेको सन्दर्भमा सम्बन्धित क्याम्पस व्यवस्थापन समिति, सम्बन्धन दिने विश्वविद्यालय र अध्यापकहरुसँग विचार विमर्स गर्नु आवश्यक छ । शारदा नगरपालिका क्षेत्रभित्र संचालित माध्यमिक तहबाट कक्षा १२ उत्तीर्ण भएका करिब ५० प्रतिक्शत भन्दा कम विद्यार्थीहरुले उच्च शिक्षाका लागि स्थानीय क्याम्पस हरुमा अध्ययन गरेको पाइन्छ। नगरपालिका भित्र संचालन भएका त्रिभुवन जना मा वि लुहपिंग, शिव जन मा वि शितलपाटी र नेत्रलाल बहुप्राविधिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण भएका प्राविधिक धारका विद्यार्थीहरुले उच्च शिक्षा अध्ययन गर्नका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेकोले नगल्पलिका भित्र प्राविधिक धार तर्फ उच्च शिक्षा प्रदान गर्ने संस्थाको आवश्यकता देखिन्छ। तसर्थ हाल संचालित दुइवटा क्यम्पस मध्ये एउटालाई साधारण धार तर्फ र अर्कोलाई प्राविधिक धर तर्फ विकसित गर्नुपर्ने देखिन्छ। दुवै क्याम्पसमा पर्याप्त स्रोत नहुँदा शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षको व्यस्थापन गर्न कठिनाइ छ। त्यसको लागि अति आवश्यक क्षेत्रमा नगरपालिकाले नियमित सहयोग गर्नुपर्ने देखिन्छ।

चुनौती तथा अवसर

उच्च शिक्षा अध्ययनका लागि क्याम्पस स्थापना र सञ्चालन गरीएता पनि त्यसलाई गुणस्तरीय उच्च शिक्षा प्रदायक केन्द्रको रुपमा विकास गर्नु, क्याम्पसको सुधारका लागि भौतिक पूर्वाधार र आर्थीक लगानीको प्रवर्धन गर्नु, शिक्षणका लागि दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नु, युग अनुकुलको गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उच्च शिक्षाका केन्द्रहरू स्थापना गर्नु, उच्च शिक्षालाई व्यावसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारीको न्यूनीकरण गर्नु; उच्च शिक्षालाई उत्पादन र आर्थीक उपार्जनसंग जोडनु, उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई रोजगार सिर्जना गर्नु,क्या म्पस मार्फत स्थानीय प्राकृतिक स्रोत साधन र मौलिक कला संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्नु, सङ्ख्यात्मक रूपमा उच्च शिक्षा प्रर्दायक संस्थाहरुको विस्तार भएको देखिएतापनि उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न नसक्नु जस्ता चुनौतीहरु विद्यमान रहेका छन् । भौगोलिक विकटता र विविध समस्याका बाबजुत पनि यस क्षेत्रमा क्याम्पस व्यवस्थापनका लागि यस शारदा नगरपालिका समेत वार्षिक रुपमा लगानी गर्नु, यस क्षेत्रमा उच्च शिक्षा अध्ययनका लागि क्याम्पस स्थापना हुदाँ यहाँबाट बाहिर गएर अध्ययन गर्न नसक्नेहरुका लागि घर नजिकै उच्च शिक्षा अध्ययन गर्न पाउनु जस्ता तथ्यहरुलाई उच्च शिक्षाको अवसरका रुपमा लिन सकिन्छ ।

५.१.२ उद्देश्य

यस योजनाले उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने लक्ष्य पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू तय गरेको छ :

- ✓ उच्च शिक्षामा सबै वर्ग,लिङ्ग र जात तथा समुदायका नागरीकहरुको समावेशी पहुँच अभिबृद्धि गर्नु,
- ✓ उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ,
- ✓ सामाजिक र आर्थीक विकासका लागि युग सुहाउँदो, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्नु,
- ✓ माध्यमिक तह पुरा गरेका विद्यार्थीहरुका लागि प्राविधिक र साधारण धारको उच्च शिक्षाको अवसर स्थानीय तहमा नै प्रदान गर्ने।
- ✓ ३. स्थानीय तहलाई आवश्यक पर्ने उच्च शिक्षा प्राप्त जनशक्ति परिपुर्ति गर्ने।

५.१.३ रणनीति

- ✓ नगरपालिका भित्रका विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने।
- ✓ खुला एवं दूर शिक्षा लगायतका व्यस्थामार्फत उच्च शिक्षामा पहुँच बृद्धिका लागि आवश्यक पहल गर्ने।
- ✓ उच्च शिक्षामा महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता एका नागरीक एवम् आर्थीक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउनका लागि आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने।
- ✓ उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने।
- ✓ विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसरहरु उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने।
- ✓ यस पालिका अन्तर्गत सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- ✓ नगरपालिका रहेका विद्यार्थीहरुलाई स्थानीय क्याम्पसमा पढ्ने वातावरण सृर्जना गर्ने
- ✓ दरवन्दी सिर्जना गरी तथा थप विषयको सम्बन्धन प्राप्त गर्ने व्यवस्था मिलाइ विद्यार्थीको इच्छा अनुसार विषयहरु छनौट गरी अध्ययन गर्न पाउने व्यवस्था गर्ने
- ✓ उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।
- ✓ उच्च शिक्षाको विकासका लागि सार्बजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी गर्ने कार्यलाई प्रोत्साहन गर्ने।
- ✓ आर्थीक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

५.१.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

उच्च शिक्षामा समावेशी पहुँच अभिबृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र. सं.	सूचक	आधारवर्ष २०८१	२०८१ /०८२	२०८२ /०८३	२०८३ /०८४	२०८४ /०८५
१	शारदा नगरपालिका कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीहरुको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच पुगेको संख्या	५४३	१०८६	१६२९	२१७२	२७२५

२	कक्षा १२ उत्तीर्ण गरी स्थानीय क्याम्पसमा भर्ना हुने विद्यार्थीको प्रतिशत	५१०	१०२०	१५३०	२०४०	२५५०
३	नगरपालिका भित्र उच्च शिक्षा प्रदायक संस्थाको स्थापना	०	-	१	-	-
४	नगर नगरपालिका सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन	०	१	१	१	१
४	उच्च शिक्षा उत्पादन र आर्थीक उपार्जनसँग जोडिएका कार्यक्रम समन्वयत्मक ढंगबाट सञ्चालन	०	२	३	४	६
५	उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि का लागि अन्तरक्रिर्यात्मक कार्यक्रम संचालन	०	२	३	४	५

प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	भौतिक लक्ष्य (५वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
				२०८१	२०८२	२०८३	२०८४	२०८५	जम्मा	
१	भूगोल र विद्यार्थीको माग तथा आवश्यकताका आधारमा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको स्थापना गर्ने	संख्या	२	०	१	_	-	-	१	१
२	उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुको न्यूनतम भौतिक पूर्वधारको विकास गर्ने	संख्या	२			१		१	२	
३	उच्च शिक्षामा दक्ष,क्षमतावान र कर्तव्यनिष्ठ तथा पेशाप्रति समर्पित जनशक्तिको व्यवस्थापन गर्ने	संख्या			१			१	२	
४	उच्च शिक्षा अध्ययनका लागि अपाङ्गता भएका तथा आर्थीक रुपले विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गर्ने	संख्या		२	२	२	२	२	१०	
५	उच्च शिक्षामा अंग्रेजी, गणित तथा विज्ञान विषयका कार्यक्रमहरु सञ्चालन	माग अनुसार		√	√	√	√	√	√	
६	उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना निर्माण गरी	पटक	५	०	१	१	१	४	१	

	कार्यान्वयन गर्न सहयोग गर्ने									
७	उच्च शिक्षामा विभिन्न साझेदार निकायहरुको लगानी तथा साझेदारी वृद्धिकालागि कार्यविधि तथा नीति निर्देशिकाको निर्माण /अद्यावधिक	पटक	१	१	१	१	१	१	५	
८	उच्च शिक्षालाई श्रम, स्वरोजगारसंग जोड्ने कार्यक्रम साथै कार्यविधि मापदण्ड निर्माण तथा कार्यान्वयन	पटक	०	१				१	निरन्तर	
९	क्याम्पसहरुमा पर्याप्त लगानीका लागि स्थानीय तहले संघ र प्रदेशमा समन्वय , सहकार्य गर्ने		निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		निरन्तर	
१०	अति आवश्यक क्षेत्रमा स्थानीय तहले क्याम्पसहरुलाई आर्थीक स्रोतको व्यस्थापन गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		निरन्तर	

परिच्छेद – ६: सुशासन तथा व्यवस्थापन

६.१ संस्थागत क्षमता वकास

६.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थाग्त् संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरीएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरीएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

यस योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगरपालिका शिक्षा समिति, वडा शिक्षा समिति, नगरपालिका शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय तथा शिक्षा शाखा मातहतका विभिन्न समितिहरू मुख्य संयन्त्रका रुपमा रहेका छन्। शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरीएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरीएको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरीएको छ।

६.१.२ वर्तमान अवस्था

शारदा नगरपालिका अन्तर्गत रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना शिक्षा अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दीमा काम भैरहेको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थीक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरीएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमति बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण नियमित गर्ने गर्दछन्।

विद्यालयमा नागरीक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ ।

त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरीएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरीरएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरीएको छ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको कानुन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकरवालाहरूबाट आइरहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरी काम गरीरहेका छन्। शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भइ विद्यालयहरूमा शिक्षक पेशागत सहयोगको पद्दति नै टुटेको अवस्था छ। सरकारका विभिन्न तहहरू विच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ भने नतिजा प्रतिको जवाफदेहीतामा सुधार गर्नुपर्ने छ।

६.१.३ लक्ष्य

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्धन गर्ने

६.१.४ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्नु,
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु,

६.१.५ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने।
- जनशक्तिको प्रेरणात्मक विकासको लागि कार्यक्रम संचालन गर्ने।

६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य

उपलब्धि:

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने।

प्रमुख नतिजा:

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
३. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने
४. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य(५ वर्ष)						भौतिक लक्ष्य(१० वर्ष)
				१	२	३	४	५	जम्मा	
१	शैक्षिक कार्य सम्पादनका लागि आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास	संख्या		१	१				२	
२	संस्थागत संरचनाहरू गठन, पुनर्गठन तथा भैरहेकाहरूको कार्यसम्पादन गर्ने	पटक		१	१	१	१	१	५	
३	प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने	विद्यालय								
४	शिक्षाका संरचनामा सम्वद्द पदाधिकारीहरूको क्षमता विकास (विव्यस, सिअसंघ र वडा शिक्षा समिति सम्वद्द पदाधिकारी)	पटक			१	१	१	१	४	
५	प्रधानाध्यापक तथा शिक्षा शाखा कर्मचारीको क्षमता विकास तालिम	संख्या			३०		३०		३०	
६	वडा तथा नगर शिक्षा समितको क्षमता विकास तालिम	पटक		१	१	१	१	१	५	

क्र. स.	प्रमुख क्रियाकलाप	इकाइ	लक्ष्य	परिमाणात्मक लक्ष्य(५ वर्ष)						भौतिक लक्ष्य(१० वर्ष)
				१	२	३	४	५	जम्मा	
७	शिक्षा शाखाका कर्मचारी ता संस्थागत संरचनाका पदाधिकारिहरूको क्षमता विकासका लागि तालिम, गोष्ठि, सेमिनार तथा भ्रमण	पटक		१	१	१	१	१	५	

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

६.२.२ वर्तमान अवस्था

शारदा नगरपालिका अन्तर्गत रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना शिक्षा अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दीमा काम भैरहेको छ । शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण बजेटको सुनिश्चितता तीन तहका सरकारबीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरू आवश्यक देखिन्छ ।

६.२.३ लक्ष्य

- शारदा नगरपालिकाको शिक्षा क्षेत्रमा सुधार गर्ने ।

६.२.४ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।

६.२.५ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने ।
- विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

६.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य

उपलब्धि:

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवद्र्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य :

क्र सं	सूचक	आधार वर्ष (२०८१)	२०८२	२०८३	२०८४	२०८५	जम्मा
१	माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	०	१०	१०	१०	१०	१०
२	आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	०	१०	५	५	१	३१
३	लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या	४५	११	-	-	-	५६
४	विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या	५६	-	-	-	-	५६
५	प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या	३०	१०	१०	६	-	५६
६	विद्यालय सुधार योजना निर्माण र कार्यन्वयन गर्ने विद्यालय सख्या	५६	-	-	-	-	५६

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						कैफियत
			१	२	३	४	५	जम्मा	
१	बार्षिक बजेट तथा कार्यक्रम निर्माण	पटक	१	१	१	१	१	५	
२	आवश्यक कानुन निर्देशिका तथा	पटक	१					१	

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						कैफियत
			१	२	३	४	५	जम्मा	
	कार्यविधिको विकास								
३	कानुन निर्देशिका मापदण्डको प्रवोधिकरण	पटक	१			१		२	
४	विद्यालय सुधार योजना निर्माण तथा एवम् अद्यावधिक	पटक	१	१	१	१	१	५	
५	एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण	पटक	१	१	१	१	१	५	
६	शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तर्क्रिया	पटक	१	१	१	१	१	५	
७	अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्वन्धी कार्यक्रम संचालन	पटक	१	१	१	१	१	५	
८	सामाजिक परिक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजिकरण	पटक	१	१	१	१	१	५	
९	योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने	पटक	१	१	१	१	१	५	

६.३ अनुगमन तथा मूल्याङ्कन

६.३.१ परिचय

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरु अवस्था सँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी बसेको पाइन्छ । आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मूल्याङ्कन को एउटा पद्धतिको रुपमा मजबुत गर्ने कार्य गरीयो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था , उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मुल्याङकाको व्यवस्थासहितको बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरीयो । अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति रुपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरुप ठीक सँग भइरहेका छन् वा छैनन् भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्धारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मुल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक ,सक्षम ,लाभदायक र प्रभावकारी देखिएका छन भन्नेबारे व्यवस्थित रुपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो । यहाँ भन्न खोजिएको तथ्य अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य नगर शिक्षा योजना, विद्यालय शिक्षाको प्रादेशिक योजना र विद्यालय शिक्षाको क्षेत्रगत येजनाले किटान गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्य अनुरुपका उपलब्धिहरू पत्ता लगाई ती सुचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो ।

६.३.२ वर्तमान अवस्था

ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्नेर क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरीने छ

। सङ्घमा शिक्षा तथा प्रविधि मंत्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन । शारदा नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्बन्धीत निकायबाट अनुगमन गरीनेछ । अनुगमन प्रकृया तपशिल बमोजिम हुनेछ ।

क्र. स.	अनुगमन गर्ने निकाय	अनुगमन प्रकृया	जिम्मेवारी	अनुगमन समय	अनुगमन सूचक
१	वडा शिक्षा समिति	अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन	संयोजक	मासिक	आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन
२	नगर शिक्षा समिति		संयोजक	मासिक	
३	वडा कार्यालय		अध्यक्ष तथा पदाधिकारी	मासिक	
४	पालिका		अध्यक्ष, पदाधिकारी र तोकिएका अधिकारी	त्रैमासिक	
५	शिक्षा विकास तथा समन्वय इकाइ		एकाइ प्रमुख	वार्षिक	
६	जिल्ला समन्वय समिति		प्रमुख तथा पदाधिकारी	वार्षिक	
७	शिक्षा अधिकृत वा तोकिएको अधिकारी		शिक्षा, युवा तथा खेकलुद शाखा प्रमुख	मासिक	
८	नगरपालिका शिक्षा शाखा		शिक्षा, युवा तथा खेकलुद शाखा प्रमुख	मासिक	
९	शिक्षा तथा मानव श्रोत विकास केन्द्र		तोकिएको अधिकारी	वार्षिक	
१०	प्रदेश शिक्षा विकास निर्देशनालय			वार्षिक	
११	पालिका स्तरका विज्ञ समूह		शाखा प्रमुख	मासिक	
१२	विव्यस र शिक्षक अभिभावक सङ्घ			नियमित	
१३	नागरीक समाज तथा गैर सरकारी सङ्घ संस्था			मासिक	

६.३.३ लक्ष्य

- शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

६.३.४ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने
- स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्ने
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्नेरसुधार गर्ने
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने

- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने।

६.३.५ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरीने छ
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरीने छ।
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरीने छ
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरीने छ
- योजनाकाआगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरीने छ
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरीने छ
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरीने छ
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरीने छ
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने छ
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरीने छ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरीने छ

६.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य

उपलब्धि:

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

प्रमुख नतिजा:

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			१	२	३	४	५	जम्मा	
१	नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने	पटक	१	१	१	१	१	५	सङ्घ, स्थानीय तह
२	आफुले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
३	कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन	पटक	३	३	३	३	३	१५	सङ्घ, प्रदेश र पालिका
४	स्थिति प्रतिवेदन तयार गर्ने	पटक	१	१	१	१	१	५	सङ्घ तथा प्रदेश
५	विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण गर्ने	पटक	१	१	१	१	१	५	कक्षा ३,५ र ८, १०,१२
६	कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA) सञ्चालन गर्ने	पटक	१	१	१	१	१	५	सङ्घ, स्थानीय तह, NEGRP
७	विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने	पटक	१	१	१	१	१	५	
८	विद्यालयहरूको सामाजिक परिक्षण	पटक	१	१	१	१	१	१	
९	विद्यालयहरूको लेखा परिक्षण	पटक	१	१	१	१	१	१	
१०	रोष्टर विशेषज्ञहरूको व्यवस्थापन र परिचालन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
११	विज्ञ समुह, विद्यालय सुपरीवेक्षक तथा शिक्षक सिकाइ समुह मार्फत, शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण	पटक	६९	६९	६९	६९	६९		
१२	प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		

क्र. स.	प्रमुख क्रियाकलाप	लक्ष्य इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			१	२	३	४	५	जम्मा	
१३	सिकाइमा आधारित मुल्याङ्कन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
१४	प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण	पटक	१	१	१	१	१	५	
१५	स्थानीय तहद्वारा कक्षा अनुगमन	पटक	२	२	२	२	२		

परिच्छेद -७: लगानी र स्रोत व्यवस्थापन

७.१ लगानी र स्रोत व्यवस्थापन

७१.१ परिचय

सबै नागरीकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संबैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढँगले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा संघीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याइ तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ। आर्थीक तथा सामाजिक विकासका लागि नगरपालिकाले आन्तरिक तथा वित्तीय हस्तारण भई आएका विभिन्न स्रोतबाट बजेटको सुनिश्चिता गरीएको छ। शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने मान्यतालाई नगरपालिकाले आत्मसात गरी बजेटमा प्राथमिता प्रदान गर्दै आएको छ। सर्सत र निसर्त अनुदानबाट बजेट तथा कार्यक्रम सञ्चालन गर्न सकिने संवैधानिक तथा नीतिगत व्यवस्था रहेको छ।

शिक्षा क्षेत्रको विकास र उन्नयका लागि थुप्रै चुनौती पनि रहेका छन्। सीमित स्रोतसाधन र असिमित आवश्यकताको सम्बोधन गर्नु प्रमुख चुनौती रहेको छ। कमजोर पूर्वाधारको विस्थापन गरी सुविधासम्पन्न पूर्वाधारको निर्माण गर्नु पनि चुनौती रहेको छ। कार्यान्वयन संयन्त्रको क्षमता विकास र सबलीकरण गर्नु पनि अर्को चुनौतीका रूपमा देखापरेको छ। थुप्रै चुनौतीका साथ अवसरहरु पनि छन्। नेपालको संविधान र सोको कार्यान्वनयका लागि बनेका ऐन, नियमावली, नीति तथा कार्यक्रममार्फत प्राप्त अधिकार र संरचनाहरूको विकास हुनु अवसर रहेको छ। शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहनु पनि शिक्षा क्षेत्रको विकास गर्ने अवसर हो।

७१.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय

अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ११ हजार ३ सय ७४ रहेको छ । तिहारको भैलोदेखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

दशवर्षे नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सघींय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सघं सस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरीनेछ ।

७१.३ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने

७१.४ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने
- पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने
- उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

७१.५ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरीने
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरीने
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरीने
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरीने
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने

७१.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य

उपलब्धि:

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने ।

क्र.	विद्यालय शिक्षाका मुख्य तथा	योजना	भौतिक लक्ष्य (५ वर्ष)	श्रोत आँकलन

- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

प्रमुख नतिजा:

- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।
- उपलब्ध स्रोतको अनुमान र विश्लेषण
    - अपेक्षा र नीतिका आधारमा अनुमान
    - स्रोतको उपलब्धताको अनुमान
- प्रस्तावित कार्यक्रम र बजेट अनुमान
    - प्रस्तावित बजेटमा नपुग स्रोत पुरागर्ने उपाय

७१.७ लगानी प्रक्षेपण

शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा विभिन्न क्षेत्रबाट ५ वर्षको अवधिमा प्राप्त हुने अनुमानित बजेट (रू. हजारमा)

क्र.स.	वित्तीय श्रोतको व्यवस्थापन	कूल बजेट	जम्मा हिस्साको प्रतिशत	कैफियत
१	संघीय सरकार	२८३३२९५	७०.५	
२	प्रदेश सरकार	१००००	०.८	
३	स्थानीय सरकार	४४३५४३	७.५	
४	अभिभावक तथा समुदाय	१००००	०.८	
५	सङ्घ संस्था तथा दातृनिकाय	१०००००	७.५	
६	स्थानीय दाता तथा अन्य श्रोत परिचालन	५०००	०.४	
७	अपुग रकम	१६६८८६	१२.५	
	जम्मा	**१३४१८८६**	**१००**	

श्रोत: नगरपालिका आर्थिक प्रशासन शाखा

७.२ वत्तीय योजनाको सारांश

			1	2	3	4	5	सङ्घ	प्रदेश	स्थानीय तह	अन्य
